# भूमिअधिकार अभियानकर्ताहरूको राष्ट्रिय भेला

गैडाकोट, नवलपरासी
१५-१७ पौष २०६६

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
**धापासी**

# भूमिअधिकार अभियानकर्ताहरुको राष्ट्रिय भेला - १५-१७ पौष २०६६

**भेलाको उदेश्य :**

१ देशभरी छरिएर रहेका अभियानकर्ताबीच भेटघाट, चिनजान र आफ्ना अनुभव बाँडचुँड गर्ने अवशर जुटाउने ।
२ भूमिआन्दोलनको तत्कालिन स्थानीयदेखी राष्ट्रिय परिवेश र अभियानकर्ताको भूमिका र जिम्मेवारी विषयमा छलफल गर्ने ।
३ अभियानकर्ताको कामलाई उपलव्धीमूलक बनाउन केही बैचारिक विषयमा बुझाई बढाउने ।

## पहिलो दिन (१५ पुस, २०६६)

### स्वागत मन्तव्य : अर्जुन वन

*"कलम चले अक्षर हुन्छ कवि मरे कविता, धनि मरे श्रद्राञ्जिलि गरिब मरे रमिता"* त्यसैले हामी गरिब भूमिहिन पक्षमा लड्ने यौद्धाहरु हौ । यो अभियानलाई कसरी अगाडी लान सकिन्छ भनेर यो भूमिअधिकार अभियानकर्ताहरुको राष्ट्रिय भेला आयोजना गरिएको हो । यसले भोलीको दिनमा हाम्रो अभियानलाई कसरी सञ्चानल गर्ने भन्ने विषयमा मार्ग दिर्नेशन दिने र बिभिन्न ठाउँमा भएका र हामीले भोगको समस्या केही सफलताहरु प्रस्तुत हुने छ । यो भेलालाई सवैको सहयोगले छलफल गरिने छ भन्ने विश्वास राख्दछु । यो टिम अझ अगाडी बढ्ने छ । गोलबन्द हुनेछ । अरु अभियानकर्मीहरु उत्पादन गर्ने छौ भन्दै आजको योकार्यक्रममा यहाँहरुलाई स्वागत गर्दछु । धन्यवाद ।

### परिचय

कार्यक्रम एउटा औपचारिक ढंगले सुरु गरिएको थियो । आत्मनिर्भर केन्द्रका अध्यक्ष रोशन चित्रकारले फूलका गुच्छा केही अभियानकर्तालाई दिएर कार्यक्रम सुरु गरिएको थियो । प्रत्येक अभियानकर्ताले आफ्नो हातमा भएको फूलको गुच्छा अर्को अभियानकर्तालाई दिई परिचय गरिएको थियो ।

### जनमुखी शिक्षा अभ्यासमा अभियानकर्ता

- रोशन चित्रकार

शिक्षा समुह नेपालले यस्तै काम गरेर हिन्छ । आयोजना चलाउने होइनकि अब यस्तै तालिमहरु चलाउने । जनमुखी शिक्षाको अवधारणा प्रर्वधन गर्ने र जनमूखी शिक्षामा लागेका मान्छेहरु, शिक्षकर्मीहरु, अभियानकर्ताहरु

र आन्दोलनकर्ताहरुलाई एक ठाँउमा ल्याएर, अलिकति विचारमञ्चहरु खडा गरेर, विचारहरुको आदान-प्रदान गर्ने । जनमूखी शिक्षा सम्बन्धी, काम गरेको व्यक्तिहरुको पनि केहि संकलन भइसकेको छ ।

जनमुखी शिक्षा र सामाजिक न्याय मिश्रित सामाजिक न्याय, यो जोडिएको विषय हो । त्यसले हामीलाई जोड्छ जस्तो लाग्छ । त्यसकारण जनमुखी शिक्षालाई बुझ्ने र यसको सम्बन्ध सामाजिक न्यायसंग कस्तो छ र त्यो सामाजिक न्याय र जनमूखी शिक्षाको भूमिअधिकार, भूमिसुधार सम्बन्धी के कुरा छ । सामाजिक न्यायकै ढाँचा के हो त ? यसलाई कस्तो ढाँचाले परिचालित गरिएको छ त ? सामाजिक न्यायको कुरा पञ्चायत कालमा पनि गरिन्थ्यो त्यो भन्दा अगाडी राण कालमा पनि गरिन्थ्यो होला । तर त्यो ढाँचालाई बुझ्नु निकै आवश्यक छ । त्यसकारण यो ठीक यो बेठीक होइन कि, यो एउटा प्रयास बुझ्ने हो । सामाजिक न्यायलाई नै विभिन्न किसिमबाट बुझ्न सकिन्छ भन्ने हो । उत्पीडितको सिकाई त्यसपछि उत्पीडित मान्छेको उन्मुक्तिको लागि गर्ने सामाजिक न्याय क्रियाकलाप हुन्छ । त्यो विभिन्न किसिमबाट गर्न सकिन्छ । त्यसलाई मुख्यतः सामाजिक न्यायको दष्टिकोणबाट हेर्ने हो ।

जनमूखी शिक्षाको कुरा गर्दा, अधिकारमा आधारित सिकाई र अभ्यास । जस्तै अब भूमि सम्बन्धी कुरा गर्दा भूमि प्राप्ती, जनमूखी शिक्षाले यही प्रवर्धन गर्छ । भूमि प्रप्त गर्नु पर्छ, भूमि नभएको मान्छेले, एउटा व्यक्तिले आफ्नो जीवन मात्रै नभई पुर्खौं पुर्खा देखि कृषिमा आश्रित भएर बिताएको छ । पुर्खौं पुर्खा देखि भूमिहीन भएर जग्गा कमाई आएको छ र त्यस्ता आश्रित भएर आफ्नो जीवन पालन गर्दै आएको छ । त्यो व्यक्तिको भूमि हुनुपर्छ भन्ने मान्यता पक्कैपनि जनमूखी शिक्षाको छ । भूमिहीन किसानको नैसर्गिक अधिकार हो भन्ने अधिकार सम्बन्धी कुरा गर्छ । त्यस्तै गरी प्राकृतिक श्रोत जस्तै जल, जमिन, जंगलमा समानुपातिक पहुँच हुनुपर्छ । यो चाहि प्रकृतिको श्रोत हो यसमा कुनैपनि समुदाय, समुह ,व्यक्तिले एकाधिकार गर्न हुन्न भन्ने कुरामा जनमूखी शिक्षाले मान्यता राख्दछ ।

सामाजिक न्यायको सिद्धान्तमा आधारित रहेर अधिकार प्राप्तीको लागि अभियान र अध्ययनरत रहनुपर्छ भन्ने कुरा गर्छ । सामाजिक न्यायको मतलब छैन, कसैलाई मार्का परोस मतलब छैन, भूमिहीनले भूमि पाउनुपर्‍यो जसरी पनि भन्ने खालको कुरा गर्ने हो । अथवा सामाजिक न्यायलाईपनि सुनिश्चित गर्दै जाने हो । जनमूखी शिक्षाले यस्तै कुराहरु गर्छ । खबरदारी गर्छ । न्याय भन्दैमा खोसेर लिइने होइनकि अहिंसा को बाटोमा जानुपर्छ । अहिंसानै मूल मन्त्र हो । अस्तीको सुकुम्बासी घटनामा प्रहरी र सुकुम्बासीबीच जुन घटना भयो । त्यस्तो खालको हृदय विदारक घटनाहरु हेर्न नपरोस भन्ने खालको कुरा गर्छ जनमुखी शिक्षाले । बन्द, हडताल गर्दा खेरी मान्छेको हालत के भएको थियो, आफ्नो अधिकार प्राप्तीको लागि अर्काको अधिकार हनन भयो । अलिकति ठुला कुराहरु सोचनुपर्छ अलि सानो सानो कुरालाई आखाँ छोप्नुपर्छ भन्ने कुरा गर्छ ।

जनमूखी शिक्षाले उन्मुक्तिको कुरा गर्दाखेरी, उत्पीडित मान्छेको कुरा मात्रै होइन । पाउलो फरी ब्राजीलको शिक्षाकर्मी हुनुहुन्छ । उहाँपनि जनमूखी शिक्षाकै प्रर्वधन हो । उहाँले उत्पीडित व्यक्तिहरुको शिक्षा सम्बन्धी कुरा गर्नु भएको थियो । उहाँको कृतिमा के देखिन्छ भने उन्मुक्ति भनेको चीज खाली उत्पीडित भएको व्यक्तिको मात्रै होइन । पीडकहरुको उन्मुक्तिको पनि कुरा गर्नुपर्छ हामीले । पीडकको अर्थ हो जसले अरुलाई पीडा दिई राखेको छ । जसले भूमि कब्जा गरेर भूमिहीनलाई शोषण गरी राखेको छ । ति व्यक्तिहरुपनि स्वतन्त्र छैन । उत्पीडनबाट मुक्त छैन । सधैंभरि डर हुन्छ उनिहरुलाई पनि । त्यो डरबाट छुटकारा दिनुपर्छ भन्ने कुरा गर्छ । त्यसकारण जनमुखी शिक्षाले बृहत हितको कुरा गर्छ ।

सामाजिक रुपान्तरणको कुरा गर्छ । यो समग्र आर्थिक विकासको लागि भूमिहीनले भूमि प्राप्त गर्ने आन्दोलनमा लागिरहेका छौं । त्यो गर्ने क्रममा भूमि प्राप्ती पछि के गर्ने त भन्ने अलि पछि सम्मको कुरालाई जनमूखी शिक्षाले प्रर्वदन गर्छ । जस्तैकि जति जमिन छ , त्यसबाट कति उत्पादन हुन सक्छ ? कति ज्ञान आफुलाई न होला । कतिपय विशेषज्ञले भन्नुपर्ने कुराहरु हुन्छ होला । हामीले भूमिअधिकारबाट बञ्चितहरुलाई संगठित

गरेका छौं । संगठित भएर अहिले सम्म थाहा भएका कुराहरु जस्तै धर्ना गर्नु भएको छ , आफ्नो नाममा जमिन दर्ता गर्ने काममा निकै प्रयास गर्नुभएको छ । सफलता पनि पाउनुभएको छ । त्यो जमिनको कुरा एकातिर छ तर आर्थिक समुन्नतिको लागि गर्नुपर्ने कामहरु हामीले गरी रहेको छैनौंकि ? अझै गर्न बाकी होला ? संगठित भएपछि त्यो संगठनको शक्तिलाई आर्थिक विकासको लागि परिचालन गर्ने । जब सम्म आर्थिक विकास हुन्दैन, तबसम्म भोका मान्छेको पेटमा अन्न पस्न गाह्रो हुन्छ । जमिन प्राप्तीले मात्रै खानापनि प्राप्त होला भन्न सकिन्न । जनमूखी शिक्षाले अलि सहभागीमूलक प्रकियालाई बढावा गर्छ र समाजपनि समावेश हुनुपर्छ भन्ने कुरा प्रर्वधन गर्छ ।

जनमूखी शिक्षाको कुरा गर्दा, साक्षरताको कुरा गर्दा, निरक्षर व्यक्ति जसले अभियानमा लागेर प्लेकार्ड बोकेर हिँडी राखेको छ । यस्ता अर्तवार्ताहरु टेलीभिजनमा देख्नपाईन्छ । गाँउ गाँउबाट मान्छे आएको छ आन्दोलनमा र अभियानमा लागेको छ । तपाईहरुको प्लेकार्डमा के लेखेको छ भनेर सोध्दा वहाँहरु भन्न सक्नुहुन्न । किनभने उहाँहरु पढ्न सक्नुहुन्न र लेख्नसक्नुहुन्न । पढ्न-लेख्न सक्ने मान्छेले पनि त्यो बुझेका हुन्न । त्यसकारण यो आलोचनात्मक ज्ञान हुनुपर्ने त्यो नभई राखेको हुनसक्छ । त्यसकारण साक्षरताको वृद्धि हुनैपर्छ । तर साक्षरताको विकासपनि एउटा तरिकाबाट हुनुपर्छ । केटा केटीलाई पढाए जस्तो प्रोढलाई गराउने, क, ख, ग गराउने , कन्ठ गराउने , जीवनमा आधारित न गराउने, यस किसिमले साक्षरताको प्रर्वधन हुन्दैन । साक्षरता भन्नाले जीवन जीविका संग गाँसेको हुनुपर्छ । प्रोढको सिक्ने भावनासंग मिलेको हुनुपर्छ । वहाँहरुले सिक्ने सिद्धान्तमा आधारित हुनुपर्छ । जनमुखी शिक्षा सम्बन्धी धेरै कुराहरु गर्न सकिन्छ ।




कुनैपनि अभियान वा आन्दोलनलाई बुझ्नु त्यसको स्वरुप देखाई राखेको चीज हरुलाई कसरी बुझ्ने त ? त्यसको सिकाई प्रक्रिया के हो त ? त्यसमा आधारित अन्तरनित पाठ्कम के हो ? के पाठ्कमले त्यसलाई दोहोर्‍याएको छ ? यो विद्यार्थीको मात्रै हुन्दैन हामीले हरेक काम पाठ्कममा आधारित भएर गरेको हुन्छौं । त्यो एउटा ढाँचा हो । कुनै ढाँचाले हामीलाई ठेलेको हुन्छ । यसलाई कसरी बुझ्ने र कुनै अभियान कसरी अगाडि बढेको छ, भन्ने कुरामा मैले यहाँ तीन वटा कुरा रखेको छु । कुन नियतबाट संचालित छ र के के कुरा प्रस्तुत गर्छ । अभियान वा आन्दोलनले के कुरा उद्धार गर्छ , त्यसपछि कस्तो कियाकलापमा संलग्न हुन्छ र के के कियाकलाप गरि राखेको हुन्छ ?




उद्देश्य हाम्रो एउटै हो । खास गरेर हामी भूमिअधिकार आन्दोलनमा केन्द्रित रहँदा उद्देश्य एउटै छ । तपाईहरुले जुन किसिमले अभियान र आन्दोलन गर्नुभएको छ । त्यबाट एक दुई वटा कुरा स्पष्ट देखिएको छ । हिंसाको पक्षमा कहिलेपनि देखिएन, हामीले धर्ना गर्‍यौ । त्यसकारण नियत एक किसिमले स्पष्टै छ ।

अधिकार प्राप्तीको क्रममा अर्काको अधिकार हनन नहुने काम गर्नुभएको छ । तीस पैंतीस सालको पञ्चायत कालमा भन्ने गर्दथ्यो शोषण रहित समाजको परिकल्पना गर्ने गरेको छ भनेर । पञ्चायत व्यवस्थाले त्यो गरेको थियो । उनीहरुको लक्ष्य थियो शोषण रहित समाजको परिकल्पना । त्यसमा केहि नियत देखिन्थ्यो ? सामाजिक रुपान्तरणको कुरा गर्दथ्यो । पञ्चायतकालको व्यवपक बहस हुन्थ्यो ।

आर्थिक समुन्नती र भूमिसुधारको कुरा गर्दथ्यो त्यसबेला । राजा महेन्द्रको पालामा भूमिसुधार नीति ल्याएको थियो । त्याहाँको अन्तरनिहित विषय वस्तुलाई हामीले बुझेका छ कि छैनौं ? त्यत्तिबेलाको व्यवस्था कतिको समानुपातिक थियो ? एक भाषा एक देश हाम्रो राजा हाम्रो देश भन्ने गरेको थियो । गरिब र्निमुल गर्ने भनेर नारा लगाउथ्यो । तैपनि त्याहाँ नेपाली भाषा सबैले बोल्नैपर्ने, अरु भाषा त्यत्ति प्रचलित थिएन । शोषणको पद्दतिको नियत के थियो भने अलिकति ठालुमुखी संस्कारलाई कायमै राख्ने, त्यसलाई निरन्तरता दिने खालको थियो । जस्तो सुकै समानताको कुरा गरेपनि ठालुहरु ठालुमुखीनै थिए र जे जति क्रियाकलाप हुन्थ्यो । बढी केन्द्रित शोषण पद्दति थियो । मान्छेहरु कतिको स्वतन्त्र थियो ? स्वतन्त्र अभिव्यक्ति कतिको हुनु पाउँथ्यो ? वाक स्वतन्त्रको पनि कुरा गर्दथ्यो । प्रेस स्वतन्त्रताको पनि कुरा गर्दथ्यो । तर प्रर्दशन के हुन्थ्यो भने सुरक्षा कानून बन्थ्यो । नबोली नै ६ महिना जेलमा लगेर थुनी दिन्थ्यो । त्यही हो त्याहाँ देखिने चीज । गरिराख्नुभएको काम । वाक स्वतन्त्रता तर पञ्चायतको विरुद्ध बोले देखि केहि कानून नभएपनि सुरक्षा कनून छ जेलमा हाल्ने । त्यस किसिमले मान्छेहरु जेल गएको । जेल गएर हराएको धेरै उदाहरणहरु हामीसंग छ । मान्छे जति ठुला आदर्शका कुरा गरेतापनि नियत के हो त त्यसलाई बुझ्न निकै आवश्यक छ । त्यसबेलाको शोषण पद्दतिको क्रियाकलाप एकतन्त्रित राज व्यवस्था थियो । पार्टीहरु बनाउन पाइन्दैन थियो । कुनैपनि आन्दोलन त्यत्ति सशक्त ढंगले चलेको थिएन । विधार्थी संगठन थियो । राष्ट्रवादी विद्यार्थी मण्डल भनेर एउटै संगठन थियो । अतिनै संरचित थिए । पहुँच धेरै माथि सम्म थियो । उनिहरु नै मन्त्री हुन्थे ।

२०६२-६३ को आन्दोलनलाई हिन्सात्मक भन्ने या नभन्ने छुट्टयाउन गाह्यो हुन्छ । तर अहिन्सात्मक आन्दोलनै थियो । दुर्भाग्यवश केहि ब्यक्तिहरु शहिद हुनुभयो । गोली एता उता चल्यो । तर जुन किसिमको परिवर्तन देखियो । यसमा समग्र रुपमा अहिंसात्मक आन्दोलन हो भन्न मिल्दैन । कुनैकिसिमले आन्दोलित भएपछि त्यहाँ हिंसा भडकेको थियो । मान्छेले ढुँगा मुढा गर्नुपर्ने आवश्यत्ता पनि परेको थियो । त्यसलेनै ल्यायो परिवर्तन । आन्दोलन ठीक र बेठीक भन्दा पनि यो अहिंसात्मक हुनुपर्छ भन्ने सिद्धान्त हो । यो सिद्धान्त बाट नै हामी संचालित हुनुपऱ्यो ।

शिक्षमा अनुसन्धान भन्ने वास्तवमा हामीले गरीराखेकै काम हो । कार्यगत अनुसन्धान भन्ने एउटा शब्द छ । अनुसन्धानमा के भनिन्छ भने यो अलि संयन्त्रात्मक खोज हो । यो एउटा प्रक्रिया अपनाएर गरिने खोज हो । अनुसन्धान अलि औपचारिक ढँगले गरिन्छ । संयन्त्रमा बसेर खोज गर्ने । त्यसको अभिलेख गर्ने र त्यसलाईनै एउटा ज्ञान उत्पादनको विषय बनाउने । ज्ञान हामीले उत्पादन गरी राखेका छौं । अब औपचारिक किसिमले ज्ञानको भण्डार बनाउने । अनुसन्धानले यसमा अझ थप्ने काम गर्छ । अनुसन्धानले एउटा रुपान्तरणको काम गर्छ । अनुसान्धानको सिद्धान्तले अनुसन्धान गर्दा अलि एकत्रित भएर गर्नुपर्छ । त्यसै सरासरी हुन्दैन भन्ने खालको कुरा गर्छ । एउटा विषय लिनुपर्छ त्यसमा गहिराईमा गएर र्मम बुझ्ने । अनुसान्धान गर्दा विभिन्न कुराहरु आउछ । कुन दृष्टिकोणबाट हेरिएको छ ? के कुराको खोजी गरी राखेको छ । देखिएको कुरा के के छ ? नदेखिएको कुरा के के छ र आशय के हो ? नियत के हो ? अवधारणा के हो ? यो सबै कुराको खोज गर्ने काम हुन्छ अनुसन्धानमा । अनुसन्धान गर्दा पहिला त सवालनै थाहा पाउनुपर्छ । जेसुकैमा गर्छु भनेर हुँदैन । काम लाग्ने खालको अनुसन्धान गर्नुपर्ने हुन्छ र उक्त विषयमा अनुसन्धान गर्ने विधि के हुनसक्छ ? अनुसन्धान विधि विभिन्न छन । सर्वे गर्ने अनुसन्धान हुनु सक्छ । घटना अध्ययन गर्ने, कार्यगत अनुसन्धान गर्ने । आफुले के काम गरेको छ त्यो काम सम्बन्धी छलफल गर्नलाई बैठक गरिन्छ । जसरी अहिले गरी राखेका छौं । यो पनि एक किसिमको कार्यगत अनुसन्धान हो । तर अनुसन्धाको लागि प्रयोजन गरेको हैन । कहिले काहि

अनुसन्धानलाई नै प्रयोजन गर्नुपर्ने हुन्छ । गाँउमा गरिरहेको भेटघाट, अभिलेखन, छलफल, संस्लेषण, त्यसको आधारमा सिकाईहरु निकाल्ने र सिकाईको आधारमा भावी योजना बनाउने । वास्तवमा आधारभुत कुरा त्यहि हो । कार्यगत अनुसन्धानको ।

सवालको पहिचान गर्दा वा कुनैपनि कुराको जानकारी प्राप्त गर्दा कस्तो किसिमको जानकारी प्राप्त गर्ने भन्ने कुरा मानव रुचीमा भर पर्छ । मान्छे हरुले कसरी सिक्न चाहन्छन त ? जर्मन फिलोजोफर जनरल हर्गवासले भने अनुसार मान्छेहरुले कसरी सिक्न चाहन्छन त ? अनुसन्धान मार्फत के सिक्न चाहन्छन त ?  मान्छेले जेमा रुची हन्छ त्यही सिक्न चाहन्छ । मान्छेलाई जे रिजल्ट चाहिन्छ त्यहीनै ज्ञान हुन्छ । मान्छेले संसारलाई कसरी हेरी राखेको छ ? किन हाम्रो यहाँ विभिन्न किसिमका पार्टीहरु छन ? हरेक पार्टीले आफ्नो पार्टीको अवधारणा बनाएको हुन्छ । वहाँहरुको लागि त्यसमा मिल्ने ज्ञाननै ज्ञान हो । आफ्नो पार्टीको विभिन्न सिद्धान्तसंग मिल्ने त्यो नै वहाँहरुको रुचीको विषय हो । त्यसकारण जत्ति पनि सामाग्री भेटिन्छ । त्यही कुरा पुष्टि गर्ने सामाग्री अगाडि ल्याउन चहान्छन् । अनुसन्धान त्यसैमा गर्न चाहनहुन्छ उहाँहरु । त्यसकारण मानव रुची र ज्ञानको एकदम अन्तरनिहित सम्बन्ध हुन्छ । मान्छेको रुचीसंग आधारित हुन्छ । हामी सबैजना भूमिमा अधिकार सुनिश्चित गर्न रुचि राख्ने ब्यक्ति हौं । त्यसकारण हामीले खोजी गरेको विषय के हो भन्दा के गर्दा भूमिअधिकार सुनिश्चित हुन्छ ? फेरी हाम्रो नियतको कुरापनि छ । हामी अहिंसाको बाटोमा लागेका छौं । कुन कुन ठाउँमा भूमिअधिकार प्राप्त भएको छ । त्यसमा हाम्रो बढी रुची हुन्छ । कस्तो प्रकिया अपनाएको कार्यक्रमले बढी सफलता प्राप्त गरिएको छ । त्यस्तो खोजीको विषय नै हाम्रो रुचीको विषय हुन्छ । यो रुचीको कुरा गर्ने कारण हामी अभियानमा लागेका छौं जो जमिनमा श्रम गर्छ त्यसलाई खेती गर्ने जमिन छैन । पुस्तौ पुष्तौ देखि पीडित छन् । त्यसकारण अहिलेको हाम्रो आवश्यता भनेको जमिन लिने हो । जमिन हात पार्ने हो । अब त्यो जमिन हात पार्नेपनि विभिन्न प्रक्रिया हुन्छ । जमिन चहिने पनि तीन प्रकिया लेखेखिएको छ ।

**१. भौतिक उद्देश्य प्राप्तिको रुची** : जमिन चाहिएको छ , जसरी भएपनि । आन्दोलन गरेर हुन्छ कि, गुण्डागर्दी गरेर हुन्छ कि । सवाल के छ भने जे जसरी भएपनि पाउनु पर्‍यो । भौतिक सुविधा पाउनैपर्‍यो । मान्छे जसले काम गर्छ त्यसलाई पृथक राख्ने खाली वस्तुसंग मात्रै सम्बन्ध राख्ने । त्यो वस्तु प्राप्त हुनुपर्‍यो । ज्ञान भन्ने कुरा त्याहाँ छ । त्यो ज्ञान प्राप्त गर्न सकिन्छ । कुनै प्रकियाबाट जान पर्दैनु , ज्ञान हो प्राप्त हुन्छ । त्यो खालको अवधारणामा भौतिक उद्देश्य प्राप्तको रुची परिचालित हुन्छ ।

**२. व्यवहारिक सन्तुलनको रुची** : कोही मान्छेहरु बढी ज्ञानको प्रर्वधन गर्न चाहन्छ जसले बढी द्वन्दहरु नगर्ने । बाजा, संगीत संग मान्छे नाच्न रुचाउँछ, गीत गाउन रुचाउँछ । संगीत संग बग्ने र ज्ञान प्राप्त गर्ने । त्योपनि एउटा तरिका हो ।

**३. सामाजिक रुपान्तरणको  रुची** : थाहा पाएर  पुग्दैन, ज्ञान भएर मात्रै पुग्दैन । ज्ञानको उपयोग हुनुपर्‍यो । रुपान्तरण हुनुपर्‍यो । भूमि नभएको मान्छेको अधिकार मात्रै होइन कि, उत्पीडित भएको मान्छेको उत्पीडनलाई निर्मूल पार्ने हो कि । जसले उत्पीडन गरी राखेको छ । उनीहरुको उत्पीडन बाट मुक्ति दिने हो । समाजलाई एक किसिमले रुपान्तरण गर्ने । नयाँ समाज बनाउने । त्यसकारण अनुसन्धान गर्दा एउटा दृष्टिकोणले खोजीराखेका हुन्छौं, अर्को दृष्टिकोण नदेखि राखेका हुनुसक्छ । हामीले भूमि प्राप्तीको लागि यो तीन प्रकारको विधि अप्नाएको हुन्छौं ।

आफूले गरेका काम, कार्यक्षेत्रको आधारमा पनि अनुसन्धानको विषय निकाल्न सकिन्छ । यो अनुसन्धान गर्नुपर्ने आवश्यकता किन आयो । आफ्नो कियाकलापहरु, आफ्नो अभियानको जुन काम गरिएको छ । आफ्नो थलोमा त्यसलाई अझ शसक्त बनाउन सकिन्छ । अनुसन्धानको प्रश्न वा सवालको पहिचान के विषयमा अनुसन्धान गर्ने त ? कसरी पहिचान गर्ने ? र के मा आधारित भएर गर्ने ? यो विभिन्न परिवेशहरु छन् । त्यसमा आधारित भएर हामी अनुसन्धानको विषय पहिचान गर्न सक्छौ ।

अर्को कार्यगत अनुसन्धान प्रकिया । कुनै पनि काम गर्दा हामी एउटा मुद्दामा गर्ने भन्ने हिसाबमा सहमती हुनुहुन्छ र गाउँमा भेला, छलफल गर्नुहुन्छ । त्यसको आधारमा आफ्नो कार्ययोजना तयार गरिन्छ । कार्यान्वयन गरिन्छ । कार्यान्वयन गरे पछि के भयो त ? एउटा महत्वपूर्ण काम के गरिएको छ । नयाँ नयाँ विषयमा काम गर्दै जाँदा कहाँ पुगियो । एक तहबाट माथिल्लो तहमा चड्नै पर्छ । योजना तयार गर्नुभयो, कार्यान्वयन गर्नुभयो त्यपछि आएर संश्लेषण गर्नुभयो यसलाई अंग्रेजीमा Reflection भनिन्छ । त्यो Reflect गरीसकेपछि के हुन्छ भने हामीले गरेको काम कतिको उपलब्धीमुलक भयो । के मा हामी चुक्यौ त्यो जम्मै कुरामा लेखाजोखा गरीसकेपछि अबको हाम्रो काम कस्तो हुनुपर्छ त्यसबाट सिकाईहरु लिईसकेपछि त्यो सिकाईको आधारमा भावी कार्ययोजना बन्छ ।

भावी कार्ययोजना के हो भने पहिलाको परिवेश भन्दा पछिल्लो परिवेश परिवर्तित एउटा नयाँ परिवेशमा काम गर्न सक्नुहुन्छ । जब तपाईले आफूले गरेको कामलाई राम्रो संग लेखाजोखा गर्नुभयो, संश्लेषण गर्नुभयो र त्यसको आधारमा नयाँ कार्ययोजना बनाउनुभयो भने अब गर्ने काम भनेको अर्कै उचाईमा गएर काम गर्न सक्नुहुन्छ । यो प्रकिया निरन्तर प्रकिया हो । यसबाट कमसेकम तपाईले थाहा पाउनुहुन्छ हामी कहाँ पुग्दैछौ । कहाँबाट शुरु गरेका हौ र हाम्रो प्रविधिको बाटोमा एउटा ठोस किसिमबाट हाम्रो उपलब्धी यो हो भनेर संख्यात्मक, गुणात्मक किसिमबाट तपाइहरुले भन्न सक्नुहुन्छ । त्यसको फाइदा ।




अर्को कार्यमुलक अनुसन्धान प्रकियाको एउटा सिद्धान्त तयार भएको छ । यसलाई निरन्तरता दिनुपर्छ । यसलाई अहिकति systematic किसिमबाट गर्नुपर्ने हुन्छ अभिलेख गर्नुपर्ने, छानबिन गर्नुपर्ने र अनुभव गर्ने । अनुभव के गर्नुपऱ्यो भने हामी त्यो स्पाइरलबाट माथि माथि जादैँ हुनुहुन्छ । तपाईहरुको पहिलेको परिवेश भन्दा अहिलेको परिवेश फरक छ । सुधारिएको छ भन्ने खालको कुरा अनुभव हुन सक्नुपऱ्यो । त्यसलाई लेखाजोखा गरेर, अभिलेखित गरेर खाली मुखले मात्र भनेर होइन कि अभिलेखनको हिसाबले claim गर्न सक्नुहुन्छ, । हाम्रो परिवेश यस्तो थियो अब हामी यस्तोमा पुगीसकेका छौ । फरक परिवेशलाई पहिचान गर्दै अगाडि बढ्ने हो ।

जोन डि. बी भन्ने व्यक्ति चाहि एउटा शिक्षाकर्मी मान्छे हो । १९१० मा उनी निकै प्रगतीशील शिक्षामा थिए । उनले के भनेका थिए भने अभ्यासकर्ता कि व्यवसायिक अनुसन्धानदाता । उनी व्यवसायिक अनुसन्धानदाताको विरोधी हो वास्तवमा । जसले अभियान गर्छ त्यो व्यक्ति नै अनुसन्धानकर्ता हुनुपर्छ उनले शिक्षकको सन्दर्भमा भन्नुभएको हो । शिक्षक भनेको आफै अनुसन्धानकर्ता हुनुपर्छ कसैले अनुसन्धान गर्दैको आधारमा उनले आफ्नो शिक्षण पेशामा शिक्षकविदहरु अंगाल्ने, पाठ्यकम ल्याउने त्यस्तो होइन उनी आफ्नो लागि आफैले गर्नुपर्छ भन्ने कुरा हो ।

## समुह कार्य

**समूह चिन्तनमनन**

**१. अभियानकर्ताहरुले समुदायमा गरेका ३ देखी ५ वटा रचनात्मक काम (तोकिएको)**

| समुह | पस्तुती |
|---|---|

| | |
|---|---|
| डडेल्धुरा र बैतडी, | • अभियानर्कताले बाढी पहिरो पीडितहरुलाई सामुदायिक वनमा बसाल्ने काम गरियो, वन समिति र स्थानीय नेताहरुसंग सहमती गरेर ।<br>• विकास अनुदान रकम बचाएर समुदायका पीडितलाई आयआर्जनको लागी समुहले सहयोग गरेको, विकास कार्यमा जनश्रमदान गर्ने ।<br>• क्षेत्रगत भेला गरेर भूमिसुधार संगसंगै कृषिसुधार कार्यक्रम सञ्चालन गर्ने ।<br>• गा.वि.स.मा ९० हजार अनुदान रकम संकलन ।<br>• समुहका सबै सदस्यहरुले आफ्नो घर नभएका एकल महिलाको घर बनाई आफ्नो घरमा बस्ने व्यवस्था मिलाएको ।<br>• स्थानीय शान्ती समितिको योजनामा भूमिको सवालमा क्षेत्रगत छलफल गर्ने योजना पास गरेको छ । |
| कैलाली र कञ्चनपुर | • **महिलाहरु द्धारा बैठकघर निर्माण**<br>- मनोहरा सामुदायिक वन धनपा-७ मा प्राकृतिक श्रोतमा आफ्नोपनि समान अधिकार दाबी गर्नै तिल्की भुमिअधिकार मञ्चले वन समितिबाट निःशुल्क काठ र २ कट्ठा जग्गा माग गरी बैठकघर निर्माण गरिएको छ ।<br>- आफुसंग काठ ढुवानी गर्ने साधन नभएकोले समुहका महिलाहरुले स्थानीय जमीन्दारको १ बिघा खेतमा धान काटी जमीन्दारको डल्लपबाट काठ ढुवानी गरी बैठक निर्माण,<br>- नगरपालिकामा डेलिगेशन गई ४८ थान कर्कटपाता ल्याएको र बेस संस्थामाबाट खानेपानीको लागि नल ल्याएको ।<br>• **संगठनद्धारा काठे पुल निर्माण**<br>- मसुरिया-८ पेरहनीका २ संगठनले स्थानीय सामुदायिक वनबाट काठ माग गरी कटैनी खोलामा ५० मीटर लामो पूल निर्माण गरेका छन ।<br>- कैलालीको धनगढीमा आयोजित भूमिअधिकार सभा कार्यक्रममा भूमि आयोगका सदस्यहरु बलदेवराम र गणेश वि.क. लाई जिल्लाका भूमिहीन द्धारा खाली कागज उपहार दिई उक्त कागजलाई महिला पुरुषको संयुक्त नाममा लालपूर्जा बनाएर ल्याई दिन अनुरोध गरेका थिए ।<br>- २२ वटा संगठनको परिवेश विश्लेषण गरी स्थानीय सवाल उठाउँदै कञ्चनपुरको ५ गाविसमा धर्ना गर्ने काम र सरोकारवाला संग लिखित सहमति लिने । त्यही विषयमा जिल्ला प्रशासन, भूमिसुधार कार्यालय, पालपोत कार्यालयमा धर्ना गर्ने र लिखित सहमति लिने । |
| बाँके, बर्दिया र सुर्खेत | • जमिन्दारलाई थाहानै नदिएर जोताहालाई ५० प्रतिशत मोही जमिन प्राप्त ।<br>• कानूनी व्यवस्था नभएपनि मोही मुद्धा दर्ता गरियो ।<br>• श्रीमानलाई जमिन जोत्न लगाई श्रीमतीले जमिन्दारसंग लड्ने गरियो ।<br>• स्थानीय संगठनको योजना अनुसार २० देखि ६२ हजार रुपैयाँ आन्दोलन कोष स्थापनाको लागि प्राप्त गरियो (गा.वि.स. बाट )<br>• स्थानीय संगठनकै योजना अनुसार जि.वि.स. बाट योजना माग र कार्यान्वयन ।<br>• भूमिसुधारले सुकुम्बासीको जमिन मुक्त कमैयाको नाममा नापिगरि कमैयालाई पूर्जा दिएर सुकुम्बासीलाई भूमिहीन बनाएकोले एक व्यक्ति एक कृषि औजार सहित जनशक्ति प्रदर्शन गरियो ।<br>• मलपोत कार्यलयमा तालाबन्दी कार्यक्रम गरियो ।<br>• जिल्ला स्तरीय राजनैतिक दलहरुमा धर्ना बसेको ।<br>• बेदखली विरुद्ध जिल्ला आन्दोलन सम्पन्न गरियो ।<br>• संविधानमा भूमिअधिकार स्थापना गर्नका लागि भूमि सभा तथा सभासदहरु संग |

| | |
|---|---|
| | अन्तरक्रिया कार्यक्रम गरियो ।<br>• आन्दोलन कोष संकलनको लागि देउसी, भैलो खेलियो ।<br>• बर्दिया मोहम्मदपुर गा.वि.स.मा ताला बन्दी<br>• गा.वि.स. को बजेटमा हकदावी र श्रोत प्राप्त भयो ।<br>• ऐलानी जग्गाको को खोजी र सामुहिक खेती ।<br>• संगठन सबलीकरण तालिम ।<br>• जिल्ला स्तरीय साइकल र्‍याली । |
| दाङ र कपिलवस्तु | • १४ वटा गाविस र १ वटा नगपालिकामा ६०२२ घरधुरीले ऐलानी जग्गा निवेदन दर्ता ।<br>• ९ वटा गाविस स्तरीय हकदावी संर्घष समिति गठन ।<br>• एक अभियानकर्ताको एक अगुवा शिविर ।<br>• संगठन संगठनबाट मानामुठी उठाएर २ दिने अगुवा शिविर संचालन ।<br>• २५ लाख मूल्य बराबरको ५ कठ्ठा जग्गा १५ घरधुरी मिली उपयोग ।<br>• एस.एल.सी. पास गरी उच्च शिक्षा हासिल गर्न नसकेका ४२ जना दलित र जनजाति विधार्थी हरुलाई उच्च शिक्षा हासिल गर्न पहल गरेको ।<br>• गाविसमा परेको निवेदन विषयमा स्थानीय राजनैतिक दलहरुले कानूनले गर्न मिल्ने भएसम्म सहयोग गर्ने ३ बुन्दे सहमति । |
| रुपन्देही, नवलपरासी, चितवन | • गाँउ गाँउबाट उखडा आन्दोलनको लागि साइकल र्‍याली ।<br>• खाध दिवसको दिन खाली थाल, कचौरा, घण्टी बजाई र्‍याली सहित आधारपत्रको लागि जिवेदन पेश र कोण सभा गरी कार्यक्रम समापन ।<br>• पीडित क्षेत्रमा जिल्ला मञ्चको बैठक ।<br>• २०६ घरपरिवारले सुरक्षित बसोबास प्राप्तीको लागि अभियान सञ्चालन । |
| पाल्पा, पर्वत, रसुवा र सिन्धुपाल्चोक | • सामुहिक धान खेती ।<br>• जिल्ला मालपोत कार्यालय  धर्नाका लागि मुठी मानो उठाइयो । (२३ मुरी १५ पाथी ६ माना चामल, दाल, तरकारी, मकै, गुन्द्रुक)<br>• सामुहिक कुत संकलन /कुत स्टोर गरी राखिएको छ  । विना भर्पाइ कुत नबुझाउने निर्णय ।<br>• आन्दोलन कोषका लागि कुखुरा पालन अभियानकर्ताबाट सुरुवात ।<br>• भूमिसुधार मन्त्रालय डेलिगेसन आउँदा मालपोत अधिकृत, गाविस सचिव सहितका सरकारी कर्मचारी एवं संविधान सभाका सदस्य, जिल्लाका क्रियासील राजनैतिक दल प्रतिनिधिको उपस्थितीमा मन्त्रालयमा छलफल । |
| मकवानपुर, बारा, सर्लाही | • सर्लाही जिल्लाका भूमिहीन, सुकुम्बासी समुदायका समस्या र आवाजलाई स्थानीय एफ.एम. मा समाचार बनाई वाचन गरिएको ।<br>• सलार्हीको जानकीनगर गाविस वडा नं. २ का भूमि पाठशाला समुहका महिलाहरु जुलुसका साथ गाविस कार्यलयमा गई चौतारा निर्माणको लागि रकम विनियोजन गरिएको । |
| महोत्तरी र धनुषा | • भूमिहिन एक हप्ता सम्मको लागातारको आन्दोलनले विजुली ल्याउन सफल भएको ( डावर गाविस)<br>• भूमिहीनद्धारा बसिरहेको गाउँबल्कको जग्गा नापीबाट कित्ताकाँट गरी जग्गा छुट्याएको र सो जग्गा भूमिहिनलाई वितरण गरेको ।<br>• भूमिहिन महिलाहरुले सार्वजनिक स्थलमा तास, जुवा बन्द गरेका छन् । |
| सिरहा, सप्तरी र | • ग्रामिण महिला द्धारा हातेपत्र संकलन गरी “भूमिमा महिलाअधिकार लेखिएको” झोलामा १५०० हातेपत्र भौतिक तथा योजना मन्त्री कलावती पासवानलाई बुझाईयो । |

| | |
|---|---|
| उदयपुर | • रित्तो थाल ठटाई र कालो पट्टी बाँधी जिल्ला प्रशासन कार्यलय सिरहा र सप्तरीमा हरुवा/चरुवाले धर्ना दियो ।<br>• पुरुषहरुले नाग्गो छातिमा "भो" "क" "बि""रु""द्ध""उ""ठौ" लेखि विश्व खाध सुरक्षा दिवस मनाइयो । |
| सुनसरी, मोरङ र झापा | • इटहरी नगरपालिका-७ टेङ्गा टोल संगठनमा १ कि.मी. बाटो टोलसंगठनको पहलमा खन्ने काम गरेको ।<br>• तनमुना गाविसका भूमिअधिकार मञ्चका सदस्यहरुले रु ७५,००० बराबरको श्रमदानगरी बाढिले बगाएको २० मिटर बाटो पूनः निर्माण ।<br>• मेचिनगर १२ को ५२ घर सुकुम्बासी परिवारहरु राष्ट्रिय भूमिअधिकार मञ्चको अगुवाईमा विद्युत पोल गाडी विद्यृत बाल्न सफल भएको ।<br>• आन्दोलन कोषको लागि देउसि भैलो कार्यक्रम संचालन ।<br>• गाउँ टोलहरुमा सरसफाई कार्यक्रम संचालन । |

## २. अभियानकर्ताले गरेका गौरव गर्न लायकका परिवर्तन

| **समुह** | **पस्तुती** |
|---|---|
| डडेल्धुरा र बैतडी, | • दुई पुस्ता देखि जोत्दै आएको जमिनमा मोहीयानी हक कायम गर्ने काम ।<br>• स्थानीय स्तरमा समस्या समाधान गर्न संजाल गठन गरि गा.वि.स. स्तरको स्थानीय श्रोत दावी, उपयोग, पीडितको पहुँच बडाउँदै विवादमा सहजीकरण गर्ने काम ।<br>• अभियानकर्ता स्थानीय सामुदायिक कार्यकर्ताको रुपमा स्थापीत हुँदै गएको ।<br>• सामाजीक समस्या समाधान गर्न सहयोग लिने दिने गरेको, स्थानीय सरकारी निकाय र दलका नेताहरुले समुदायमा अधिकार संगसंगै विकास र आय आर्जनका काममा सहयोग दिने काम गरेको छ । |
| कैलाली र कञ्चनपुर | • टीकापुर-१ मौरनियाँ भूमिअधिकार मञ्चले ३४ हजार आन्दोलन कोष जम्मा गरी परिचालन गरेका छन् ।<br>• बेलादेबीपुर-३ सेहरीका बाढीपिडीत कलावती चौधरीलाई कालिका भूमिअधिकार मञ्चको सदस्यहरुले आ-आफ्नो जग्गाबाट अलि अलि गरी ५ कट्ठा जग्गा उपलब्ध गराएका छन ।<br>• मसुरिया गाविसबाट २१ हजार निकासा गरी १४ संगठनमा बंगुर पाल्न दिएका छन ।<br>• कालिका भूमिअधिकार मञ्च सेहरीले (SWI) सामाजिक सेवा अध्ययन केन्द्रबाट ४१ हजार ४ सय माग गरी बोरिङ्ग निर्माण गरेर सामुहिक तरकारी खेती शुरुवात गरेका छन ।<br>• दैजी-३ धरमपुर भूमिअधिकार मञ्चलाई सामुदायिक वन र जिल्ला वन कार्यलयले उठाउन खोज्दा CSRC को अनुगमन टोली र जिल्ला वनको वार्ता पछि बस्ती उठ्नबाट जोगिएको छ ।<br>• जिल्ला परिषद कञ्चनपुर द्धारा मञ्चको लागि ४५ हजार छुट्याइएको छ । |
| बाँके, बर्दिया र सुर्खेत | • बाटो नभएको स्थानमा बाटो बनाएपछि समुदायमा आरामसंग हिड डुल गर्ने भयो ।<br>• आफ्नो जमिन र घर नभएका परिवारहरु घर बनाएपछि आफ्नो घरमा आरामले बस्न पाएका छन । २ कट्ठा जमिनमात्र आफ्नो भएपछि हरियो तरकारी, गोठ बनाएका छन, बाख्रा, गाई पालनबाट अन्य फाइदा लिएका छन ।<br>• जमिन्दारलाई भर्पाई बिना बाली दिने जोताहा अहिले बाली भर्पाई बिना कूत दिन छाडेका छन् सबै जोताहा एकजुट भएका छन् ।<br>• वनविभागको हस्तक्षेपपछि अहिले भूमिपिडीतहरु अन्य काम खोजी गरी थप आयआर्जन |

| | |
|---|---|
| | गरेका छन् ।<br>• भूमिअभियानका कियाकलाप भएका समुदायमा पीडितहरु आफ्ना सवालहरु लिएर गा.वि.स., भूमिसुधार, स्वास्थ संस्था, सामाजीक, पद आदीमा आफै सहभागी हुने र मागहरु लिने दिने गर्छन । |
| दाङ र कपिलवस्तु | • हदबन्दी भन्दा बढी जमिन अरुको नाममा लुकाई जमिन्दारले ३० वर्ष अघिदेखि चर्चेको १ बिघा ६ कट्ठा ३ धुर जग्गा भूमिहीन किसानले लिन सफल ।<br>• जमिन्दारले भर्पाई नदिए अन्न नदिने, जमिन्दारलाई दिनुपर्ने अन्न बेचेर नगद भूमिसुधार कार्यलयमा बुझाएका छन । नारायणपुर गाविसको उप-स्वास्थ्य चौकीमा ज्ञापनपत्र/सामुहिक निवेदन दिई २५ प्रकारका निशुल्क सेवा सुविधा लिन सफल । |
| रुपन्देही, नवलपरासी, चितवन | • २४१ घरपरिवार आधारपत्र प्राप्त ११० जनाको तयारी अवस्थामा ।<br>• सामुदायिक अस्पताल र बस्ती विकास कम्पनीसगै सहकार्य गरी ३६ घरधुरीले सुरक्षित बसोबासको साथ साथै रोजगारीको पहिलो प्राथमिक्ता खानेपानी १५% औषधी उपचारमा छुट, शौचालय निर्माण । |
| पाल्पा, पर्वत, रसुवा र सिन्धुपाल्चोक | • सिन्धुपाल्चोक बाँडेगाउँको एउटा जनमुखी शिक्षा केन्द्रले विपन्न वर्गका लागि छुट्याएका बजेट गाविस परिषद्मा मा माग गरेपछि प्रत्येक वडाका महिलाहरुलाई प्रतिवडा १७,५०० का दरले रकम पाई बंगुर पालन शुरु गरिएको छ ।<br>• शिविर संचालनका लागि व्यवस्थापन गर्न समुदायबाट सहयोग लिन सफल भईयो ।<br>• मन्त्री परिषद्ले “ख” विर्ताको सवालमा सरकारी जग्गाको मूल्यांकनको १० प्रतिशत कर बुझाई किसानका नाममा दर्ता गर्ने निर्णय गर्नु ।<br>• मुठी मानो उठाई आन्दोलन गर्न सफल हुनु । |
| मकवानपुर, बारा,सर्लाही, | • सलार्हीको ढुंग्रेखोला गाविस वडा नं. १ मा रहेको पर्ति जमिनमा ८४ घरधुरी घडेरी विहिन भूमिहीन स्थानीय परिवारलाई बसोबास गराईएको छ ।<br>• त्यस्तै सलार्हीकै फरहदवा गाविस वडा नं. ८ का मुसहर जातका ३ दलित परिवारलाई घरघडेरी समेत नभएकाले ऐलानी खाली जमिनमा बासको व्यवस्था मिलाईएको छ भने मुर्तिया गाविस वडा नं. ६ का भूमिहीन माझी समुदायका व्यक्तिले कमाउँदै आएको सागरनाथ वन विकास परियोजना क्षेत्रमा पर्ने जमिन २ वर्ष अघि त्याहाँ केही व्यक्तिले सामुदायिक वनको नाममा खोसेकोमा भूमि पाठशालाको छलफलको प्रभावले हाल सो जमिन पुनः नियन्त्रणमा लिई ती समुदायले फेरी खनजोत गर्न थालेका छन ।<br>• मकवानपुर जिल्लाको छतिवन गाविस वडा नं. ४ को अँघेरी गाँउमा रहेको जाँड-रक्सी, जुवा तास विकृति लाई भूमिअधिकार अभियान मार्फत बन्द गराई जाँड रक्सी, जुवा तास मुक्त क्षेत्र घोषणा गरिएको छ । |
| महोत्तरी र धनुषा | • जिल्ला भूमिअधिकार मञ्च धनुषाको पहलमा ५६ घर भूमिहिनहरुलाई १४ विघा ऐलानी जग्गामा भू-संरक्षण कार्यालयबाट ४५० आँप, ४०० अम्रिसो र २०० वटा बासका विरुवा ल्याई सो जग्गामा लगाएका छन् ।<br>• महोत्तरीको राम गोपाल पुरमा १ घरले १ विगाहा मोहीयानी हक प्राप्त गर्न सफल ।<br>• २४ घर भूमिहिनद्धारा ९ विघा जग्गामा सामुहिक खेती गरी १ जना कृषक बराबर वर्षको तरकारी र फलफूल खेतीबाट वार्षिक १५ देखी २५ हजार आम्दानी लिन सफल भएका छन् । |
| सिरहा, सप्तरी र उदयपुर | • स्थानीय बजेटमा दावी :<br>- धनगढी -२८,४००/-<br>- फूल्कहाकट्टी - ६०,०००/-<br>- वस्तीपुर - ५०,०००/- |

| | |
|---|---|
| | - जम्मा - १३८,४८०/-<br>• दलित, गरिब, भुमिहीन र हरुवा/चरुवा हरुका बालबालिकाहरुलाई ट्युशन कक्षा संचालन गरियो र ५९० जना बालबालिकाहरु पढाईमा प्रगति भएको ।<br>• समुदाय स्तरीय समुह गठनमा प्रमुख नेतृत्व पंक्तिमा महिलालाईनै प्रमुख रुपमा छनौट गरिएको । - भूमिअधिकार मञ्च)<br>• जि.भु. संरसण कार्यलाय द्वारा समुदायमा ६५ घरधुरीलाई ११ सय आँप, कटहरको बिरुवा पउलब्ध र २०००/-रकम सार्वजनिक पोखरी खनाउन सहयोग ।<br>• जनमूखि शिक्षा छलफल पछि ऐलानी जग्गामा ७१ घरधुरी ३-११-० मा बसोबास गरेको र १२ बिगहा ऐलानी जग्गामा बसोबासका लागि छलफल टहरा र सम्वाद समुदायले गर्न थालिएको ।<br>• उदयपुर जिल्लामा रेडियो कार्यक्रम संचालन भएको ।<br>• खबर चौतारी कार्यक्रम संचालन । |
| सुनसरी, मोरङ र झापा | • सुनसरी, मोरङ्ग र झापा गरी ११३ वटा संगठनका ३६०० भूमिअधिकारबाट बञ्चितलाई एउटै विचारको छातामुनी गोलबद्ध गरी भूमिअधिकारको विषयमा जानकारी गराउन सकिएको छ ।<br>• आन्दोलको कुनै पनि समयमा निस्कन सक्ने २४० जना अगुवा कार्यकर्ता तयार भएका छन् ।<br>• किसानले जमिन पैसा पाए, वेदखल किसानले पूनः जमिन जोत्न थाले सुनसरीमा ३६,४५६,३०८ रकम बराबरको १२६१ जमिन भूमिसुधार कार्यालयबाट मुद्धा फैसलाबाट प्राप्त गरे ।<br>• ११ जना वेदर्तावाल मोही किसानले ७८०,००० बराबरको १-१०-० जमिन, (खेत र घडेरी) गरी सामाजिक न्यायका आधारमा प्राप्त गरेका छन् ।<br>• ३२, २९५ आन्दोलन कोष जम्मा भएको छ ।<br>• पहिचान स्थापित भएको छ । जस्तै कुनै पनि सघ संस्था सरोकार वालाहरु, राजनीतिक पार्टी, तिनका भातृ संगठनहरुले भूमिसबन्धी कार्यक्रम आयोजना गर्दा प्रतिनिधित्व गराउने गरेको ।<br>• समुदायमा शोषण दमनका घटना कम भएको ।<br>• सरोकारवालाहरु संघ सम्बन्ध सहकार्य, एक्यवद्धता वृद्धि भएको छ ।<br>• समुदाय छलफल गर्छन, आफ्नो आधारभूत अधिकारको लागि दवाव दिन थालेका छन् । सफलता पनि पाउँदै छन् । |

## ३. अभियान/संघर्षमा समुदाय वा बाहिरी के के कुराले अप्ठेरो परेको छ ?

| समुह | पस्तुती |
|---|---|
| डडेल्धुरा र बैतडी, | • सामाजिक नाकाबन्दी (काम नदिने घोचपेच गर्ने) ।<br>• पिडीतहरुको संकुचित विचारले थोरै भएपनि तुरन्त केही दिनेलाई ठिक छ भन्ने बाभ्यात्मक अवस्था ।<br>• समुदायमा समस्या परेको बेला तुरन्त पुग्न नसकिने विकता र कार्यक्षेत्र बढी भएकोले । |
| कैलाली र कञ्चनपुर | • अखिल नेपाल सुकुम्बासी संघले माओवादी मात्रै सुकुम्बासी समस्या हल गर्न सक्छ । भूमिअधिकार मञ्चलाई विदेशी सहयोग लिने संस्था भनि संगठनमा नलाग्न दवाव दिन्छन् ।<br>• संगठनका अगुवाहरु सुविधा खोज्न थाले । |

| | |
|---|---|
| | • डुडेझारी घटनाले भूमिअधिकार अभियानमा त्रसपूर्ण वातावरण सृजना गरिदिएको छ। |
| बाँके, बर्दिया र सुर्खेत | • राजनीतिक फेरवदलले गर्दा संगठनका व्यक्तिहरु हाम्रोकाम वाट पनि विश्वास नगर्नु।<br>• हुने खानेहरुद्धारा संगठन विथोल्ने र भाडभैलो डर त्रास जारी।<br>• गाउँतहबाट विभिन्न अपराधीक क्रियाकलाप भएको मा डर त्रास भएको छ।<br>• अव बन्ने जिल्ला भूमि आयोगमा मञ्चको प्रतिनिधित्व नहुने संभावना।<br>• अभियानकर्ता चौतफी चपेटामा पर्नु।<br>• अखिल नेपाल सुकुम्बासी संघले विभिन्न बहानामा डर त्रास देखाएर संगठन विथोल्ने काम गर्ने। |
| दाङ र कपिलवस्तु | • राजनैतिक दल ( सहमति जनाउने कार्यान्वयन नगर्ने )।<br>• भूमिहीन बीच मतभेद।<br>• मोहीको हकमा अनुपस्थित जमिन्दार।<br>• जिल्ला वन कार्यलय। |
| रुपन्देही, नवलपरासी, चितवन | • राजनैतिक कारणले।<br>• आर्थिक कारणले।<br>• भू- माफियाबाट पटक पटक धम्की आउने।<br>• अभियानकर्ताहरु सवाल प्राप्ति स्पष्ट नहुने।<br>• अभियानकर्ताहरु परिवर्तन भइरहनु। |
| पाल्पा, पर्वत, रसुवा र सिन्धुपाल्चोक | • राजनीतिक दलको भातृ संगठनको आक्षेप लाग्नु।<br>• NGO को मागी खाने भाँडो भन्नु।<br>• अभियानकर्ताले विचैमा काम छाड्नु।<br>• जग्गा धनी प्रमाण पूर्जा पाएका किसान आन्दोलनबाट पलायन हुनु। |
| मकवानपुर, बारा,सर्लाही, | • के पाइन्छ र भन्दै भूमि पाठशालामा समुदाय सहभागी हुन नखोज्नु।<br>• भूमिअधिकारको कुरा समुदायमा अपत्यारिलो र असंभव लाग्नु।<br>• भूमि पाठशाला सहभागी हुन आउनेले कापी, कलम, खाजाको माग गर्नु।<br>• खाली ऐलानी जमिन उपयोग गर्दा धनी वर्गले मिथ्या मुद्दा लगाई पकाउने, थुन्ने प्रयास गर्नु।<br>• भूमिहीन सुकुम्बासीले अभियानकर्तालाई जग्गा दाता वा लालपुर्जा वितरणकर्ता ठान्नु र माग गर्नु तर नपाउँदा निराश हुनु।<br>• दैनिक श्रम गरेर घरपरिवार पाल्नुपर्ने बाध्यताका गरिब अभियानकर्ताले आफ्नो दैनिक कामकाज छाडेर अभियानमै हिड्दा आर्थिक अभाव थेग्न नसकी घरपरिवारको भविष्य लथालिङ्ग हुने खतरा बढदै गएको। |
| महोत्तरी र धनुषा | • जमिन्दारहरुले संगठन निर्माण गर्न जाँदा विभिन्न खाले धम्की दिने गरेको।<br>• जीविकोपार्जनको बाटो नभएका कारणले संगठनमा समय दिन नसक्नु।<br>• लक्षित समुदायको वकालत गर्दा हुनेखाने वर्गबाट दवाव आउने।<br>• अभियानकर्मीहरुमा आर्थिक भार बढेको कारण काम गर्न असहज वातावरण सृजना भएको। |
| सिरहा, सप्तरी र उदयपुर | • भूमिहीन, सुकुम्बासी बस्तीको जग्गाधनी वर्ग (हुकुम्बासी) ले आफ्नो नाममा दर्ता गरी बस्ती उठाएको। १४ घरधुरी।<br>• अभियानकर्ता साथी, ज्यान मार्ने धम्की आउने र राज्यले सुरक्षा दिन नसक्ने।<br>• समुदायको आर्थिक अवस्था कमजोरले गर्दा बैठकमा बस्न नसक्नु।<br>• अन्य संघ संस्थाले भत्ता, खाजा र बाखा पालन व्यवसाय गर्न रकम दिएकोले हामी संगपनि खोज्नु। |

| | |
|---|---|
| | • समुदाय तुरन्तै फाईदा खोज्नु । |
| सुनसरी, मोरङ र झापा | • अभियान कर्मीहरु मै साझा बुझाई र क्षमताको विकास नहुनु ।<br>• पीडितहरु आफ्नो उत्पीडनको व्यक्तगर्ने नसक्नु ।<br>• गाउँका ठुला ठालु जमिन्दारको डर, त्रास र धम्की ।<br>• गरिबीको कारण समुदायमा हुने छलफल वैठकमा नियमित सहभागि नहुनु ।<br>• राजनीतिक पार्टीका झुठा नारा, आश्वासनका कारण अविश्वास पैदा हुनु ।<br>• सुचनामा पहुच नहुनु ।<br>• विगतमा सरकारले गरेको सहमती सम्झौता कार्यान्वयन नहुनु । |

## ४. आगामी दिनमा के कस्ता संघर्ष गर्ने योजना वा सोचाई छ ?

| **समुह** | **पस्तुती** |
|---|---|
| डडेल्धुरा र बैतडी, | • गा.वि.स. बाट भूमिसुधारको लागी रकम छुट्याउने भूमिहीन सुकुन्बासी तथ्याङक लिई स्थानीय स्तरमा भूमिसुधारको खाका तयार गर्ने ।<br>• गाविसको प्राप्त रकम बाट बाढीपिडीतलाई तत्काल सकिने सहयोग गर्ने ।<br>• भूमिसुधार र सुकुम्बासी समस्या समाधान आयोगमा बैतडी, डडेल्धुरा जिल्ला थप गर्नुपर्ने भएकोले दबावमुलक कार्यक्रम गर्ने । स्थानीय दल र सरकारी निकायमा धर्ना, तालाबन्दी, ऱ्याली, सम्मेलन सभा गर्ने ।<br>• भूमिसुधारको पक्षमा जनमत सृजना गर्न छलफल, भेला, प्रशिक्षण, पैदल यात्रा गर्ने । |
| कैलाली र कञ्चनपुर | • स्रोत केन्द्र स्तरिय भूमिअधिकार पैदलयात्रा (बेतडीको शाहिलेक देखी डडेल्धुरा, धनगढी, महेन्द्र नगर सम्म )<br>• स्रोत केन्द्र स्तरिय संगठन अगुवाहरुको भला गराई क्षेत्रिय सञ्जाल गठन गर्ने ।<br>• सडक सन्देश (राजमार्गमा कैलाली, कञ्चनपुर)<br>• राजनैतिक पार्टी सरोकारवला तथा पीडितहरु विच सार्वजनिक बहस गर्ने ( पत्रकारद्धारा संचालन) |
| बाँके, बर्दिया र सुर्खेत | • स्थानिय स्तरमा दलहरुको घर दैलोमा डेलिगेसन ।<br>• ऐलानी जग्गा दर्ता र २०% रकम छुट्याउन जिल्ला र गाविसमा ज्ञापनपत्र र धर्ना गर्ने ।<br>• स्थानिय संगठनबाट करिव १०,००० भूमिहिनका निवेदन जिल्लाका सम्बन्धित निकायमा बुझाउने ।<br>• स्थानिय निकायमा बाँझो जमिन र स्रोतको खोजी र परिचालन ।<br>• सदस्यता नविकरण र संगठन विस्तार ।<br>• जिल्लाका सम्पूर्ण गाविसहरुमा भूमिअधिकार अभियान सम्बन्धी सचेतना कार्यक्रम गर्ने ।<br>• जिल्ला भूमि आयोगमा मञ्चको प्रतिनिधित्व गराउने ।<br>• जिल्ला मञ्चको आफ्नै कार्यालय बैठक घर निर्माण गर्ने ।<br>• भू-माफिया विरुद्ध जिल्ला स्तरिय भूमि आन्दोलन गर्ने ।<br>• ऐलानी जग्गाको खोजी (बाँझो) सामुहिक खेतीमा तिव्रता ल्याउने ।<br>• जमिन्दारको कब्जामा रहेको ऐलानी तथा सर्वजनिक जमिन कब्जा तथा विक्री वितरणमा रोकथाम अभियान गर्ने । |

| | |
|---|---|
| | • श्रेस्ता कार्यान्वयन अभियान संचालन गर्ने । |
| दाङ र कपिलवस्तु | • माघको पहिलो हप्तामा प्राथमिक मञ्चमा हक दाबी संघर्ष समिति गठन ।<br>• स्थानीय राजनैतिक दलसंग ऐलानी निवेदनमाथि छलफल-माघको दोश्रो हप्ता ।<br>• माघको चौथो हप्ता जिल्ला तहको सार्वजनिक स्थानमा धर्ना ।<br>• माघको तेश्रो हप्ता-निवेदनमाथि कार्यान्वयन नभए नारा जुलुस |
| रुपन्देही, नवलपरासी, चितवन | • उखडा गाँउ ब्लक नाप नक्साका लागि अभियान सञ्चालन गरिने ।<br>• आधारपत्रका लागि अभियान सञ्चालन गरिने ।<br>• डेलिगेशन, धर्ना, जुलुस जस्ता कार्यक्रम सञ्चालन गर्ने ।<br>• लालपुर्जा प्राप्तिको अभियानलाई निरन्तरता दिने । |
| पाल्पा, पर्वत, रसुवा र सिन्धुपाल्चोक | • भूमिमा महिला अधिकार अभियान उठाउन महिलाहरुको मात्र विशाल सभा गर्ने ।<br>• जिल्ला मञ्चको सम्मेलन गर्ने ।<br>• परिवेश विश्लेष गर्ने ।<br>• वेदर्तावाल मोहीहरुको लगत संकलन गर्ने ।<br>• विर्ताको सवालमा हालै सरकारले निर्णय गरेको १०% शुल्क घटाउन डेलिगेसन, मालपोत शुल्क घटाउन सर्वदलिय वैठक राख्न लगाउने ।<br>• महिलाको नाममा जमिन हुनेहरुको लिष्ट तयार गर्ने । |
| मकवानपुर, बारा,सर्लाही, | • सलार्हीको ढुंग्रेखोला गाविस वडा नं. ४ स्थित मा.वि.को नाममा रहेको जग्गा जमिन्दारले कमाई रहेको छ , त्यसलाई अब त्याहाँका सुकुम्बासी, भूमिहीनको लागि उपयोगमा ल्याउने ।<br>• सलार्हीको मूर्तिया गाविस वडा नं. ८ का केही घडेरी समेत नभएका घरधुरीलाई सार्वजनिक खाली जग्गामा स्थापित गर्ने । |
| महोत्तरी र धनुषा | • ५ घर भूमिहिन परिवारलाई २ कठ्ठा जमिन र प्रत्येक परिवारलाई २ कोठे पक्कि घर निर्माण ।<br>• वन विभागले बस्ती लगाएर बस्ती हटाएकोमा सो बस्ती लाई पूनः त्यसै ठाउँमा राखियो ।<br>• जनमूखी शिक्षाको अभ्यासबाटै १० कठ्ठा जमिनको व्यवस्था र सिंचाई पूर्वाधार को योजना ।<br>• जमिनको हस्तक्षेप, वेदखल विरुद्ध जिल्लाका प्रत्येक गाविस र जनसंगठनहरुमा कोण सभा सहित साईकल यात्रा । |
| सिरहा, सप्तरी र उदयपुर | • हरुवा/चरुवा आन्दोलनलाई निरन्तरता दिई आन्दोलनलाई अझ उचाईमा पुऱ्याउने ( राष्ट्रिय स्तर सम्म)<br>• प्रत्येक जनसंगठनमा महिला हरुलाईनै प्राथमिकता दिई नेतृत्वको विकास गर्ने ।<br>• भूमिहीनहरुको आवाजलाई रेडियो कार्यक्रम मार्फत आम सचेतीकरण गरी सम्बन्धित सरोकारवाला सम्म पुऱ्याउने ।<br>• स्थानीय स्तरमा भूमिहीनहरुलाई गाविसको परिषदमा पहुँच ।<br>• स्थानीय स्तरमा भएका प्राकृतिक श्रोत साधनमा पहुँच गराउनमा पहल गर्ने ।( सार्वजनिक पोखरी, ऐलानी जग्गामा बसोबास ) |
| सुनसरी, मोरङ र झापा | • अभियानकर्ताहरुको साझा बुझाई र क्षमता विकास गराउने ।<br>• समुदाय तहमा परिवेष विश्लेषण गरी समस्या र सवाल निकाल्ने ।<br>• भूमिसम्बन्धी तथ्यांक सुचना संकलन गर्ने ।<br>• थप ५० वटा संगठन निर्माण गर्ने ।<br>• स्थानिय तहमा भूमि सिविर संचालन गर्ने । |

| | |
|---|---|
| | • जिल्ला र क्षेत्रिय तहमा आमसभा भेला गर्ने ।<br>• धनकुटा र संखुवासभामा अभियान विस्तार गर्ने ।<br>• समुदाय तहमा आन्दोलनलाई रचनात्मक बनाउन वृक्षा रोपण, स्वास्थ्य सिविर, सरसफाई, रक्तदान, सांस्कृतिक आदि कार्यक्रम गर्ने ।<br>• समय समयमा स्थानिय निकायमा संघर्ष समिति मार्फत धर्ना, दवाव दिने ।<br>• आन्दोलन कोषका लागि १ समुदाय १ सघर्ष, १ परिवार २ सदस्य अनिवार्य संचालन गर्ने । आगामि बन्ने संविधानमा भूमिअधिकार सुनिश्चित गराउन गाउँ, जिल्ला क्षेत्रिय आन्दोलन मार्फत राष्ट्रिय आन्दोलन जोड्ने ।<br>• नयाँ संविधानमा भूमिको मुद्धा स्थापित गर्नका लागि विभिन्न दावाव मुलक कार्यक्रम गर्ने । (जस्तै : धर्ना, जुलुस, चक्का जाम, सि.डि.यो मार्फत प्रधानमत्रीलाई ज्ञापन पत्र बुझाउने, पत्रकार सम्मेलन गर्ने र फिल्ड भिजिट गराउने । |

**<u>दोस्रो दिन (१६ पुस, २०६६)</u>**

## खाद्य अधिकारका लागि भूमिसुधार र कृषिसुधार

- डा. जगन्नाथ अधिकारी

हामीसुधार गर्दा खाद्य अधिकार र कृषिसुधारलाई संगै लिएर जानु पर्दछ । भूमिसुधार गर्नको लागि विभिन्न खाले दवावमुलक आन्दोलन गर्दै जानु जरुरी पनि देखिन्छ । भूमिमा पहुँच भै सकेपछि के गर्ने भन्ने विषयमा प्रश्न आउन सक्छ । त्यसैले भूमिमाथिको पहुँच बढाए पछि पनि खाद्य सुरक्षा  र  कृषि सुधारको  कामलाई संगै लिएर जानु पर्ने हुन्छ । ठाउँअनुसाको सुहाउँको कार्यक्रमलाई पनि लिएर जानुपर्ने हुन्छ ।

## बृहत भूमिसुधार

जग्गा पाउने मात्र भूमिसुधार भयो भने त्यसले धैरै समस्याहरु सुल्झाउँदैन । भूमिसुधार भनेको भूमिको विकास गर्ने पनि हो । त्यपछि कृषि क्षेत्रको विकास गर्नुपर्ने हुन्छ । हाम्रो जग्गा पनि कम हुँदै गएको अवस्था छ । त्यही अनुसार उत्पादन बृद्धिको लागि प्रविधिहरुको आवश्यकता पर्दछ । कृषिक्षेत्रको विकास र सामाजिक न्याय कुराहरु आउँछ । कृषक तथा जग्गा पाउने ब्यक्तिहरुलाई केही सेवा सहयोगहरुको आवश्यकता पर्दछ । त्यतिकै उत्पादन बृद्धि हुँदैन । यसलाई भूमि प्रशासनको भूमिका महत्वपूर्ण हुन्छ । किसानहरुलाई सहयोग गर्ने भूमि प्रशासन लागु भएन भने, बनेका नीति नियमहरु कागमा मात्र सिमित हुन्छ । जस्तै : २०२१ सालको भूमिसधार ऐन, बन्यो त्यतिखेर जमिन पनि प्रसस्तै थियो । त्यतिखेर भूमिसुधारको काम गर्न नसक्नु धैरै कारणहरु छन् । त्यस मध्ये एउटा कारण भूमि प्रशासन राम्रो नहुनु ।



हामीले जुन भूमि विकासको कुरा गरिरहेका छौं । भूमि विकास गर्न सबभन्दा पहिला भू-संरक्षण हो । किसानलाई सबैभन्दा ठुलो कुरा भूमि हुन्छ । त्यो भूमिको राम्रो संग संरक्षण भएन भने त्यहाँ दिगो रुपमा उत्पादन हुन सक्दैन । त्यसैले भू-संरक्षण आवश्यक छ । त्यसमा पनि माटोको संरक्षण महत्वपूर्ण छ । हाम्रो नेपालीको वार्षिक आय हेर्दा न्युन छ । प्रति व्यक्ति वर्षको ३ सय डलर छ । अमेरिकातिर हेर्ने हो भने ३५ हजार ४० हजार डलर रहेको छ । आजकाल कस्तो सिद्धान्त निकाल्न थालेको छ भने धनि भनेको जसले बातावारण, जमिन, खोला-नाला, जंगलको संरक्षण गर्छ त्यो ब्यक्ति बढि धनि हुन्छ भन्छन् । त्यसो भएर जमिनको बनौट राम्रो राखी राख्यो भने पनि त्यसले पछि सम्म हामीलाई उत्पादनमा सहयोग गर्न सक्छ ।

भूमिको विकास भित्र भू-उपयोग योजनाका कुराहरु पनि महत्वपूर्ण हुन्छ । कुनै एउटा ब्यक्तिलाई भन्दा पनि देशको हिसावमा जाने हो । प्रान्त होला प्रान्तको हिसावमा जाने हो । उत्पादनको बृद्धि गर्ने हो भने भू-उपयोगको योजना चाहिनछ । अहिलेको तराईमा जमिनको उत्पादन गर्ने क्षमता घट्दै गएको तथ्यांकहरु हामीले पढ्ने गर्छौ । २०२५ सालमा तराईमा सिंचाई पनि थिएन । मल पनि थिएन । त्यतिखेर तराईको उत्पादन बढि थियो । त्यतीखेर दक्षिण एसिया भन्दा नेपालमा बढी थियो । अहिले उत्पादन किन घट्यो त भन्दा, जंगल हरु मासिदै गयो र त्यसबाट आउने मलियो पर्दार्थहरु पनि कम भएको कारणले भन्ने कुराहरु सर्वजनिक भएको छ । त्यसैले भू-उपयोग भनेको कहाँ खेती गर्नु पर्छ, कहाँ जंगल जोगाउनु पर्छ र कुन ठाउँमा बस्ती बसाउन उपयुक्त हुन्छ ति कुराहरुको योजना भएन भने जहाँ खेती योग्य जमिन छ, त्यहाँ बस्ती बसालिएको हुन्छ । उदाहरणको लागि हेर्ने हो भने, काठमाडौमा खेतीयोग्य जमिनहरु थियो । प्रसस्त उत्पादन हुन्थ्यो । तर अहिले घरले ढाकीसक्यो ।

भूमिसुधार भनेको बिग्रेको जमिन सुधान गर्ने पनि भनेको हो । खोलाले लगेको, पैरोमा परेको जमिनहरुलाई पनि विकास गर्ने हो भने केही जमिन बढ्छ पनि र सुधार पनि हुन्छ । भूमि विकास भित्र विभिन्न किसिमका भूमि व्यवस्थापनहरु गर्न सकिन्छ । भूमिको व्यवस्थापन गर्नको लागि अधिकार कसरी दिने भन्ने कुराहरु आउँछ । स्वामित्वमा दिने हो की, सरकारी जमिन गर्ने की नीजि जमिनको रुपमा दिने हो की, प्रयोग गर्नमात्र दिने हो की । कुनै नयाँ जमिन निस्क्यो भने कसरी त्यसलाई प्रयोग गर्ने । ब्यक्तिले प्रयोग गर्न पाउने तर जमिन सरकारको हुने र उत्पादन आफु राख्न पाउने ब्यवस्था पनि गर्न सकिन्छ ।

भूमिसुधारको एउटा पाटो कृषि सुधार हो । हामीले गरेका विभिन्न खाले अभियानबाट जमिन त पायौ । तर जमिन पाईसकेपछि कृषि उत्पादन कसरी बढाउने, खाद्य बस्तुको उत्पादकत्व कसरी बढाउने भन्ने कुराहरु हुन्छ । अनुसन्धान कस्तो गर्ने । कृषकहरुलाई नै सहभागी गराएर अनुसन्धान गर्ने । कस्तो किसिमको विउ लगाउने । कस्तो खेती गर्नुपर्छ भन्ने कुराहरु हुन्छ । यस भित्र खाद्य सुरक्षा र खाद्यसम्प्रभुता पनि आउँछ । खेतीमा बढ्यो भने एउटा नियत के देखिन्छ भने मानिस क्रमस गैर कृषि क्षेत्रमा लाग्छन् भन्ने कुरा देखिन्छ । जव खेती पातीको विकास हुँदै जान्छ । त्यसरी मानिसहरु गैरकृषि क्षेत्रमा विस्तारै लाग्न थाल्छ । नेपाल कृषि प्रधान देश हो हाम्रो देशका जनताहरु अझै पनि ७०% खेती मै निर्भर छन् । तर आर्थिक विकास हुँदै गयो भने खेती छोडेर गैर कृषि पेशमा लाग्छन् भन्ने गरिन्छ । अमेरिकामा अहिले २% जनसंख्या मात्र खेती गर्छन् अरु ९८% गैर कृषि पेशामा लगेको पाईन्छ । नेपालको जुन नीति नियमहरु लागु भयो । यो नियम र उदेश्यको योजनाहरु पनि मानिसलाई कसरी कृषि क्षेत्रबाट औद्योगिक क्षेत्रतर्फ लाने भन्ने नै थियो । यत्रो वर्षको योजना र उदेश्य हरु सोचेको जस्तो हुन सकेन । नेपालमा न खेतीको विकास राम्रोत हुन सक्यो । उत्पादन कम हुँदै गयो । नेपालमा दुईवटा अफ्ठ्याराहरु छन् । एउटा न नेपालमा प्रसस्त मात्रमा उद्योगहरु छन् । न राम्रो संग सहरीकरणको विकास भयो । न हामीकहाँ खेती पातीको नै विकास भयो ।

पहिलाको उदेश्य के थियो भने, केही मानिस खेती गर्छन् । औद्योगिकहरुको विकास हुन्छ र त्यसले कृषि क्षेत्रलाई सहयोग गर्छ भन्ने थियो । त्यसरी दुवै क्षेत्रलाई सहयोग गर्छ र विकास हुन्छ भन्ने थियो । खेती

औद्योगिक किसमको गर्ने, कृषि क्रान्ति गर्ने र उद्योगहरुको विकास गरी खेतीको मानिसलाई उद्योगमा लाने र खेतीमा जनसंख्याको चाप कम गर्दै जाने सिद्धान्त रहेको थियो । तर यो मोडेलले काम गरेन । पश्चिमि देशहरुमा पनि यो मोडलले सय वर्ष काम गऱ्यो अब गर्दैन भन्ने कुरा आएको छ । किन भने यसले गर्दा जमिन बिग्रियो, वातावरण बिग्रियो र खेतीमा धेरै प्रदुषण भयो । रसायनीक प्रदुषणहरु बढ्यो । अहिले के भन्छन् भने औद्योगिक विकास गर्ने र खेती प्रणालीलाई पनि नयाँ किसिमले सोच्नु पर्छ भन्ने किसिमको कुराहरु आएको छ । त्यसलाई संरक्षण अर्थ व्यवस्था भनिन्छ । यसले प्रकृतिलाई पनि संरक्षण गर्ने, जमिनलाई पनि संरक्षण गर्ने, रुख विरुवालाई पनि संरक्षण गर्ने । यसैमा बसेर उत्पादनलाई पनि बढाउने । केहीको व्यापार गर्नु पऱ्यो भने यसको संरक्षण गरेर मात्र गर्नुपर्दछ ।

नयाँ किमिको खेती प्रणालीको विकास गर्ने जस्तो जंगलको रुखविरुवाहरुलाई नविगारी कस्तो खालको खेती लगाउन सकिन्छ भन्ने हो । तर अझै विकास हुन सकिरहेको छैन । वैज्ञानिक हरुको ध्यान कस्तो छ भने, हामीलाई धान खेती गर्नु पऱ्यो भने घाम चाहिन्छ । वैज्ञानिकहरुले के गर्न थाले भने यसरी भन्दा पनि जंगल भित्रै धान उत्पादन गर्न सकिन्छ की, मकै उत्पादन गर्न सकिन्छ की यसरी अध्ययन अनुसन्धान गर्नुपर्छ भनेका छन् । खेती गर्नको लागि जंगल नै मास्नु भन्दा र जमिनहरु बढाउन नसकेको अवस्थामा के गर्न सकिन्छ त्यसमा ध्यान दिनुपर्छ । जसले गर्दा वनजंगल पनि संरक्षण होस् र खेती उत्पादन पनि होस् । त्यसो गर्नको लागि बिभिन्न खाले तरिकाहरुको विकास गर्दै जानु आवश्यक छ । अनुसन्धान गर्ने तरिका वा धेरै उत्पादन गर्ने तरिका हामीले गाउँ घरमा पनि एक वर्ष पछि अर्को बर्षको लागि बिउ छान्न धान मध्यको राम्रो राम्रो धान छनेर अर्को वर्षलाई विउ बनाउँछौ । त्यसै गरि ग्रेडिङ्ग हुँदै गएर राम्रो हुने हो । मानिसले नजानी नजानी गरिरहेको हुन्छ ।

अब कस्तो किसिमको खेती प्रणाली चाहिन्छ, जसले गर्दा संरक्षण पनि हुने वनजंगल पनि जोगाउने । मानिसलाई खाने चिज र बस्ने ठाउँ छैन । जलवायु परिवर्तनको हिसावमा खाद्य सुरक्षामा असर गरिरहेको छ । त्यसैले बनजंगल मास्ने अवस्था पनि छैन । नयाँ किमिको खेती प्रणाली अपाउनको लागि हामीले कस्तो किसिमको अनुसन्धान गर्नुपर्ने हो । अन्य तरिकाहरु के-कस्तो अपनाउनु पर्ने हो त्यसमा ध्यानदिनु जरुरी छ । सामाजिक न्यायलाई हेर्दा भूमिको हदबन्दी राख्ने की नराख्ने । कती राख्ने ? मोहिहरुको अधिकारको सुरक्षा कसरी गर्ने ? मोही अधिकार भनेको के हो ? बसोबासको अधिकार । सवै भन्दा पहिलो अधिकार बसोबासको अधिकार हुनु पर्दछ । भूमिमा महिलाको अधिकार, आदिवासीहरुको अधिकार । भूमिहिनहरुको भूमिमा पहुँच । भूमि प्राप्ती र वितरणको स्वरुप कस्तो कस्तो हुनुपर्छ भन्ने कुराहरु सामाजिक न्याय भित्र पर्दछ । ऐतिहाँसिक अन्यायमा परेका विभिन्न समुदायहरु छन् । ति समुदाय भनेको बोटे माझीहरु । यिनीहरुको अधिकार सुनिश्चित र सुरक्षित गर्ने कुराहरु समाजिक न्याय हो । शहरी क्षेत्रमा भूमिअधिकारको कुरा कसरी उठाउने, सुकुम्बासीहरु कति छन् ? उनिहरुको भूमिअधिकार के हो र कसरी दिने ? यसै कारणले शहरीकरणको कुरामा ध्यान दिनु पर्ने हुन्छ ।

भूमिमाको स्वामित्वको साथ साथै प्रविधिको कुराहरुलाई जोडेर लानु पर्ने हुन्छ । अहिले सम्म हामीले गर्ने भनेको प्रविधि हरित क्रान्ति हो । सवै ठाउँमा हरित क्रान्ति कसरी सफल बनाउने भन्ने कुराहरु रहेको छ । हरित क्रान्तिको उदेश्य भनेको जसरी हुन्छ उत्पादन बढाउने हो । हरित क्रान्ति सफल भएको पञ्जाव, हरियाना जस्ता ठाउँमा सफल भएको छ । हरित क्रान्तिले किसानहरुलाई खसै सहयोग गरेन भन्ने कुराहरु पनि नउठेका होइनन् । त्यसको बैकल्पिक स्वरुप प्राङ्गारिक र जैविक खेती गर्ने कुराहरु आईरहेको थियो । भूमि प्राप्त भएपछि उत्पादन बढाउने एउटा कुरा भयो । त्यसमा गुणस्तरयुक्त उत्पादन बढाउन आवश्यक छ । सन् २००७ मा दक्षिण भारतमा कपास उत्पादन गर्ने एक हजार जना किसानहरुले हात्महत्या गरे । किन भने कपासको हाइब्रिट बिउ कम्पनीहरुले दिए । संग संगै ऋण पनि दिए । उक्त बिउ लगाए पछि त्यसमा मलजल साविको भन्दा बढि चाहिन्छ र बिउ पनि महगो हुन्छ । किसानहरुले गरेको त्यो खेती राम्रो

पनि भयो । तर त्यो विकेन । विक्री गर्ने बेलामा त्यसको भाउ धेरै घट्यो । त्यसैकारणले उनिहरुले आत्महत्या गरेका थिए ।

प्रविधि दुई किसिमको हुन्छ । एउटा प्रविधि आफैले बनाएको हुन्छ, अर्को बाहिरबाट ल्याएको हुन्छ । हाईब्रिट बिउ अहिले सम्म बाहिरबाट ल्याएको प्रविधि हो । किसानहरुलाई सेवा र सहयोगको कुराहरु त्यतिकै महत्वपूर्ण छ । पूर्वाधारहरु निर्माण गर्नु पर्ने हुन्छ । रोजगारीको सुनिश्चिता हुनु पर्‍यो । कस्तो किसिमको प्रविधि प्रयोग गर्ने हो । प्राङ्गारिक प्रयोग गर्ने हो भने त्यस्तै किसिमको सामाग्रीहरु चाहियो । त्यसमा पनि कृषकहरुलाई सौहिलियत हुनपर्‍यो । धेरै कृषकहरुलाई आफ्नो खाद्य सुरक्षा आफ्नै लागी नहुने । अहिले नेपालम ६०% कृषकले आफुलाई ६ महिना सम्म पनि खान नपुग्ने खाद्यन्न उत्पादन गर्न सकिरहेका छैनन् । त्यसैले ६ महिना पछि के खाने त्यसको लागि रोजगारीको सुनिश्चिता हुनु आवश्यक छ । उत्पादन सामाग्री विकेन भने सरकारले न्यूनतम मूल्य दिएर खरिद गर्ने व्यवस्था पनि मिलाउनु पर्ने हुन्छ । बजारको व्यवस्था गर्नु पर्ने । आवश्यकता अनुसार खाद्यन्नमा सहुलियतता पनि हुनु पर्‍यो । ग्रामिण उद्योगहरु पनि विस्तार हुनु पर्‍यो । यी कुराहरुमा ध्यान दिएन भने, खाद्य सुरक्षा हुँदैन । यसमा अभियानकर्ताहरुको भूमिका के हुनुपर्छ भने, १/२ कठ्ठा जमिन लिएर मात्र समस्या समाधान हुँदैन । उनिहरुलाई रोजगारी पनि चाहियो । खाद्यन्नमा सहुलियत हुनु पर्‍यो । त्यसको लागि हामीले कसरी आवाज उठाउने ? रासन कार्ड चाहियो । खाद्य सुरक्षा सम्पूर्ण रुपमा पुर्‍याउने हो भने यी कुराहरु महत्वपूर्ण हुन्छ ।

अहिलेको अवस्थामा कृषि कार्यक्रमहरुमा गयो भने नगदे बाली लगाउने, धेरै आम्दानी हुने खालको बाली लगाउ । त्यसबाट आएको आम्दानीले खाद्यन्न किनेर खाउ भन्ने जस्ता कुराहरु भैरहेको छ । यो स्थितिमा हामीले के पनि अडान राख्नु पर्छ भने, नगदे बाली पनि लगाउने । तर दुईवटा कुराहरु गरिदिनु पर्छ । नगदे वालि लगाउने हो भने बजारको पनि व्यवस्था गरिदिनु पर्‍यो । यदि बिकेन भने सरकारले खरिद गरिदिने व्यवस्था पनि गरिदिनु पर्‍यो । नत्र किसानहरुलाई घाटा हुन सक्छ । भूमिअधिकारको साथै यी कुराहरु जोडेर लान जरुरी देखिन्छ । कृषि क्षेत्रमा राज्यले सहयोग नगरि रहेको अवस्था छ । अहिले कुल बजेटको २.६% मात्र कृषि क्षेत्रमा लगानी गरेको देखिन्छ । सरकारले खाद्यन्न संकट भएको जिल्लाहरुमा खाद्य संकट टार्नको लागि भारत तथा अन्य मुलुकबाट खाद्यन्न किनेर दिन्छ । त्यसको सट्टा नेपालबाटै किनेर दिनुपर्ने अवस्था बनाउनु पर्ने हुन्छ । यसको लागि अभियानकर्ताहरुको भूमिका के हुन सक्छ भने, भूमि प्रशासनलाई कसरी चुस्त र प्रभावकारी बनाउने ? अधिकार विहिनहरुको लागि कसरी अधिकार दिलाउन सक्छ त भन्ने कुरामा हामीले ध्यान दिनु पर्ने हुन्छ । जस्तो भूमिसम्बन्धी सुचनाको आदन प्रदान गर्ने । कसैको हदबन्दी भन्दा बढि जमिन रहेको छ भने भूमि प्रशासनलाई जानकारी गराउने । यस्तो किसिमले हामीले सहयोग गर्न सक्छौ । सुचनाको कुरा गर्दा नीजि गुठी कति छ । मोहीहरुको संख्या कति छ । एलानी प्रति र बाँझो जग्गा कति छ ? यी सुचनाहरु उपलब्ध गराई हामीले सहयोग गर्न सक्छौ । भर पर्दो सुचनाहरु भयो भने दवाव दिन पनि सजिलो हुन्छ । सुचना नै सवै भन्दा ठुलो हतियार हुन सक्छ ।

भूमिअधिकार अभियानमा काम गर्ने जो सुकै अभियानकर्ता वा अन्यले कानूनी कुराहरु थाहा पाउनु त्यतिकै जरुरी छ । अहिलेको नीति नियम भित्र बसेर केही सकारात्मक कामहरु गर्न सकिन्छ । जग्गाहरुको मुद्दा लड्न निकै गार्‍यो हुन्छ । किसानहरुले पनि लड्नुको सट्टा त्यतिकै छोडिदिएको हुन्छ । त्यसमा न्यायको लागि पहुँच पुर्‍याउनको लागि के गर्न सकिन्छ । हामीले कस्तो किसिमको भूमिका निर्वाह गर्न सकिन्छ भन्ने कुरा महत्व हुन्छ । प्रत्येक जिल्लामा भूमि अदालत भयो भने किसानहरु भोल्नु पर्ने धेरै समस्याहरु कम हुन्छ ।

खाद्य सुरक्षाको परिभाषाा सवैको लागि खाद्य बस्तु माथि पहुँच हुनपर्छ भन्ने हो । आफ्नो उत्पादनले मात्रै खाद्यन्न पुर्‍याउनेको संख्या नेपालमा निकै कम छ । खाद्य सुरक्षाको दृष्टकोणबाट कुरा गर्दा खाद्य अधिकार खाद्य संप्रभुता र राज्यको दायित्वको कुरा आउँछ । खाद्य अधिकार मानव अधिकारको मुख्य एउटा अंग

भएकोले धेरै जसो राज्यहरुले यसलाई मान्यता दिएको छ । खाद्य सुरक्षा उपलब्ध गराउनु पर्ने मुख्य दायित्व राज्यको पनि हो । राज्यको कर्तव्य र दायित्वमा अभियानकर्ताहरुले केही सहयोग पुऱ्याईयो भने खाद्य सुरक्षा उपलब्ध हुनुपर्छ । राज्यले खाद्य असुरक्षा भएको अवस्थामा खाद्य उपलब्धता गर्ने र खाद्य माथि पहुँच बठाउनु पर्ने हुन्छ । कोही ठाउँमा गरिबहरुको बस्ती छ । त्यहाँ आम्दानीको अन्य स्रोतहरु छैन । त्यहाँ भोकमरीको समस्या हुन्छ । त्यतीखेरी सस्तोमा खाद्यन्न उपलब्ध गराउने दायित्व पनि सरकारको हुन्छ । त्यस्तो अवस्था परिरहेको छ भन्ने, राज्यलाई दवाव दिने काम अभियानकर्ताहरुको पनि हुन्छ । अभियानकर्ताको भूमिका त्यतिखेर राज्यलाई ध्यानमा राखेर विभिन्न अंगहरुमा गएर समस्या बताउने सहयोग हुनसक्छ । खाद्य सुरक्षा भनेको खाद्य माथिको पहुँच पनि हो ।

कुनै ठाउँमा खाद्य उत्पादन नै हुँदैन भने त्यस्तो ठाउँमा खाद्य माथिको पहुँच कसरी बढाउन सकिन्छ भन्ने कुराहरुमा हामीले ध्यान दिनु पर्ने हुन्छ । त्यहाँको ब्यक्तिहरुको आयस्तर कसरी बढाउने ? उनिहरुलाई रोजगारीको अवसरहरु कसरी सृजना गर्ने ? यस्तो अवस्थामा राज्यले कसरी सहयोग गर्न सक्छ ? खाद्यन्न पनि गुणस्तरको हुनु आवश्यक छ ।

भूमिसुधारले खाद्य सुरक्षालाई कसरी सुधार गर्छ भन्ने कुरा हो । भूमिसुधार राम्रोसंग भयो भने, खाद्य उपलब्धता पनि बढ्छ । जमिनमा उत्पादन जतिखेर बढी हुन्छ त्यतिखेर स्वयं किसानले नै उत्पादन गरेको हुन्छ । उत्पादन दिगो पनि हुन्छ । जसले खेतीपाती गर्न जसको हातमा जमिन हुनुपर्छ । उसले जमिन राम्रो संरक्षण गर्छ । त्यसैले उत्पादन दिगो हुन्छ । प्राकृतिक स्रोतहरुमो संरक्षण हुने सम्भावना पनि धेरै हुन्छ । भूमिसुधार भयो भने खाद्यन्नमा पहुँच पनि बढ्दै जान्छ । बजारका व्यापारिहरुले कृतिम अभाव सृजना गरे पनि किसानहरुको घरमा रहेको खाद्यन्न उपभोग गर्न पाउँछन् । खाफ्नो घरमा रहेको खाद्यन्न गुणस्तर पनि नष्ट भएको हुँदैन । बजाको खाद्यन्न २/३ वर्ष सम्मको पनि हुन सक्छ । शान्तिपूर्ण वातावरण कायम गराउनको लागि पनि राम्रो भूमिसुधारले मद्दत गर्दछ । असमानताहरु धेरै कम हुन्छ । भूमिसुधार राम्रो भयो भने खाद्य सुरक्ष आफै सहज हुँदै जान्छ ।

**संविधानमा भूमिअधिकार**

- जगत बस्नेत

आज हामीले संविधानमा के लेखिनु पर्छ भन्ने विषयमा छलफल गरिरहेका छौ । तर संविधानमा भूमिको सवालको सर्न्दभमा हामिले के गरिरहेका छौ त ? नेपालमा अव बन्ने संविधानमा प्रस्तावको लागि हामीले कुन प्रकृयाद्धारा समुदायमा छलफल गऱ्यौ ? गरिबहरु उठे जुटे संविधान बनाउने लागे भनेका छन् । तर त्यसमा पनि २/४ जना हुनेखाने हरुनै छन् । त्यसकारणले वास्तविक गरीवहरु त अहिले पनि संविधान बनाउने क्रममा छैनन् । अहिले पनि जमिन्दारहरुको नै हालीमुहाली चल्ने सम्भावना छ ।  एउटा पत्रिकामा दिएको थियो । बसपार्कमा सिलौटो बनाउनेहरुलाई पत्रकारले सोधेछ लोकतन्त्र आइपुग्यो भन्छन् तपाईलाई कस्तो लागेको छ भन्दा उसले कहाँ आइपुग्यो हजुर भनेर भनेछ । फेरी पत्रकारले सोधेछ तपाईलाई लोकतन्त्रमा के भइदियोस जस्तो लाग्छ भन्दा उसले भनेछ पुलिस आएर मलाई नलखेटे हुन्थ्यो । उसलाई एउटा चिन्ता के छ भने लखेटी दिन्छ । त्यसैले अहिलेपनि हुनेखानेहरु संविधानमा लेख्ने क्रममा अगाडि छन् । उनीहरुको कुरा कसरी हाल्ने भन्ने कुरामा छन् । अर्को प्राकृतिक स्रोत साधन समितिले बुझाएको मस्यौदामा के छ भन्ने कुराहरु तपाई हामीले हेर्नु भएको छ कि छैन ? हाम्रो समूहमा गएर छलफल हुनुपर्छ कि पर्दैन ? त्यसपछि हामीले पार्टी र नेताहरुसंग कुराकानी गर्ने । हामीले भनेका कुरा त्यहाँ पऱ्यो कि परेन ।

हामीले हदबन्दी भन्दा माथिकोलाई क्षतिपूर्ति दिनु हुदैन भनेर भनेका छौं । त्यो कुरा अहिले हदबन्दी भित्रकोलाई सबैलाई क्षतिपूर्ति दिनुपर्छ मौलिक हक समितिले लिएर गयो त्यो विषयमा नेपाली कांग्रेस, एमाले लगायत थुप्रै मद्देशवादी दलका नेताहरुले सभासदहरुले क्षतिपूर्ति नदिकन हुदैन भनेर राखेका छन् । त्यसरी भनेको कुरामा हामीले तपाईको पार्टीले यहाँ एउटा कुरा गर्ने तर तपाईको पार्टीले यो गऱ्यो नि भनेर प्रश्न राख्यौ कि राखेनौ, फोन गऱ्यौ कि कि गरेनौ, एस.एम.एस गऱ्यौ कि कि गरेनौ, चिठ्ठी लेख्यौ कि लेखेनौ त्यो नगरीकन त एउटा कुरा गऱ्यौ अर्को भइदिन्छ । पहिलाको संविधानमा यो कुराहरु थियो र आव यो थप गर्नु गऱ्यो भन्ने हिसावले हामी लाग्नु जरुरी छ । अहिले पनि संविधान लेख्ने कुरामा धनिहरु नै बढि छन् ।

संवैधानिक व्यवस्था नभएर गुठीको यत्रो कुरा सर्वोच्चले रोकिराखेको छ संविधानले परिवर्तन गर्नुपर्छ भनेर बसिराखेको छ । त्यसकारणले हामीले यत्रो धम्कि खाइराखेका छौ यहि काम गर्दा भने त्यहि एउटा कुरा ठीक समयमा ठीक कुरा गर्न सकेनौ भने हामीले गरेको दुःख खेर जान्छ ।

हामीहरु धनीहरुको मात्र सम्पत्तीको कुरा गरिरहने की गरिबहरुको सम्पत्तीमो पनि कुरा गर्ने ? यदि गरिबहरुको सम्पत्तीको कुरा गर्ने हो भने, जसले जमिनमा श्रम गर्छ । ति श्रम गर्ने मानिसहरुको सम्पत्तीको कुरा गर्ने कि नगर्ने ? तिनको अधिकारलाई सुनिश्चित गर्ने की नगर्ने ? महिलाहरु रातोदिन जमिनमा श्रम गर्छन् । त्यो श्रमको कुरा गर्ने की नगर्ने ? चाइनाले के गरेको छ भने, ६० वर्ष सम्म काम गरेर बसेको किसानले ६१ वर्ष देखी पेन्सन खाएर बस्छ ।




| प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँट समिति | मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति |
|---|---|
| **सम्पत्तिको हक :**<br>(क) प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग | (क) प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने, व्यावसायिक लाभ |

| | |
|---|---|
| गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ । तर सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्ति वा संस्थाको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्दा कानुनबमोजिम उचित क्षतिपूर्ति दिइनेछ ।<br>ख) राज्यले वैज्ञानिक/क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागू गर्दा कुनै पनि व्यक्ति वा संस्थाको हदबन्दीभन्दा बढी जमिन कानुनबमोजिम अधिग्रहण वा प्राप्त गर्न सक्नेछ ।<br><br>**राज्यका नीतिहरु**<br>(छ) सामन्ती भू-स्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्वन गर्ने,<br>(ज) भूमिहीन सुकुम्बासी, कमैया, हलिया, हरुवा-चरुवा, कमलरीलगायत्का आर्थिक सामाजिकरुपले पछाडि पारिएका वा परेका वर्गलाई जग्गालगायत आर्थिक सामाजिक सुरक्षाको वैकल्पिक व्यवस्था गर्ने नीति लिने ।<br>(झ) आर्थिक अधिकारमा महिलाको समान हक स्थापित गर्ने नीति अवलम्वन गर्ने । | प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।<br>(ख) प्रगतिशील करको मान्यताअनुरुप राज्यले व्यक्तिको सम्पत्तिमा आवश्यकताअनुसार कर लगाउन सक्नेछ ।<br>(ग) सार्वजनिक हितका लागिबाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन । तर कुनै पनि व्यक्तिले गैरकानुनीरुपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन ।<br>(घ) वैज्ञानिक भूमिसुधारको प्रयोजनका लागि भूमिहीन किसान तथा सुकुम्बासीलाई वितरण गर्न जमिन अधिग्रहण गर्दा वा उपधारा (ग) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकार सिर्जना गर्दा कानूनबमोजिम क्षतिपूर्ति दिइनेछ । क्षतिपूर्तिको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारण गरिएबमोजिम हुनेछ ।<br>(ङ) भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा सहरी विकास गर्न राज्यले कानून बनाई भूमिको नियमित र व्यवस्थापन गर्न सक्नेछ । |

## नयाँ संविधानमा भूमिको मुद्धा

नेपालको लेखिदैं गरिएकोसंविधानमा प्राकृतिक स्रोत जमिन वास्तविक खेती गर्ने किसान, कृषिश्रमिक र भूमिहिन तथा मोहीको पहुँच र नियन्त्रणमा जाने स्पष्ट व्यवस्था हुनुपर्दछ । ग्रामीण विकास, सामाजिक न्याय, गरिव वर्गको जीविका सुरक्षालाई ग्यारेण्टी गर्न आवस्यक भूमिसुधार गर्न संविधान कुनै पनि हिसावले बाधक बन्नु हुदैंन ।

नेपालको भूमि व्यवस्था न्यायिक र प्रभावकारी बनाउनका लागि तलका विषयहरु संविधानमा समेटिनु पर्दछ ।

**प्रस्तावनाः**

- नेपाली समाज तथा राज्यको विद्यमान अर्ध सामन्ती तथा अनुपस्थित जमिनदारी संरचनाको पुर्ण अन्त्य गरी घरबास सबैलाई खेतीयोग्य जमिन श्रम गर्नेको स्वामित्वमा रहने समाजबाद उन्मुख जनताको संघीय लोकतान्त्रीक गणतान्त्रामत्क नेपाल हुने छ ।

**मौलिक हक**

**संपत्तिमाथिको हक :** प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधिनमा रही सम्पत्ती आर्जन गर्ने, भोग गर्ने बेचविखन गर्ने र संपत्तिको अन्य कारोबार गर्ने हक हुनेछ तर खेतीयोग्य जमिन प्राकृति श्रोत र उत्पादनको साधन भएकोले यसलाई जस्ले आफ्नै श्रमले ब्यावस्थापन र दैनिक उत्पादनमा सक्रिय सहभागी हुन्छ उसैको नियन्त्रण र स्वामित्व हुने छ । तोकिएको हदबन्दि भन्दा माथिको जमिन ब्यक्तिगत संपत्ति सरह मानिने छैन वा भुमिसुधार गर्दा हदबन्दिभन्दामाथिको जमिनमा क्षतिपुर्ति दिइने छैन ।

**शोषण विरुद्धको हक** : कसैलाई हलिया, हरुवा, चरुवा, कमलरी वा नोकर चाकर राख्न पाइने छैन । कसैलाई बाँधा बनाउन पाइने छैन ।

**खाद्य सम्प्रभूता तथा आवासको हक :** प्रत्येक व्यक्तिलाई खाद्य सम्प्रभूताको हक हुनेछ र यस्तो अधिकारको उपभोगमा बालवालिका, वृद्ध र विपन्न महिलालाई प्राथमिकता प्राप्त हुनेछ । सबै नेपाली नागरिकलाई पारिवारिक रुपमा सुरक्षित आवासको हक हुनेछ ।

**नागरिकको कर्तब्य** : ब्यक्तिले खेतीयोग्य जमिन बाँझो राख्न वा ठेक्का, अधिया वा लिजमा दिन नपाउने, आफ्नै श्रम र लगानीबाट उत्पादनमा बृद्धि गर्नुपर्ने तर उचित ज्याला दिएर भने काममा लगाउ पाउने ।

**राज्यको दायित्व निर्देशक सिद्धान्त तथा नीतिहरु**

(१) सामन्ती भुस्वामित्वको अन्त्य गर्दै एकिकृत भुमिसुधार जोताहा तथा भुमिहीन किसानका पक्षमा लागु गर्ने नीति छिटै कार्यन्वयन गर्ने

(२) मोही, सुकुम्बासी, हलिया, हरुवा, चरुवा, कमैया, कमलरी, कृषिमजदुर लगायतका आर्थिक सामाजिक रुपले पछाडि पारिएको वर्गलाई जग्गा लगायत आर्थिक, सामाजिक सुरक्षा सहितको पुर्नस्थापना गर्ने नीति लिने ।

(३) आवास र कृषि जमिनको स्वामित्व र नियन्त्रण एवं पैत्रिक सम्पत्तिमा महिला पुरुष, छोरा छोरी दुबैको समान हक हुने नीति लिने ।

**निर्देशक सिद्धान्त**

(१) देशमा उपलव्ध प्राकृतिक श्रोतसाधनलाई सीमित व्यक्ति वा वर्गमा केन्द्रित हुन नदिई त्यसको उपयोग र लाभलाई सामाजिक न्यायको आधारमा वितरण गरि सामन्ती आर्थिक तथा उत्पादन सम्वन्धलाई अन्त्य गर्दै एकिकृत भुमिसुधारकामाध्यमबाट गरिव मानिसहरुको जीवनस्तरमा आमुल परिवर्तन गर्नु राज्यको उद्देश्य हुनेछ ।

(२) एकिकृत भुमिसुधारको आधारमा प्राकृतिक श्रोतहरुको अधिकतम प्रयोग गरी ग्रामीण औधोगीककरण र रोजगारी सिर्जना र आर्थिक उन्नती गर्ने राज्यको उद्धेश्य हुनेछ ।

(३) भूमिमा श्रम गर्ने किसान र कृषि श्रमिकहरुको समावेशी सिद्धान्तका आधारमा राज्यका संरचनाहरुमा सहभागिताको हक हुनेछ ।

**राज्यका नीतिहरु**

(१) राज्यले कानुनी रुपमा भूमिहीन, जोताहा मोहीहरु, नियमित कृषि मजदुरहरुले जोतिरहेको जमिन ब्यक्तिगत वा सामुहिक रुपमा पाउने ब्यवस्था गर्नेछ । यसको लागि संसदले प्रभावकारी हदबन्दी, कृषि सहयोग, ग्रामीण विकासलाई ध्यानमा राखेर नीतिहरु अनुमोदन गर्ने छ ।

(२) राज्यले मोही, सुकुम्बासी, हलिया, हरुवा, चरुवा, कमैया, कमलरी, कृषिमजदुर लगायतका आर्थिक सामाजिक रुपले पछाडि पारिएको वर्गहरु र अन्य स्वतन्त्ररुपमा रहेका किसानका संस्थाहरुको सहभागिता कार्यक्रमहरुको योजना र ब्यावस्थापनमा सुनिश्चित गर्ने छ । कृषिका निम्ति उचित प्रविधि, अनुशन्धान, आर्थिक सहयोग, उत्पादन, बजार र अन्य सहयोगी सेवाहरु उपलब्ध गराउने नीति लिनेछ ।

(३) वातावरण संरक्षण, सामाजिक न्याय सहितको विकास र कृषि सुधारका आवश्यकतालाई ध्यानमा राखेर संसदले सरकारी अधिनको जमिनको क्षेत्रफल कति उपार्जन गर्न पाउने, कति लिन पाउने अथवा भाडामा पाउने र त्यस सम्बन्धी शर्तहरुको निर्णय र ब्यावस्था गर्ने छ ।

(४) राज्यले ग्रामीण औद्योकिकरण, रोजगार, उत्पादनका लागि जमिन मालिकहरुलाई कृषि सुधार कार्यक्रममा लगानी गर्न प्रोत्साहन गर्नेछ ।

(५) राज्यले विस्तृत ग्रामीण विकास र एकिकृत भुमिसुधारलाई संगै लैजान प्रोत्साहन गर्नेछ ।

(६) राज्यले गैर सरकारी संस्थाहरु, समुदायमा आधरित संस्थाहरु र नागरिक समुदायलाई एकिकृत भुमिसुधार र राज्यको आर्थिक विकासमा सहयोग पुराउन प्रोत्साहन गर्नेछ ।

(७) जति सक्दो चाँडो समयमा सरकारले बाँझो वा प्रयोग विहीन कृषियोग्य जमिनहरुलाई एकिकृत भुमिसुधार कार्यक्रमका लाभदायी समुहहरुलाई वितरणका निम्ति कानुनले तोके बमोजिम आफ्नो अधिनमा बनाउने छ र वितरण गर्ने छ ।

(८) नेपालमा कुनै पनि बहुराष्ट्रिय कंपनी वा विदेशी कंपनीहरुको नीजि स्वामित्वमा जमिन हुने नीति लिने छैन वा राख्न दिने छैन ।

(९) यो संविधान लागु भएको २ वर्षभित्रमा

- खेतीयोग्य जमिन जोताहाहरुको स्वामित्वमा जाने नीति र कार्यक्रम लागु गर्ने छ ।
- भु उपयोग नीति निर्माण गरी लागु गर्ने ।
- अब्यावस्थित बसोबासीलाई बासको ग्यारेन्टी गर्ने ।
- जमिनका कारणले रहेका सबै शोषणहरुको अन्त्य गर्ने
- समग्र भूमिसुधार लागु गर्ने
- महिला र पुरुषका नाममा संयुक्त लालपुर्जा जारी गर्ने ।

**संवैधानिक निकायहरुको संरचना**

- भूमि तथा कृषि विकास आयोग
- यसमा किसानहरु र भुमि तथा कृषि विज्ञहरुको मात्र सहभागितामा केन्द्रदेखि जिल्लासम्म बन्ने छ ।

सामाजिक संरचना - शक्ति संरचनामा परिवर्तन ल्याउने वा नल्याउने, सबैलाई श्रोत संपन्न बनाउने वा नबनाउने

**यो संरचना फेर्ने वा नफेर्ने?**

| | शक्तिवीहिन | शक्तिशाली |
|---|---|---|
| घरपरिवार | महिला | पुरुष |
| समुदाय | गरिवहरु | धनीहरु |

| | | |
|---|---|---|
| वर्गीय | सुकुम्बासी, मोही, भरिया, कृषि मजदुर, हरुवा, चरुवा, कमैया, हलिया, अधिया वा ठेक्कामा जमिन कमाउने | जमिनका मालिकहरु |
| जातीय | दलित र जनजाती | क्षेत्री ब्रामण, झा, यादव |

शक्तिको संतुलन गर्ने की नगर्ने । गर्ने हो भने भूमिको पुर्नवितरण गर्ने संवैधानिक प्रावधान हुनु पर्‍यो । जमिन सम्पत्ती, शक्ति, सम्मान, पहिचान, खाद्य सुरक्षा, जिविक सुरक्षा, स्वतन्त्रता पनि हो । भूमिसुधार राज्यको पुर्नसंरचनासंग पनि गाँसिएको छ, भूमिसुधार विना राज्यको पुर्नसंरचना पनि नहुन सक्छ ।

**जारी राख्नुपर्ने प्रयासहरु**

- सभासदलाई फोन, संगै बसेर कुरा गर्नु पर्‍यो
- राजनीतिक दललाई भेटेर कुरा गर्नुपर्‍यो, तपाइँको पार्टिले धनीहरुको पक्षमा संविधान लेख्यो, कुन नेताले वा कुन सभासदले के भन्यो ? लिखित प्रमाण सहित, मेडियामा बोलेको प्रमाण लिनु
- सभासदलाई चिठ्ठी,दललाइ चिठ्ठी
- पत्रिकामा चिठ्ठी, लेख, समाचार
- जिल्ला नेताबाट केन्द्रिय नेतालाई फोन, सभासदलाई फोन गराउनु पर्‍यो
- जिल्ला जिल्लामा सभासदहरुसंग छलफल
- एसएमएस सभासद, नेता
- पत्रकारसंग भेटघाट, आफ्ना कुरा लेखिदिन अनुरोध, गाउँगाउँमा भेला
- हाम्रो झोला खल्तीमा संविधानमा के लेखिनुपर्छ एक वा दूइपेजको सामग्री
- नागरिक समाज, शुभचिन्तक सबैलाई यसका बारेमा बोलिदिन अनुरोध
- लिखित प्रस्तावहरु
- सबैलाई सोध्ने १० महत्वपुर्ण प्रश्नहरु
- ब्यापक दवाव सिर्जना र सभासद आउँदा नैतिक रुपमा नै स्वीकार्य गराउने

**भूमिसुधार, संगठन र आन्दोलन**

**- जगत देउजा**

भूमिअधिकारको जुलुस तथा ऱ्यालीहरुमा सहभागी नभएका कोहि छौं ? कोहि छैनौ हामी सबै सहभागी भएका छौं । यस्तो जुलुसको थुप्रै आयोजना पनि हामीले गरीसक्यौ । हामीले गरेको अभियनमा सहभागी भूमिहिन सुकुम्बासीहरुको अनुहार पढ्नुस त तपाईहरु उहाँहरुले के खोजिरहनुभएको छ । उहाँहरुले अरुले भन्दै गरे जस्तो सुकुम्बासीहरु होलान् ? होइन । कसरी होइन भने । सायद उहाँहरुले कहिले ढाट्न जान्नुभएको छैन होला । विभिन्न ऱ्याली तथा सभाहरुमा उहाँहरुको प्लेकार्डमा बिभिन्न खाले नारा (जमिन्दारी प्रथा चाहिदैन, मोही मुद्दा बिना झन्झट छिनोफानो गर, भूमि सभा सफल पारौं) लगाउँदै प्लेकार्डहरु बोक्ने गर्छन् ।

यो किन भन्न खोजेको भने हामी १३० जना अभियानकर्मीहरु यस्तै साथीहरुको लागि हामी काम गरीरहेका छौ । अथवा हामी खास गरिब भूमिअधिकारबाट बञ्चितहरुका लागि काम गरीरहेका छौ । श्रम गर्दागर्दै भोकै रहनुभएका मानिसहरुका लागि काम गरिरहेका छौ । यदि कतै हामीले बाटो विरायौ भने उहाँहरुले के

भन्नुहोला त्यसकारणले धेरै जिम्मेवारी छ हामी संग । थोरै भूमिसुधारको कुरा गरौ हामीले भूमिसुधारको कुरा गर्दा खेरी कतिपय तपाई हामी सबैका विचार सुन्दाखेरी यो जग्गा नापी भएन नापी गरीदिनु पर्‍यो, हामी ऐलानीमा छौ हाम्रो दर्ता हुनु पर्‍यो, गुठीको जग्गाले हामीलाई समस्या पार्‍यो अथवा हाम्रोगाउँ ब्लकमा छ नापी हुनु पर्‍यो । यस्तो कुराहरु हामी धेरै गर्छौ । तर हाम्रो छलफल यो भन्दा धेरै अगाडि जानु जरुरी छ । के जग्गा जति जति छ त्यति नापी दियो भने देशको भूमि समस्या हल हुन सक्छ ? हामीले भनेको हाम्रो भूमिअधिकारबाट वञ्चितहरुले खान पाउन सक्छ ? त्यसकारणले हामीले के बुझ्नु पर्‍यो भने २०२१ साल पछाडि जुन भूमि ऐन लागु भएर भूमि विगार भैरहेको छ भूमिसुधारको नाममा भूमि विगार भैरहेको छ नापी होस, कित्ता काट होस या धनीहरुको नाममा बैद्य गराउने कुराहरु भैरहेको छ त्यसलाई सच्याएर मात्र भूमिसुधार सम्भव छैन त्यो भन्दा धेरै अगाडि बढेर हामी जानु जरुरी छ ।




विभिन्न कोणबाट हेर्दा । हाम्रो आन्दोलनले भूमिसुधारलाई ३ वटा गोलामा हेरीराखेको छ । एउटा भूमिको वितरण, हामीले वर्षौ देखी के भन्दै आइरहेका छौ भने अहिले भएको अन्यायपूर्ण भूमिको वितरणलाई न्यायपूर्ण नगरेसम्म यो भू-उपयोग र कृषि सुधारले मात्र कुरा गरेर हुदैन । ल एकदम कृषि सुधार भयो सिंचाई भयो मल भयो, बिऊ भयो, बजार भयो, प्रविधि भयो कसलाई फाइदा भयो हुनेखानेले फाइदा पाउँछ । त्यसो भएको हुँनाले हामीले आन्दोलनको भूमिसुधारलाई ३ वटा गोलो बराबर दिएका छौ । भूमिको वितरणलाई पहिलो मानेका छौ । किनभने अहिले हुनेखाने मान्छेहरु संग जमिन छ । तर उनिहरु श्रम गर्दैनन् । हुँदाखाने मान्छेहसंग जमिन छैन तर उनिहरु नै रातदिन जमिनमा श्रमपसिना बगाउँछन् । उनीहरुको हातमा भूमि जाने कुरा हाम्रो पहिलो शर्त हो तर हामीले कहिले भनेका छैनौ कि भूमि वितण गर्ने वित्तिकै सबै समस्या हल हुन्छ यसको साथसाथै कृषिसुधार र भू-उपयोगलाई पनि संगसंगै लैजानु पर्ने हुन्छ ।

भूमिको वितरण हामीले किन भनिराखेका छौ भूमिको वितरण भनेको खानाको वितरण हो । भूमिको वितरण भनेको जमिनमा श्रम गर्ने मानिसको हातमा, गरिबको हातमा जानु भनेको खानाको पनि वितरण हो । हेर्दा खेरी हामीले भूमिको वितरणको कुरा गरिरहेका छौ तर यो खानाको पनि वितरण हो, सपनाको पनि वितरण हो उसको भविष्य, उसको जिन्दगी, उसको नयाँ सोच, परिकल्पनाको पनि वितरण हो । अर्को शक्तिको पनि वितरण हो । हामीले खाली भूमिको वितरणको कुरा भात खानलाई, रोटी खानलाई, पेट भर्नलाई मात्र गरिरहेका छैनौ ।




भूमिको वितरण नभईकन अहिलेको तपाई हामीले राजनैतिक स्थानमा पहुँचको कुरा गरीराखेका छौ नि त्यो पनि संभव छैन । त्यसकारणले शक्तिको वितरण त्यसैले महिलाहरुलाई जमिन जानुपर्ने कारण के हो त ? खानको लागि मात्र होइन नि पुरुष र महिला बीचको असन्तुलित शक्तिलाई सन्तुलन बनाउन पनि भूमिको कुरा गरीराखेका छौ । त्यसैले भूमिको वितरण भनेको खानाको वितरण हो, सपनाको पनि वितरण हो, शक्तिको पनि वितरण हो, न्यायको पनि वितरण हो, सम्पतिको पनि वितरण हो,

आत्मसम्मानको पनि वितरण हो, अधिकारको पनि वितरण हो र अन्त्यमा खुशीको पनि वितरण हो । भूमि दिनु भनेको खुशीको पनि वितरण हो र शान्तिको पनि वितरण हो । हामीले भूमि चाहियो भन्ने कुरा गरेको खाली खानाको लागि र जीविकाको लागि मात्र होइन । सबै कुरा शक्तिको, आत्मसम्मानको, अधिकारको र न्यायको लागि पनि भूमिको कुरा गरेको हो । अहिलेको भूमि वितरण जस्तो ३०० विगाह भनेको ३०० विगाहा नै राख्ने एक धुर पनि नहुने हरुवालाई यतिकै राख्ने उसलाई अरु सबै कुरा दिने तर पनि उसको जिन्दगी सुर्धिने वाला छैन ।

**किसानलाई जग्गा**

भूमिसुधारको पहिलो कुरा के हो भने किसानलाई भूमि दिने यहाँ थोरै कुरा उठेको थियो । कोहि मान्छे विदेश गएर २०० विगाहा कमाई गरेर २०० विगाहा जग्गा किन्या रहेछ भने के गर्ने ? भन्ने कुरा उठेको थियो । त्यस्तो त कोहि पनि छैन होला हाम्रो देशमा । एउटा कुरा के भन्न जरुरी छ भने कोहि पनि  मान्छे सहि काम गरेर धनी हुन सक्दछ तर असाध्यै धनी हुन सक्दैन, संभव छैन । त्यहाँ वैध अवैध हिसाबले जे देखिए पनि त्यहाँ केहि गडबढी भैरहेको छ । मेरो विचारमा कोहि पनि विदेशमा कमाई गएर २०० विगाहा जमिन जोड्न सक्दैन । अर्को कुरा के भने को संग कति जग्गा छ भन्दा पनि उसले खेती गर्छ कि गर्दैन यो प्रमुख कुरा हो । हामीले जाने बुझेको कुरा के हो भने किसानलाई जग्गा । किसान भनेको के हो त ? किसान भनेको खेतीपाती गर्ने किसान र खेतीमा आश्रित किसान यो नै आधारभूत कुरा नै किसानलाई जग्गा हो । हामी धेरै फिल्डमा हिड्ने मान्छेहरु जमिन्दारसंग अथवा धनी मान्छेसंग झगडा पर्छ भन्छौ । त्यतिबेला हामीले के भन्नुपर्छ भने तपाई आउनुस खेती गर्नुस स्वागत छ यदि होइन भने जमिन छोड्नुस यहि नै भूमिसुधारको पहिलो शर्त ।

किसान भनेको खाली हलो खेलाउने मान्छेलाई मात्र बुझ्नु भएन किसान भनेको एउटा आफ्नो खेती भएको खेती मा आफै काम गर्ने पनि किसान हो अर्को कुरा कोहि शारीरिक असक्त छ र खेती गर्न सक्दैन तर खेती गराईरहेको छ र ऊ संग पैसा छैन भने ऊ पनि किसान नै हो । त्यसैले अब हामीले किसानको परिभाषामा के पनि उल्लेख गर्नुपर्छ भने अर्काको खेती गर्ने मान्छेलाई पनि किसान नै भन्नुपर्छ किसान नै हो ।  उसको पेशा पनि किसानकै छ  । त्यस बोहेक अहिले खेती नगर्ने तर किन नगर्ने भन्दा खेती नपाएर नगर्नेलाई सिप चै छ तर नपाएर नगर्नेलाई पनि हामीले यसमा हालेर हेर्नुपर्ने हुन्छ ।

४ वटा कुरालाई हामीले हेर्नुपर्ने हुन्छ । किसानलाई जग्गा खेती गर्ने लाई स्वागत र नगर्नेलाई बाईबाई जस्तो हामीले भूमिहिन नै मान्छे छ तर उसले खेती गर्दैन भने उसलाई हामी भूमि दिनुपर्छ भनेर भन्देनौ । हामी यसमा प्रष्ट हुनुपर्छ । जस्तो कोहि मान्छे भूमिहिन छ तर ऊ खेती गर्दैन र उसको बाच्ने आधार पनि खेती होइन भने उसलाई हामी जमिन दिने कुरा गर्छौ त ? गर्दैनौ । कस्तो भूमिहिनलाई हामी कुरा गर्छौ भने उ खेती मै श्रम गर्छ र अरु पेशा नभएको र  उसको बाच्ने आधार पनि खेती नै हो भने त्यस्ता भूमिहिनको लागि मात्र हामी कुरा गर्छौ । अब तर बिडम्बना के छ भने नेपालम किसानहरुसंग जग्गा छैन आम रुपमा । यो उल्टो भइरहेको छ । भूमिअधिकार आन्दोलनमा हामीले देख्न चाहेको चित्र के भने किसानलाई जग्गा । पहिलो कुरा खेती गर्ने जग्गा राख्ने खेती नगर्ने जग्गा छोड्ने । दोश्रो कुरा महिला किसान जमिनका मालिक । हामीसंग डाक्टर संग जग्गा भयो, इन्जिनियसंग जग्गा भयो, पाइलटसंग जग्गा भयो, शिक्षकसंग जग्गा भयो, सरकारी कर्मचारीसंग जग्गा भयो तर किसानसंग जग्गा भएन । त्यसकारणले भूमिसुधारको पहिलो शर्त किसानलाई जमिन, खेती गर्छौ जमिन राख गर्दैनौ जमिन छोड । अर्को कुरा महिला किसान जमिनका मालिक ।

अब यसमा पनि सबै महिला जमिनका मालिक हुन जरुरी छैन । यसमा किसान शब्दलाई ख्याल गर्न जरुरी छ । महिलालाई जमिनको मालिक मात्र भनेर भन्न भएन अब किसान महिलालाई जमिनको मालिक खेती नगर्ने महिलालाई किन जमिन दिनु पर्‍यो । महिला भएकै कारणले जमिन दिनुपर्छ भन्ने मलाई लाग्दैन । तेस्रो कुरा नयाँ भूमि ऐन । हामीले कहिलेकाँहि यहि विद्यमान कानून अनुसार समस्याको हल गर्न खोजिरहेका जस्तो लाग्दछ हाम्रो प्रयासहरु । अहिलेलेको विद्यमान कानून अनुसार पनि  के के संभव छ त्यो पनि गर्दै जाने तर हामी पुग्न खोजेको ठाँउ चै अहिलेको थोत्रा ऐनले समस्याको हल गर्दै गर्दैन । त्यसकारणले हामीले के कुरा उठाँउदै आएका छौ भने नयाँ भूमि ऐनको अब खाँचो छ । यहि भूमि ऐन २०२१, यहि मागसंस्थान ऐन २०३४, गुठीसंस्थान ऐन २०३९ बाट हाम्रो समस्याको हल सम्भव छैन हल भयो भने पनि जसले पैशा खर्च गर्न सक्छ उसैको हुन्छ । त्यसैले हाम्रो तेस्रो विषय हो नयाँ भूमि ऐन ।

पुर्नवितरण बिना भूमिसुधार असम्भव । हामीले कहिले पनि झुकिनु हुँदैन कि माटोको संरक्षण गरेर, खाद्य सुरक्षा बढाएर मात्रै हामीले चाहेको भूमिसुधार सम्भव छैन । अन्यायपूर्ण वितरण छ यसलाई न्यायपूर्ण वितरण हुन आवश्यक छ अथवा जोत्नेको हातमा जमिन जानुपर्दछ । पूर्नवितरणको कुरा गर्दा अहिलेको हाम्रो संविधानमा प्रष्टसंग लेखिनुपर्ने कुरा के थियो भने क्षतिपूर्तिको सवालमा अहिले लेखेको कुराले समस्याको हल गर्दैन जे जे व्याख्या गरे पनि हुनेवाला छ । क्षतिपूर्तिको सन्दर्भमा ।

(क) हदमाथिको क्षतिपूर्ति नदिने

(ख) हदमुनीको क्षतिपूर्ति दिने भनेर संविधानमा लेखिनुपर्छ भन्ने हाम्रो कुरा हो । यसो भएपछि कुरा प्रष्ट हुन्छ । त्यहाँको प्राकृतिक श्रोत तथा आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिले के भनेको छ भने हदबन्दी भन्दा बढीको जग्गा अधिक्रमण गर्न सक्नेछ । मौलिक हक समितिले के भनेको छ भने राज्यले हदबन्दी भन्दा बढीको जग्गा लिदा पनि क्षतिपूर्ति दिन सक्नेछ भनेर लेखेको छ । त्यसरी हुदैन भन्ने हाम्रो कुरा हो ।

हाम्रो बुझाइमा आवास भनेको घडेरी भन्ने बुझिन्छ तर हामीले एउटा घडेरी दिने बित्तिकै एउटा गरीब मान्छे छ भने उसले घर बनाउन सक्ला अहिले महंगीको हिसावले हेर्दा एउटा मान्छेलाई सुरक्षित आवास बनाउन धेरै पैसा चाहिन्छ । त्यसैले हामीले उठाउँदै आएको कुरा सबैको सुरक्षित आवास हो । तर यो आवास भनेको घडेरी मात्र होइन । अब सबैको सुरक्षित आवास भनेको घर बनाउनको लागि सहयोग अनुदान पनि हो, बाटो चाहियो, बिजुली बत्ती चाहियो, शौचालय चाहियो, पानी चाहियो त्यसपछि मात्र हामी त्यसलाईसुरक्षित आवास भन्न सक्छौ । अब हामीले एक टुक्रो घडेरी बाड्ने कुरालाई सुरक्षित आवास भन्न मिल्दैन । छलफल गर्ने क्रममा अब सबैको सुरक्षित आवास भनेको केबल एक टुक्रा घडेरी मात्र होइन । घडेरी बाड्दा पनि एकदम अलपत्र ढंगबाट होइन एउटा योजनाबद्ध ढंगले बाटो, बत्ती, ढल, पानी यो सबै व्यवस्था गरेर सुकुम्बासीलाई बाड्नुपर्ने हुन्छ होइन भने अहिले जस्तो ठाँउ ठाँउमा घडेरी बाँडेर समस्याको हल हुन सक्दैन ।

अर्को कुरा व्यवहारिक भूउपयोग योजना अहिले यस्तो अलपत्र भैसकेको छ कुरा खेती गर्ने जग्गा सिद्धिन लागि सक्यो प्लटिङ्गले खाईसक्यो । अब खेती गर्ने जग्गा घट्दै गइरहेको छ । हामी कुरा गर्दै जाने अब संविधान बन्नुपर्‍यो, ऐन कानून बन्नुपर्‍यो, नियमावली बन्नुपर्‍यो अनि बल्ल भूमिसुधार लागु होला मेरो सरकार छैन भन्ला धेरै समय लाग्ला । व्यवहारिक भूउपयोग योजना यति ढिला भैसक्यो कि यो हामीले खेतीयोग्य जग्गाको क्षेत्रफल यो, त्यहाँ घर अथवा उद्योग बनाउन नपाइने, उद्योगको क्षेत्रफल यो, आवासको क्षेत्रफल यो, सार्वजनिकको क्षेत्रफल यो, वनको क्षेत्रफल भनेर छुट्याउनु पर्‍यो । अहिले वन र सुकुम्बासीहरु बिच विवाद छ

। नयाँ सिमाङ्कन नभएसम्म यो विवाद रहिरहन्छ । अब अमेरिकाका मान्छेलाई सास फेर्न हामी यहाँ रुख रोपिरहन सक्छौ हामी भोकै परेर हामी वातावरणवादी हाईनौ हामी त मानववादी हौ पहिला खान पऱ्यो ।

हाम्रो कामको मुख्य विन्दु हो भने अहिले समस्या के भैरहेको छ । व्यवहारिक भूउपयोग योजना यति ढिलो भैसकेको काम हो । अब हामीले पनि थाल्नुपर्ने हुन्छ । सरकारको मात्र मुख हेरेर बस्ने होइन हामी गर्न सक्छौ यो कुरा । हामीले कम्तिमा व्यवहारमा लागु गर्न नसके पनि छलफलमा ल्याउन सक्छौ प्रस्तावमा ल्याउन सक्छौ । माओवादीहरुले गणतन्त्र संघ घोषणा गरे जस्तो हाम्रो गाउँको वडाको भूउपयोग योजना प्रस्ताव गर्न सक्छौ जस्तो लाग्छ । यो सामुदायिक वा सार्वजनिक ठाउँ मिचिँदा पनि गरीवलाई धेरै ठूलो समस्या पर्ने हुदो रहेछ । आफ्नो जग्गा नभए पनि कहिलेकाहिँ सामुदायिक ठाँउमा गएर बिस्कुन सुकाउन पाईयो, घाम ताप्न पाईयो, लुगा सुकाउन पाईयो । आफ्नो जग्गा नहुने मान्छेलाई सामुदायिक क्षेत्र नहुँदा गाऱ्हो भयो । जाने ठाँउ कहि भएन । त्यसैले हाम्रो आन्दोलनले सबै जग्गा बाड्नुपर्छ भनेको छैन, बाँड्न पनि हुदैन । त्यसैले पहिला त खेती योग्य क्षेत्र छुट्याउनु पऱ्यो, घर अथवा उद्योग क्षेत्र छुट्याउनु पऱ्यो, सार्वजनिकको क्षेत्र छुट्याउनु पऱ्यो, वनको क्षेत्र छुट्याउनु पऱ्यो र खेती योग्य जमिन किसानलाई दिनुपऱ्यो । यो हिसाबले हामी जानु पर्नेहुन्छ ।

हामीले उठाउँदै गएको कुरा खेती नगर्नेले खेतीयोग्य जग्गा किन्न नपाउने र खेती गर्नेले खेतीयोग्य जग्गा बेच्न नपाउने । खेती नगर्नेले पनि न्यूनतम हद उदाहरणका लागि १० कट्ठा वा २ रोपनी राख्न पाउने तर बेच्न नपाउने यो नभईकन समस्याको हल हुन्छ जस्तो लाग्दैन । हामी कहाँ हदबन्दी तोक्दा खेरी कानूनान के लेख्नुपर्छ भने एउटा कोलममा अधिकतम हदबन्दी र अर्को कोलममा न्यूनतम हदबन्दी त्यसमा पनि (क) र (ख) चाहिन्छ । (क) मा खेती गर्नेको हकमा अधिकतम ३ विगाह न्यूनतम १० कट्ठा वा १ विगाह कति हो त्यति राख्न पाउने । आवासको लागि अधिकतम कति हो त्यति र न्यूनतम कति हो त्यति । खेती गर्ने मानिसले न्यूनतम भन्दा कम जग्गा छ भने बेच्न पाएन कि उसले आजको मितिबाट म किसानी गर्दिन भनेर सहिछाप गऱ्यो भने बेच्न पायो त्यो पनि घडेरीको हदसम्मको जग्गा बेच्न पाएन यो नहुन्जेलसम्म समस्याको हल हुन सक्दैन । धेरै मान्छेले अब भूमिसुधार गरेर सम्भव छैन भनेर भनेका छन् । हामीले १० लाख भूमिहिनको आकडाँ भनिराखेका छौ यो १० वर्ष अगाडिको आकडाँ हो अहिलेसम्म त त्यो बढ्यो होला । यो समस्याको हल नगर्ने हो भने यो बढ्दै जान्छ २० लाख हुन्छ । वास्तवमा भन्ने हो भने अहिले सब भन्दा मेजुरीटी संख्या सुकुम्बासीहरुको छ । यो सुकुम्बासीको समस्यालाई राज्यले बेवास्ता गरिराखेको छ अहिले छुटफुट घटनाहरु घटिरहेको छ यो आन्दोलन बढ्दै जान्छ घट्नेवाला त छैन । खेती नगर्नेले किन खेतीको जग्गा किन्नु । एउटा नियम के बसाल्नुपर्छ भने जग्गा किन्नुपर्ने बेलामा म खेती गर्छु खेती नगरे मेरो जग्गा गुम्यो भने मलाई कुनै आपति छैन भनेर सहिछाप गर्नुपऱ्यो । त्यस्तै आवासको पनि अभिकतम र न्यूनतम । न्यूनतम भन्दा कमको बेच्न नपाइने बरु धितो राख्न पाउने । यस्तो एउटा नियम नभएसम्म समस्याको हल हुन्छ जस्तो लाग्दैन ।

भूमिहिन, किसान र जमिन्दारको नयाँ लगत झुठो विवरण दिए, विवरण भन्दा तल माथिको जग्गा सरकारको हुने एउटा नियम ल्याउनु पर्छ । अहिले सरकारले के भन्छ भने कसको जमिन कति छ भनेर पत्ता लगाउन नै सक्दैनौ । कुन सुकुम्बासी हो भनेर भन्न नै सक्दैनौ भन्छ । सरकारले एउटा कानून ल्याउनुपऱ्यो फाराम पठाउनु पऱ्यो गाविसमा र त्यहाँ प्रत्येक व्यक्तिले फारम भर्नुपऱ्यो त्यसपछि कति छ भनेर पत्ता लगाउन सकिन्छ । अनि मेरो परिवारको नाममा अन्त जग्गा छ भने सरकारले लिए हुन्छ भनेर सहिछाप गर्नुपऱ्यो । हाम्रो नेपालको भूमिहिनताको समस्या दुई वटा कुराले गर्दा अड्किरहेको छ । एउटा सुकुम्बासी पत्ता लगाउन सकिएन भन्ने कुरा अर्को जमिन छैन भन्ने कुरा । हामीले एउटा तर्क के सावित गर्नु पऱ्यो भने जग्गा छ ,

कसरी जमिन छ भन्दा खेरी आज भन्दा छ महिना अगाडि कृषि मन्त्रालयले जारी गरेको सूचनामा पनि १० लाख हेक्टर जग्गा बाँझो छ खेती गर्न सक्ने जग्गा । १० लाख हेक्टर जग्गा भनेको १५ लाख विगाह जग्गा हो । १५ लाख मान्छेलाई १/१ विगाह बाड्न सकिदैनौ हामी भनेपछि सुकुम्बासीको समस्या त हल भयो । हामी संग १४ लाख रोपनी त गुठीको जग्गा छ । १४ लाख रोपनी भनेको एक लाख विगाह जग्गा हो । १ लाख विगाह जग्गा हामीले सहि सदुपयोग गऱ्यौ भने अर्को १ लाख मान्छेको समस्या हल हुन्छ । एउटा कुरा हामीले के तर्क गर्नुपऱ्यो धने हाक्मीसंग अहिले जग्गा छ तर २० वर्षपछि ३० वर्षपछि नहोला ।

अर्को बाँझो राख्न बन्देज । तपाई भक्तपुरमा जानु भयो भने किसानको जग्गा कहि पनि खाली पाउनु हुँदैन । तर हामी कहाँ हेर्नु भयो भने जग्गाको दुरुपयोग भै रहेको छ । बाँझो राख्न बन्देज पुरा खेती हुनुपऱ्यो एउटा क्लज के रारख्न सकिन्छ भने प्राकृतिक कारण बाहेक जग्गा बाँझो राख्न नपाइने । कसैलाई खेती गर्न जमिन छैन कसैलाई बाँझो राख्न पाईन्छ ? अब सुकुम्बासीहरुले र मोहीहरुले पनि जमिन पाउँदा बाँझो राख्न पाइदैन ।

**संगठन**



**अन्त्यमा**

- भूमीअधिकारका लागि हामी आफैं केही गर्न सक्छौं ? (महिलालाई जमिन हस्तान्तरण... कार्ययोजना बनाऔं ।
- संगठनलाई अगाडि लाने दिर्घकालिन, सोच, रणनीति र स्रोतको पारेमा गतिलो गृहकार्य गरौं ।

**केही अनुभवहरु**



**हकवालाको परिषद**
गाविस वा जिविश परिषद हुने अघिल्लो दिन बैकल्पिक गाविस वा जिविश परिषदको आयोजना

**अगुवा तयार पारौं**




**निर्णय समुदायलाई गर्न दिऔं**

निर्णय समुदायलाई गर्न दिऔ । कहिले बैठक गर्ने ? हाम्रो मर्जी । कति समय गर्ने ? हाम्रो मर्जी । के योजनामा छलफल गर्ने ? हाम्रो मर्जी । अहिले आम रुपमा हाम्रो मर्जी धेरै छ । अहिले जनमुखी शिक्षा दुई घण्टा चलाउने भनेका छौ हामीहरुले २ घण्टा चलाउने कि, ३ घण्टा चलाउने कि, त्यो कसको निर्णय ? समुदायको निर्णय, ४ दिनमा गर्ने कि, ५ दिनमा गर्ने कि कसको निर्णय ? समुदायको निर्णय । हाम्रो लागि गर्ने होइन नि त । निर्णय, वास्तवमा धेरै कुराहरु जुलुस गर्ने हाम्रो निर्णय, ऱ्याली गर्ने हाम्रो निर्णय, सभा गर्ने हाम्रो निर्णय, जनमुखी शिक्षा केन्द्र सञ्चालन गर्ने हाम्रो निर्णय, अगुवा भेला गर्ने हाम्रो निर्णय, हामीले नगरे कसले गर्ने । त्यसो भएको हुँनाले कसले कुन निर्णय गर्ने हामीले पनि गर्नुपर्छ उहाँहरुले पनि सबै गर्न सक्दैनन् ।

**हरेक समुदायको परिवेश पुस्तिका बनाऔं**

**सबैले बोल्ने वातावरण**
गीत, कथा र नाटकको प्रयोग बढाऔं ।

**समुदाय र संगठनलाई स्रोत केन्द्रको रुपमा विकास गर्ने ।**
जति सकिन्छ, त्यती समुदायमा सूचना, छलफल, योजना, स्रोत परिचालन

**अव लेख्न थालौं ।**
काम, अनुभव र सिकाईको अभिलेखन

हरेक संगठनमा आर्थिक अधिकारको काम बढाउँ
बैठक र समिक्षा धेरै हैन, गुणात्मक बनाऔं ।

छलफलको सामाग्री खोई ?
दृस्यात्मक सामाग्रीको प्रयोग, स्थानीय स्रोतको नक्शाकंन र प्रयोग
अतिथी सहजकर्ता भईरहनु पर्दछ । संविधान र कानुन बोकौं ।
पुराना, सडेगलेका भ्रमहरुलाई पनि चिर्न नसकिएको अवस्था छ । यसलाई चिर्न बैचारिक रुपले खारिएका कार्यकर्ता र न्याय, अन्यायको बहश गर्न सक्ने सामर्थ्य बढाऔं । आआफ्नो संगठन बलियो बनाऔं

**<u>तेस्रो दिन (१७ पुस, २०६६)</u>**

**प्राकृतिक स्रोतमा राजनीति र कार्यकर्ताको भूमिका**

- कृष्ण पौड्याल

***जुन दिन अन्तिम एउटा रुख काटिने छ, अन्तिम खोला सुक्ने छ र अन्तिम जनावर मर्ने छ । तव मात्र मानिसले थाहा पाउनेछ कि पैसा खाएर बाँचिदैन । - एक आदिवासीको भनाई***

सामुदायिक वन जब एउटा विधान दर्ताको प्रक्रियामा गएर समुहमा गयो । अब अहिले त समुहलाई हस्तान्तरण भईरहेको छ । त्यो हुनुपूर्व हामीले कसरी जंगल उपभोग गरिरहेका थियौ । अहिले सामुहिक भएर कसरी उपभोग गरिरहेका छौ । जस्तो पहिले हामीले मनपरी जसरी गरे पनि हुन्थ्यो भने अहिले समूहमा आबद्ध भएपछि समूहले बनाएको नीति, नियम, निर्देशन अनुसार सामुदायिक वनमा त्यहाको वनपहिदारहरु लिने त्यसपछि त्यसको संरक्षण गर्ने, सम्बर्द्धन गर्ने र उपभोग गर्ने कुराहरुमा एउटा ज्ञान हासिल गरे । सामुदायिक वनको वनपैदावारहरु समूहका उपभोक्ताहरुले निश्चित रकम तिरेर उपभोग गरिरहेको अवस्था छ । त्यो निर्णय त्यहाँको उपभोगताहरुले गर्छ । एउटा निर्णय गर्ने साधारणसभाले कार्यसमिति चयन गर्छ । उनिहरुले नै निर्णय गर्छ । नेपालको विगत ३० वर्ष देखि यो समुदायको हामी सबै किसानको छ । वनजंगल बिना खेतीपाती असम्भव छ । त्यसो हुँदाखेरि यो वनजंगल जोगाउने र वनजंगलबाट समुदायलाई फाइदा पुऱ्याउने भनेर नेपालमा सामुदायिक वन अभियानको रुपमा शुरु भएको छ ।

अहिले सम्म १६ हजार भन्दा बढी वनसमूहहरु बनेका छन् र अझै बढ्ने क्रममा छ । यो वन समुदायलाई दिइएको छ । समुदायले आफ्नो विवेकले वन जोगाउने र वनबाट बढी भन्दा बढी फाइदा समुहलाई कसरी पुऱ्याउने भनेर सामुदायिक वन स्रोतबाट गरीव, उत्पीडित, पछाडि परेका समुदायलाई मद्दत गर्ने भन्ने उद्देश्यले आयो । हामी यहाँ कार्यकर्ताहरु हुनुहुन्छ , भूमिहिन किसानहरु हुनुहुन्छ, गाउँले साथीहरु छौ । कति जना साथीहरुले त्यस्तो मद्दत सहयोग पाउनुभएको छ ।

एउटा उदाहरण  कैलालीमा धनगढी वडा नं ७ मा सामुदायिक वनमा दलित परिवारहरुलाई त्यहा नियम के थियो भने, ३२०० भएका सदस्य हुन पाउने तर पछि हाम्रो अभियानले दलित परिवारलाई निशुल्क सदस्य हुन पाउने प्रस्ताव राखेपछि निशुल्क भर्ना गरियो र त्यसको वार्षिक बजेटमा आयआर्जन नभएकाहरुलाई आयआर्जनमा लागि जुन बजेट छ त्यसको १० प्रतिशत कसैलाई २० प्रतिशत छुट्याएको छ । लगभग ४० हजार जति छुट्याएर दलित परिवारलाई आयआर्जनको काममा लगाएको छ । सामुदायिक वनले विपन्न परिवारहरुलाई सुगुर पालनको लागि १६०० रकम दिएको छ र पाल्ने मानिसले जति वर्ष पाले पनि पछि बेच्ने बेलामा साउ मात्र बुझाउनुपर्छ ।

हाम्रो गाउँ समुहमा वनसमुहमा भएको साथीहरु जसलाई गरीव विपन्न भनेर छुट्याएको छ उहाँहरुलाई केहि सहयोगहरु दिन थालिएको छ । सामुदायिक वनमा कति आम्दानी हुन्छ भने । एउटा सालको रुख अहिले बजारमा लग्यो भने २ लाख रुपैयाँ पर्न जान्छ ।

हामी पनि त्यहि समुदायका मान्छे हौ र हाम्रो हक त्यहा कति छन् । प्राकृतिक स्रोत भनेको प्रकृतिले मान्छेलाई निशुल्क रुपमा दिएको उपहार जस्तै : हावा, पानी, जल, जंगल, जमिन आफ से आफ उत्पन्न भएको कुरा हो । यसमा जसले उपयोग गर्छ, जसले सम्हार गर्छ उसैको अधिकार हुनुपर्छ । तर प्राकृतिक स्रोतको सदुपयोग भएको छैन । हुनेखाने वर्गले मात्रै प्रयोग गरिरहेका छन् । सबैलाई समान व्यवहारमा पुऱ्याउनु पऱ्यो । जमिनमा आश्रित नहुनेको बाँच्ने आधार अर्कै हुन्छ । जमिनमा आश्रित मान्छेले जमिनको हक पाउनुपऱ्यो । हामीले, सबै नागरिकको जमिनमा हक हुनुपऱ्यो, सबैलाई बराबरी हक दिनपऱ्यो भन्न खोजेको होइन । जमिन चाहियो भन्ने जुन भूमिअधिकारको प्रश्न र सवाल छ ।

जो व्यक्ति जमिनमा आश्रित छन् । जमिनमा श्रम पसिना बगाउँछन् । उनिहरुलाई खेतिगर्ने जमिन चाहियो भन्ने हाम्रो माग हो । हामी त्यसका लागि काम पनि गर्छौ । हामी आफ्नो जमिन चाहियो भन्ने माग मात्र होइन अरु हामी जस्तै साथीहरुको जमिन चाहियो भन्ने मागलाई अगाडि बढाउन खोज्दै छौ । हामी कार्यकर्ता भनेको त्यहि हो । हामिले भूमिअधिकारका मुद्दालाई कसरी उठाएका छौ त ? यदि भेला गर्दै हिड्ने हो कि अरु पनि गर्ने हो । यो भूमिका मध्येको एउटा औजार यो पनि हो । भूमिअधिकारको सवाललाई देशभरी फैलाउने, भूमिहिनहरुलाई संगठित गर्न सहजीकरण गर्ने र भूमिहिन माथि भएको अधिकार हनन्को घटना विरुद्ध आवाज उठाउने । प्राकृतिक श्रोत माथि उपभोगताहरुको पहुँच पनि बढाउनुपर्छ जो त्यसमा आश्रित छन् त्यसलाई जल, जंगल र जमिनको आवश्यकता पर्छ त्यस्ता व्यक्तिहरुलाई जमिनको मात्रै सवाल लिएर हिड्यौ भने अफ पनि सफल हुने अवस्था छैन । त्यस्तै स्थानिय रुपमा शिक्षा, स्वास्थ्य साथै सामुदायिक वन उपभोक्तामा पनि अधिकार लिनुपर्छ भन्ने कुरालाई पनि सहजीकरण गर्नुपर्ने हुन्छ ।

हामी अधिकारको लागि लड्दैछौ । हामी अभियानमा लागेको कार्यकर्ता । हाम्रो आफ्नै अधिकारको कुरा खोज्ने त छँदै छ तर त्यो भन्दा महत्वपूर्ण जिम्मा लिएर हामी यहाँ आएका छौ । हाम्रो आफ्नो अधिकार मात्रै खोज्दैनौ, हामी तिम्रो अधिकार खोज्न पनि हामी बाटो देखाउछौ भनेर हामी यहाँ आएका हौं । सबै मानिसकेको अन्तिम अवस्थामा जुन एउटा शेष रहन्छ । त्यसको पनि अन्त्य भइसकेपछि सबै कुराको अन्त्य हुन्छ । जब आफू कहाँबाच्ने भन्ने उपाय मानिस सोच्न बाध्य हुन्छ भन्ने हो । रुखको महत्व कति छ भनेर देखाएको छ । वनले नै पानी दिदैछ, वनले नै जनावर हुर्काउदै छ ।

प्रकृति भन्ने जुन नेपाली शब्द छ यो ग्रिक भाषाबाट आएको हो । यसलाई अंग्रेजीमा Resource भनिन्छ नेपालीमा स्रोत भनिन्छ । यो प्रकृति श्रोत कसरी भयो । जल, जंगल, जमिन श्रोत कसरी भयो ? यो भएको प्रकृतिलाई पैसा बनाउन पाए सारा संसार जितिन्थ्यो भन्या हो नि । हामी यहाँ भित्र भएकाको मात्र कुरा गरेको छैन सिंगो समाजको कुरा गरिरहेको छौ । हामी सबैले के सोचीराखेका छौ भने यो प्रकृतिलाई बेचेर नोट बनाउन पाए मेरो जिन्दगी बन्थ्यो भनेका छौ तर एउटा आदिवासीले के भन्दियो भने पख है विचार गर, तिमीले नोट त बनाउला तर अन्तिममा त्यो खाएर तिमी बाच्दैनौ ।

हामी किन लड्न पऱ्यो भन्ने कुरालाई अलिकति विचार गर्ने हो भने, जुन दिन हामीले प्रकृतिलाई श्रोत बनायौ । एउटा भौतिक साधन बनायौ त्यो दिन देखि हाम्रो लडाई शुरु भयो । हामीले बाटो बिरार यहाँ आइपुगेका अब यो बाटो कसैले बिरायौ अब हामीले सच्याउनु पऱ्यो । कति सकिने यो हामी अभियानकर्ता भनेपछि हाम्रो काँधमा पनि जिम्मेवारी परेको छ भन्ने, बुझ्नु पऱ्यो । हाम्रो गाउँघरमा प्रकृतिलाई मान्छेले हेर्ने दृष्टिकोण पहिलेको र अहिलेकको समाजको दृष्टिकोणमा धेरै अन्तर आएको छ । पहिला मान्छेले प्रकृति भनेको मान्छेलाई बाँच्न, जिउन मद्दत गर्ने, सहयोग गर्ने भनेर बुझिन्थ्यो भने अहिले के बुझिन्छ यो बेचेर सम्पती बनाउने, पैसा बनाउने । प्रकृतिलाई साधनको रुपमा बेच्न मिल्ने, किन्न मिल्ने, पैसा बनाउन मिल्ने रुपमा लिन थालेपछि यो समस्या बढेको हो । यस्तो किन भयो ? हामीले अलिकति विचार गर्नुपर्छ । यहाँको मात्र कुरा छैन यो समग्र विश्व समुदायको पनि कुरा छ । मानवीय सभ्यताको विकास कममा अहिले हामी जे प्रविधी उपयोग गर्दै छौ, जे ज्ञान विज्ञानको कुरा गर्दै छौ यो प्रवृद्धिको विकाससंगै हाम्रो विपत्ती पनि थपिदैछ । प्रविधीको विकासले के

भयो भने यहाँहरुले सुन्नु नै भएको होला औधोगिक क्रान्ति । औधोगिक क्रान्ति भनेको उद्योगधन्दा, कलकारखाना बढाउनु ,मेसिनको काम बढाउनु , मान्छेलाई सजिलो होस भनेर ल्याएको, नराम्रो उद्देश्यले पनि ल्याएको होईन तर औधोगिकरण संगै हामीले प्रकृतिलाई प्रकृति भनेर बिर्सियौ ।

इतिहासको कुरा गर्दा हामीले प्रकृति र श्रोत-साधानको अन्तरलाई नबुझदा सम्म हाम्रो आन्दोलन कहाँ ठेगान लाउने भन्ने कुरा पनि पर्छ । यसरी हेर्दा प्रकृतिलाई हेर्ने खास दृष्टिकोणका कारण जसले त्यसलाई भौतिक साधन, किनबेच गर्ने बस्तु र नाफा कमाउने बस्तुको रुपमा हेर्न थाले पछि एकदम सिधै छ जसले लगानी गर्न सक्छ उसको हुन्छ सबै कुरा ।

प्रकृतिलाई प्रकृतिकै रुपमा रहन दिने हो कि यसलाई पैसाले किनबेच गर्ने हो ? हाम्रो पहिलो मान्यता के हो त्यसमा स्पष्ट हुनु जरुरी छ । किनभने हाम्रो नेपालको विगतलाई हेऱ्यो भने २०२१ साल देखिको भूमिसुधार ५० वर्ष भइसक्दा पनि यसको जुँघाको रेखी बसेको छैन । हुने छाँट केहि आएको छैन । त्यसको पछाडि यहि मर्मले काम गरेको छ पैसा । प्रकृतिलाई पैसा बनाउछु, सम्पती बनाउछु भनेपछि यो कुरा बल्झेको छ र अहिले प्रकृति माथिको अधिकार, श्रोत माथिको अधिकार पैसा हुने मान्छे, लगानी गर्न सक्ने मान्छे र यसलाई सम्पती बनाउन खोज्ने मान्छेको हातमा छ । हामी पनि त्यहि बाटो जान खौज्या हो भने हामी सफल हुँदैनौ । प्रकृतिलाई प्रकृतिकै रुपमा राख्ने र यसबाट फलाउने, फुलाउने, र बढाउने हो भने त्यो संभव छ ।

प्रकृतिलाई श्रोत र साधन बनायौ र फेरी पनि पैसा बनाउने हो भने, पैसा खाएर केहि हुदैन । हामी अहिले जे कुराको लागि लड्दैछौ पछि हाम्रो छोरा नातीले पनि त्यहि कुराको लागि लड्नुपर्छ । भूमि आन्दोलनको सबै भन्दा ठूलो बिष वृक्ष भनेको त्यहि हो । हाम्रो आन्दोलन किन भड्किन्छन् भनेर हेर्ने हो भने धेरै पर पुग्नै पर्दैन । हामी संगसंगै हिड्छु भनेकाले मनमा अर्कै कुरा बोकेर हिड्छन् । यसको रातो पुर्जा भेट्न पाए बेचेर फेरी झापा जान्थे भन्छ । हाम्रो सिंगो समाजको परिस्थितिले हामीले जसरी प्रकृतिलाई श्रोत साधन बनायौ यो मान्यताले हामीलाई त्यहाँ पुऱ्याएको छ । तर अबको लडाईमा हामीले यो कुरामा पनि स्पष्ट हुनुपऱ्यो कि यो जमिन, प्राकृतिक श्रोत यो मान्छेको उपयोगको लागि हो । पैसा बनाउनको लागि होइन ।

अभियानकर्ता हामीले बोलेको बिक्छ, हामीले बोलेको गाउँलेहरुले सुन्छन्, हाम्रो कुरा मानेर हामी संगसंगै हिड्छन् । तर हामी के भन्छौ ? हामीले प्रकृतिलाई कसरी हेर्छौ भन्ने कुरामा हामी स्पष्ट हुनुपर्छ । हामी अधिकारको आन्दोलनमा छौं । पहिलो मान्यतामा स्पष्ट भन्दा यसलाई श्रोत, साधान, बेच्ने कुरा बनाउने होइन । यो उत्पादन गर्ने, उपयोग गर्ने र जीविका चलाउने अधिकारका लागि हामी हो । जल, जंगल र जमिनमा हुने खाने धनी वर्गहरुको हातमा रहेको हुन्छ भन्ने कुरा आएको थियो । हाम्रो समाज वर्गिय छ । ३० प्रतिशत भन्दा बढी मानिस गरीवीको रेखामुनी छन्, गरीव छन् , विपन्न छन् , उत्पिडित छन् । ७० प्रतिशत मानिस छन् त्यी मध्ये धेरै काम चलाउ होलान् र ९ प्रतिशत अति धनी छन् सम्पतिका हिसाबले, शक्तिका हिसाबले ।

२०४६ सालमा आन्दोलन भयो र २०४७ सालमा स्थानिय चुनाव भयो । ४ हजार गाविसमा पुराना पञ्चहरु जम्मा १४७ जना तर ५७ मा पुग्दा थिए होलान् । कसैले कांग्रेसको झण्डा बोके कसैले एमालेको कसले मालेको कसैले माओवादीको । यो वर्गीय छ समाज माथिल्लो वर्ग र तल्लो वर्ग भन्ने छ । हामी कसको अभियानकर्ता ? तल्लो वर्गको । हामी स्पष्ट छौ नि यो कुरामा । यो समाज वर्गीय छ यसमा जे कुरा हुन्छ सबै वर्गीय हिसाबले हुन्छ । यहाँ हुने नीति निर्माण, राजनिति यो के गर्ने वा नगर्ने भन्ने कुरा वर्गीय रुपमा हुन्छ ।

प्रकृतिलाई कसरी हामी श्रोत र साधन मान्न बाध्य भयौ, त्यहि सिको गऱ्यौ र हामी अहिले कसरी यसलाई पैसाका हिसाबले लेनदेनको विषय बनाउदैछौ । हाम्रो देशको जुन सामन्ती राज्य व्यवस्था छ यो सामन्ती राज्य व्यवस्था आधुनिक हुदै जाने क्रममा यो प्राकृतिक श्रोत माथिको अधिकारको मुद्दाहरु उठ्दै आएको छ । हिजो हामी सबैलाई थाहा छ हाम्रो गाउँघरमा कर उठाउने, तिरो उठाउने जग्गाको सरकारलाई तिर्नुपर्ने दस्तुर उठाउने मुखिया, जिम्वालहरु सबैका गाउँमा छ । त्यो बाट मात्रै हेर्दा पनि राज्यले, टाँठाबाँटाले प्राकृतिक श्रोत

आफ्नो सत्ताको लागि उपयोग गरेको कुरा थियो । तर परम्परागत शैलीमा के थियो भने त्यो उपयोग गर्दा पनि हामी आ-आफ्नो पेशा व्यवसाय गरेर खाने मान्छेहरु, श्रमिकहरुलाई जमिन त्यति धेरै महत्वको कुरा हुने थिएन । यहाँहरु धेरैलाई थाहा छ होला हाम्रो पहाडको यो पेशाकर्मीहरुको कुरा गरेको अहिले देखि होइन सदियौ देखि जमिन नहुँदा पनि जीविका चल्ने थियो पेशाको हिसाबले तर अब त्यस्तो हुदैन । त्यस्तो नहुनुको दुइवटा कारण छ एउटा हाम्रो बिग्रदै गएको मन बेचेर पैशा आउँछ भन्ने अर्कोतिर समाज रुपान्तरित हुँदै जाँदा औद्यौगिकरण वा अरु विकासहरुले परम्परागत सीप, ज्ञानका कुराहरुलाई विस्थापित गरेको यी दुईवटा कारणले हो । हाम्रो बाँच्न पाउने अधिकारबाट बञ्चित भएका छौ । एकातिर त्यो छ भने अर्कोतिर हामी संगै यो आधुनिक राज्य जतिबेला नेपाल बन्यो । सिंगो नेपाल बने पछि भर्खर हामी तराई झरेका छौ तराई यो सबै जंगल थियो । जंगल भित्र आदिवासी समुदायहरु आफ्नो परम्परागत खेतीपाती गरेर, बनको पैदवार रुखहरु उपयोग गरेर खानेकुराहरु उपयोग गरेर आफ्नो जीविका चलाउथे तर सरकारले के गऱ्यो भने पहाडबाट आएका नेपालीहरुलाई वन फडाएर बसोबास बसायो । त्यसरी बसोबास बस्न थाले पछि अनि बल्ल हामी तराई आउन थालेका हौ । यसले के भयो भन्दा जमिनलाई हेर्ने दृष्टिकोणमा नै फरक भयो । संगै विभिन्न खाले आन्दोलन ०३५/०३६ को आन्दोलन २०४६ को आन्दोलन ०६२/०६३ को आन्दोलन पछि हाम्रो अधिकारको प्रश्न अलि अलि उठ्न थालेको हो ।




हामी कति आफ्नो जोगर, मेहेनेत र एक खालको दृष्टिकोण पुऱ्याउन सकेका छौ भन्ने प्रश्न भयो । यहाँ व्यक्तिगत दोषको कुरा भन्दा पनि हामी कहाँ छौ भन्ने कुरा मात्रै हो । अभियानकर्ता हामी परिवर्तनको कुरा गर्दैछौ, रुपान्तरणको कुरा गर्दैछौ, आफ्नो अधिकारको कुरा गर्दैछौ । यो कुरा गर्ने वित्तिकै हामीले तीनवटा कुरालाई विचार गर्नुपर्ने हुन्छ । भूमिअधिकारको आन्दोलनमा मात्रै होइन । जुनसुकै आन्दोलनकर्मीको कुरा गर्दा पनि तीनवटा कुरालाई संगसंगै लिएर जानुपर्ने हुन्छ । एउटा ज्ञानको कुरा अर्को शक्तिको कुरा र अन्त्यमा अभ्यासको कुरा । आज के हुँदै छ , किन हुदैछ, भोली कता जाने ,किन जाने । हाम्रो आन्दोलनहरु बेलाबेलामा किन भड्किन्छ । भूमि आन्दोलन मात्र नभएर देशको राजनितिक आन्दोलन, सामाजिक आन्दोलनहरु किन भड्किन्छन भनेर विचार गर्न आवश्यक छ । मुख्य कुरा अब के गर्ने भनेर थाहा पाउनु त पऱ्यो । अब यसलाई मोटामोटीरुपमा हेऱ्यौ भने समाजमा वर्गीय स्वरुप कस्तो छ , के छ भनेर थाहा पाउनु जरुरी छ । हामी भूमिअधिकारको अभियानको कुरा गर्ने हो भने । हाम्रो आफ्नै गाउँको, सिंगो समाजको वर्गीय स्वरुप, चरित्र के छ भनेर थाहा पाउनु जरुरी छ । हामीलाई साथ दिने को हो, को होइन, कसरी हो, किन हो अनि कहिले दिन्छु भनेको थियो । हामीले एउटा ध्यान दिनुपर्ने कुरा हाम्रो ज्ञानको क्षेत्र । हामी यदि आन्दोलनमा अभियानमा लाग्ने हो भने हामीलाई त्यसको लागि चाहिने आवश्यक ज्ञानको जरुरी छ ।

भूमिअधिकारको मुद्दालाई अझै प्रभावकारी बनाउन, अरुले सुन्ने बनाउन हामीले ज्ञानको क्षेत्रमा थुप्रै काम गर्न बाँकी छ । यो गर्न सकेनौ भने अबहामीले बोलुनजेल त ताली बजाउलान् तर भोली गएर यो बोकेर हिड्न कोहि सक्दैन । त्यसैले यो ज्ञानको कुरामा अलिकति जोड दिनु पऱ्यो भन्ने कुरा हो । अर्को शक्तिका कुरा छ । हाम्रो संगठनको सञ्जाललाई कसरी बढाउने, कसरी बलियो बनाउने । भूमि नीतिलाई हाम्रो पक्षमा कसरी प्रभाव पार्ने र अन्य सहयोगी संघहरुलाई हाम्रो सवालमा कसरी मिसाउने यी कुराहरुमा अभियानकर्ताको भूमिका आवश्यक छ । यी कुराहरु जबसम्म संगै हुदैन तबसम्म हाम्रो आन्दोलन टुङ्गिदैन । यस्तै संगठन निर्माण गर्ने, शिविर चलाउने, अगुवाहरु परिचालन गर्ने, प्रशिक्षण गर्ने आदि कामहरु गर्दै आएका पनि छौं ।

हामीले अभ्यसलाई विचार गर्नुपर्ने कुरा चाहि वास्तविक भूमि बिहिन पत्ता लगाउनु पऱ्यो । दोश्रो कुरा अन्य सरोकारवालाहरुसंगको सहकार्य । सामुदायिक वनसंग हामीले सम्वाद, छलफल, अन्तरक्रिया कत्तिको गरेका छौ

। भूमिहिनको सवाल हाम्रो देशमा निकै जटिल छ यसलाई कसरी समाधान गर्न सकिन्छ भन्ने बारेमा एउटा तर्क के उठीरहेको छ भने सामुदायिक वनको नियममा गरीव, विपन्न, भूमिहिनलाई समूहले प्रत्यक्ष फाइदा पुग्ने काम गर्नुपर्छ भनेर नीतिमा स्पष्ट किटान गरीएको छ । त्यसैले अब हामीले वन समूहसंग बसेर सुगुँरको पाठा होइन हामीलाई खेती गरेर खाने जमिन पनि चाहिन्छ भनेर भन्नुपर्‍यो ।

सिंगोमा हाम्रो सरोकार समुह को हुन् उनीहरुको आफ्नो चासो के हो उनीहरुको आफ्ना क्षेत्र के हो र हाम्रो सम्वाद र सहकार्य पुग्यो कि पुगेन भन्ने प्रश्न । अर्को कुरा के भने सामुदायिक वन यो समुहको हितको लागि वन संरक्षण गर्दै त्यसको उपभोग बढाउँदै गरीव र विपन्नलाई आर्थिक उपार्जनमा मद्दत गर्ने उद्देश्यसीत आएको हो र यो उद्देश्य माथि प्रश्न गरेर हामीले अधिकार खोज्ने । धेरै उदाहरणहरु सुन्यौ अभियानमा लाग्नु सजिलो छैन ।

## अभियानकर्ताको अनुभव तथा आफुमा आएको परिवर्तन

- अनारकली चौधरी, दाङ

आज भूमिअधिकरबाट बञ्चिबाट मुक्तिको लागि तपाईहरु जुन अभियानमा लागि रहनु भएको छ । त्यसरी नै म लगायत हाम्रा थुप्रै साथीहरु कमलरी मुक्तीको आन्दोलनमा लागेका छौ । कमलरी मुक्तीको आन्दोलन पनि भूमिसंग जोडिएको सवाल हो । भूमि नभएकै कारणले कमलरी बस्नु पर्ने अवस्था आएको हो । हाम्रो परिवारमा पनि भूमि नभएकै कारणले गर्दा २ वर्ष सम्म म जमिन्दारको घरमा कमलरी बसे । सानो छदा बुवाको मृत्यु भयो । भाई बहिनीहरु पनि साना थिए । बुवाको मृत्युहुँदा ५ हजार रुपैया ऋण लिएका थियौं । त्यही ऋणको कारणले कमलरी बसे । आमा बहिनीहरुले पनि त्यही घरमा बसेर काम गर्नु पर्ने थियो । २०५७ सालमा दाङमा एफएनसी खोलियो । ०५८ सालमा म कमलरीबाट मुक्त भए । मैले यही सस्थाको सहयोगबाट पढ्न पनि सुरु गरे । अहिले म १२ कक्षामा पढ्दै छु ।

एफएनसि, स्वान र प्लान नेपालको सहयोगमा हामीलाई कमलरीबाट मुक्त गरिएको थियो । दाङ जिल्लामा स्वानले कमलरी मुक्तीको अभियानलाई हेरेको छ भने । अन्य जिल्ला जस्तै बाँके, बर्दिया र कैलानीमा एफएनसी, कमलरी मुक्तीको लागि कार्यक्रम संचालन गरेको छ । यहाँ हामी २६ जिल्लाका अभियानकर्मीहरु जम्मा भएका छौ । कमलरी भनेको के हो भन्ने कुरा केहीलाई मात्र थाहा होला । कमलरी भनेको यस्तो हो की भूमि नभएकै कारणले कमैया बस्नु पर्ने, कमलरी बस्नु पर्ने अवस्था छ । एउटा बधुवा मजदुरको रुपमा अर्काको घरमा जिवन विताई रहेको हुन्छ । चर्को घाम वा झरी बादल वा चिसोमा समेत रातो दिन उनिहरु घोटिनु पर्छ । उनिहरु विरामी होस् वा नाहोस् खटिनै रहनु पर्ने हुन्छ । प्राय जसो चौधरी (थारु) जातका ब्यक्तिहरु अरुको घरमा कमलरी र कमैया बस्ने गरेको छ । मालिकले उनिहरुलाई श्रम शोषण गरेको हुन्छ । ज्याल न्युन हुन्छ । दाङ जिल्लामा कमलरीहरु मुक्त भएर कमलरी मुक्तीको लागि साझा मञ्च गठन गरिएको छ । त्यसमा म पनि सदस्य सचिव हुँ । हामी कमलरी मुक्ति अभियानमा लागि रहेका छौ । विभिन्न जमिन्दार तथा कमलरी राख्नेहरुको घरमा छापा मार्ने र मुक्त कमलरीहरुलाई सिपमुलक तालिम दिने कार्य गर्दै आएका छौ । समुदाय देखी जिल्ला तह हुँदै केन्द्रिय तहसम्म जनचेतना अभियानहरु संचालन पनि गर्दै आएका छौ ।

म अहिले एफएनसीमा मोटिभिटरको रुपमा पनि काम गर्छु । म जस्तै अरु बैनीहरुको लागि उद्धार गर्ने कर्तव्य निर्वाह गरेको छु । हामीत मुक्त भयौ । तर बैनीहरु अझै पनि अरुको घरमा काम गरिहेको अवस्था छ । हामी कमलरी राख्नेको घर घरमा गएर बैनिहरुलाई सम्झाउने मालिकलाई सम्झाउने गरेका छौ । हामी यो साझा मञ्चको टोली नै घर परिवारको स्थिति बुझ्ने, छापा मार्ने अभियानमा जुटेका छौ । साझा मञ्चले कमलरीहरुको लागी सिपमुलक तालिम पनि सञ्चालन गरेको छ । मञ्चको आफ्नै स्रोत त छैन । यसमा

प्लान नेपाल, स्वान र एफएनसी नेपालले सहयोग गरेको छ । हामीले सिपमुलक तालिममा बनेका केही सामाग्री बिक्री गरेर केही आर्थिक संकलन पनि गर्न शुरु गरेका छौ । धन्यवाद ।

- सिवप्रसाद पासी, बाँके

भूमिसुधार अधिकारीले जमिन्दारको पक्षमा निर्णय गरीसके पछि मैले त्यसलाई बदर गराए । त्यसपछि जमिन्दारले हामीसंग केही नलागे पछि जमिन्दारले भूमिसुधार अधिकारी माथी जिल्ला अदालतमा मुद्धा छिनो फानो नगरेको निहुमा मुद्धा लगाई दियो । मुद्धा लगाएको ६ महिना सम्म भूमिसुधार अधिकारीले मोहीको तर्फबाट तारिख बोक्यो । पटक पटक मलाई बोलाउँदै गऱ्यो तपाईले गर्दा मेरो जागिर जाने भयो । मैले उसलाई तपाईको जागिर जाँदैन । मैले अडान लिए कि पहिलेको मोहीको मुद्धा पनि छिनोफानो हुनुपर्छ । कि यो पनि रोक्नु पर्छ तारिख मात्र बोकाउनु पर्छ भन्ने कुराको अडान लिए पछि तारिख बोकिरहेको छ ।

श्रीमतीको हातमा लठ्ठी श्रीमान्को हातमा हलो । यो केहो भने २०६६ असारको महिनामा एउटा मुस्लिम जमिन्दारले मोही किसानको आएर जमिन जोतिदियो । यो पटक म बाली लगाउँछु । तैले लगाउन पाउँदैनस् भनेर धम्क्याएको कुरा सुने पछि म जमिन्दारकोमा पुगे जमिन्दारले मलाई । म तलाई भरुवा भन्दुगले गोली हान्छु । हुन्छ मैले भने, तेरो भरुवा भन्दुगमा तागत छ कि मेरो बोलीमा तागत छ । अनि त्यसको भोली पल्ट आएर म समुदायमा (राजारामपुर-९) मा मैले सल्लाह गरे । सल्ला अनुसार के भयो भने, राज्यको कानून अनुसार महिलालाई हरेक कुरामा प्राथमिकता दिन्छ, महिलाले कसैलाई आफ्नो विरुद्ध लागेमा १/२ झापड लगाए केही फरक पर्दैन भन्ने कुराको अनुभूति गराएर मैले के सल्लाह दिए भने श्रीमान्ले गोरु जोत्नु र श्रीमतीले त्यही  हातमा लठ्ठि लिएर बस्नु भने । भने अनुसार, जोत्ने बेलामा जमिन्दार पनि आएछ र जमिन जोत्नेले पनि भने अनुसार गरेछन् र हामी गाउँमा जमिन्दारले केही गर्ला भनेर तयारीका साथ बसेका थियौ । श्रीमतीले जमिन्दारलाई धम्क्यायो आज तैले यो जमिनमा खुट्टा हालिस् भने, मैले तिम्रो खुट्टा भाँचिदिन्छु भनेपछि जमिन्दार भाग्यो । त्यसैले मोहि किसानले यसपालि धान लगाउन सफल भयो ।

मैले २० हजारको चेक आफ्नो हातले गाविसबा बाट लिए । प्रक्रिया के हो भने, समुदायको आधारमा हामिले सामुहिक निवेदन पेश गरे । सचिवले भने, कदापी हुँदैन, दिनै मिल्दैन भन्यो । मैले ठिकै छ भनेर गाउँ फर्के । गाउँमा मैले सल्लाह गरे जुन दिन परिषद् हुन्छ, त्यस दिन हामी १००/१५० जनाको समुहमा गएर बस्ने हो । परिषद्को दिनमा विभिन्न दलका स्थानिय नेताहरु जम्मा भए हामी चुप रहेर बस्यौ । हाम्रो के सल्लाह थियो भने हाम्रो माग पुरा नगरे साझ सम्म परिषद् बिथोल्ने । तर हाम्रो ठुलो समुह देखेर नेताहरुले रु. २० हजार पास गरे । हामीले केही बोल्नु परेन ।

म मोही किसान हुँ । २०  वर्ष अघि देखी जमिन्दारले मोही जग्गा जोत्न दिएन हाम्रा बाबु बाजेलाई । म यो अभियानमा लागेर कुरा बुझ्दै जाँदा मोही हकको लागी कानून भित्र यो कुराहरु उल्लेख गरिएको छ भनेर । त्यस पनि जमिन्दारलाई मुद्धा हालियो । मुद्धा हालेको ३ महिना भित्र हामीले आधा मोही जग्गा लिन सफल भयौ । अनि मेरो झन् हिम्मत बढ्यो । मैले गाउँका सवै मोही किसानहरुलाई मुद्धा लगाऔं भनेर सल्लाह दिए । जमिन्दार विरुद्ध मुद्धा पनि हालियो । जमिन्दारले मलाई धेरै धम्क्यायो । मैले पनि धम्क्याए । म डराउने वाला पनि थिएन । हिजोको दिनमा मलाई कसैले पनि चिन्दैन थियो । यो गरिव केटोलाई किन मान्ने भनेर । तर आज मलाई ठुलाबढा धनि, गरिब सवैले मकहाँ सल्लाह लिन आउँछन् । म आज जिल्लाका एक दर्जन पत्रकार र नेताहरुलाई चिन्छु र उनिहरुले पनि चिन्छन् । उनिहिरुसंग सम्पर्क छ मेरो, घनिष्ट व्यवार पनि । त्यहा सम्म परिवर्तन आएको छ मेरो । धेरै कष्ट र समस्याहरु भोगे बन्दुकको नालको अगाडीबाट भाग्दै अन्य समस्याहरुलाई झेल्दै म यहाँ सम्म आएको छु । धन्यवाद ।

- सुमित्रा थापा, दाङ

म भूमिहिन परिवारमा जन्मेकी हुँ । मेरो परिवारमा बुबा, बहिनी र म गरि तिन जना छौ । २०६२ सालमा शिक्षक तालिममा सहभागी हुनको लागि नगरपालिकामा सिफारिस माग्दा एउटा जनजाती र गरिब भनेर सिफारिस समेत दिन मानेन । सिफारिसकै कारणले म त्यो तालिममा समावेश हुन सकिन । २०६३ सालमा भूमिअधिकार अभियानमा कृयासिल भए । भूमिअधिकार अभियानमा लाग्नुको मूख्य कारण हाम्रो परिवारमा जमिन थिएन । अर्काको जग्गामा सानो झुपडी थियो । मनमा एक प्रकारको डल त्रास सधै भैरहन्थ्यो । त्यसलाई कम गर्न र आफु जस्तै अरु सुकुम्बासीहरुको आवाजलाई बाहिर ल्याउन, उनिहरुलाई संगठित गर्नको लागि यो अभियानमा लागेको हुँ ।

म यो अभियानमा लागे पछि मेरो व्यक्तिगत रुपमा आएको परिवर्तन भन्नुपर्दा अहिले समाजमा भूमिहिन सुकुम्बासीहरु संग चित परिचित भएको छु । आफ्नाकुराहरु राख्न सक्ने भएको छु । मेरो घरमा आर्थिक स्थिति निकै नै कमजोर थियो । त्यसलाई माथि उकास्नको लागि केही रुपमा सहयोग मिलेको छ । घरमा बुबाको कुनै आम्दानीको स्रोत छैन । घरको सवै जिम्मेवारी मैले नै हेर्नपर्ने अवस्था छ । घरको जिम्मेवारी बहन गर्नको लागि पनि म यो अभियानमा लगेकी हुँ । यस अभियानमा मैले पाएको सहयोग स्वरुपले वि.ए. पनि पास गरे, बैनीलाई +२ पनि पढाएको छु । यो अभियानमा लागे पश्चात दाङ जिल्लाको भूमिहीनहरुको अवस्थाबारे जानकारी पाए । र उनिहरुलाई आफ्नो हक अधिकारबारे जानकारी गराई संगठित गराएकी छु ।

यो भूमिअधिका आन्दोलनमा संगठनका सदस्यहरुको सक्रियतामा हामीले विद्युतको पोल तथा तार टाँगी बत्ती बाल्न सफल भएका छौ । १२ जना महिलाहरुलाई आयआर्जन अर्न्तगत सिलाईबुनाई तालिममा सहभागी गराए । उनिहरुले एक महिनामा सिके वापत रु.५०० पाउने गरेका छन् । भूमिअधिकार अभियानमा लाग्दा २०६६ मंसिरमा हामी १५ घरले ऐलानी जग्गामा झुपडी हालेका छौ । अहिले सम्म अर्काको जग्गामा झुपडी हालेर बसि रहेका थियौ । भोलिको भूमिसुधारको व्यवस्था के हुने हो । त्यसैले हामीले बाँझो रहेको ऐलानी जग्गामा झुप्रो बनाएर बसेका छौ । भूमिअधिकार अभियानमा अभियानकर्ताको रुपमा काम गरे पश्चात दुई कट्ठा जग्गा खरिद गरि मेरै नाममा पास गरेको छु ।

सवैलाई विश्वास नहुन सक्छ यो अभियानमा मात्र लागेर खासै परिवर्तन हुँदैन । तर हामी जस्ताको पहुँच अरु क्षेत्रमा सम्भव पनि देखिएन । मैले यो अभियानमा लागेर जुन परिर्वतनहरु भएका छन् यो विषयमा मलाई गौरव पनि लागेको छ । मलाई समाजका व्यक्तिहरुले यो छोरी हैन छोरा हो भन्ने गरेका (छोराले मात्र हैन छोरीले पनि केही गर्ने) छन् । हामी सवैलाई विश्वास नगाले पनि यो अभियानले मलाई अगाडि बढाउनमा धेरै कोशिस गरेको छ । र यो अभियानमा निरन्तर लागि रहन्छु भन्ने प्रतिवद्धता पनि जनाउन चाहन्छु । धन्यवाद ।

- पवित्रा अर्याल, बर्दिया

२०६१ सालमा राष्ट्रिय भूमिअधिकार मञ्चले भूमिअधिकार अभियान संचालन गर्ने सिलसिलामा बर्दिया जिल्लामा पनि भूमिअधिकार अभियान संचालन गरिएको थियो । जसमा म २०६१ साल फागुन १० गते बाट भूमिअधिकार अभियानमा अभियानकर्ताको रुपमा रहेर काम गर्न थाले त्यसबेला देखी बास्तविक भूमिहिन भनेको को हो ? भन्ने कुराबाट कामलाई अघि बढाए म संगपनि धेरै जग्गा त छैन म ५ कट्ठाको जग्गा धनी हुँ । मेरो भन्दा बढी पीडा अरुको रहेछ । बास्तविक भूमिहिन त यो अभियानमा लागेपछि मात्र थाहा पाए । जो जमिनमा आश्रित छ, जो भूमिमा श्रम गर्छ, जसले त्यही भूमिबाट आफ्नो परिवार पाल्नुपर्छ । तर त्यही ब्यक्तिहरु जमिनका मालिक छैनन् । कुलो र खोलाको छेउछाउमा उनिहरु नै बस्नु पर्ने अवस्था आएको छ ।

विहान  खायो बेलुका के खाउँ, आज खायो भोली केखाउँ भन्ने अवस्था छ । मैले काम गर्ने सिलसिलामा त्यो ठाउँमा जव गए उहाँहरुको पीडा पोखिन थाल्यो । मेरो भूमि नहुँदा यस्तो भयो ।

हामी यही जन्म्यौ, यही हुर्क्यौं, मसंग मोही प्रमाणपूर्जा छ । तर नेपाली भएर पनि नागरिकता पाउन सकिरहेका छैनौ । बल्ल मलाई थाहा भयो कि भूमि र नागरिकता नहुँदा कस्ता कस्ता सम्सयाहरु भ्kेल्नु पर्दो रहेछ । त्यही अनुसार मैले भूमिअधिकार मञ्चले लगाए अनुसार संगठन निर्माण गर्ने देखी लिएर जिल्ला देखि केन्द्रिय तहमा आयोजना गरेको कार्यक्रममा सहभागि त भयौ । मैले गरेको कार्यक्षेत्रमा धेरै महमदपुरको मधेशी समुदाय हो । त्यहा धेरै संघ सस्थाले काम गरेका थिए । मधेही समुदायमा हामीले काम गर्न नसक्ने रहेछौ भनेर उनिहरुले हात झिकेका ठाउँमा म आज काम गर्दै छु ।

शुरुमा म त्यहाँ काम गर्न जाँदा, उहाँहरुले भन्नु भो यस्ता फारमहरु त धेरै नै भरिए । यस्ता सरसल्लाह गर्न धेरै मानिसहरु पनि आउनु भयो । तपाँई आउनु भएको छ, त्यस्तै होला । हामीलाई केही पनि नसोध्नुस् । हाम्रो पीडालाई नखोतल्नोस् भन्ने कुरा समुदाय बाट आएको थियो । धेरै छलफल पछि उहाँहरुलाई विश्वास दिलाए पछि त्यो समुदायको फारम भराउन सफल भइयो । बर्दिया जिल्लामा पहिलो च्योटी नागरिकताको सवालमा गाविस स्तरिय छलफल ऱ्याली गर्ने भनेको महमदपुर गाविस बाट शुरु गरियो । तर त्यसमा राज्यले नागरिकता दियो । मैले दिएको भन्न खोजको हैन । नागरिकताको सवाल जब उठाइयो । उहाँहरुले नागरिकता पाउनु भयो । उहाँहरु भन्नु हुन्छ, राज्यले दिएको हैन । भूमिअधिकार मञ्चको पवित्रा आर्यालै नै दिएको हो । हामिले राज्यले दिएको हो भन्दा पनि उहाँहरुले विश्वास गर्नु हुन्न ।

२०२२ सालमा महमदपुर गाविसमा ईन्द्रपुरमा धनिराम थारु भन्ने १०५ विघाको धनि थियो । सो धनिले आफ्नो काम गर्ने सिलसिलामा त्याहाँ भारतका १५ घर भूमिहिनलाई ल्याएर आफ्नो जग्गामा घरयासी काम गर्न राखेको थियो । उनिहरु बसेको ठाउँमा धनिरामले जग्गा बेच्न आँटे ति मल्लहरुले कमाएका केही रकम जम्मा गरेका थिए । त्यो पैसाले जग्गा किने । तर उनिहरु संग नागरिकता थिएन । नागरिकता नपाएपछि धनिराम थारुले पैशा लिई आफ्नै नाममा जग्गा राख्यो । उनिहरुलाई राजीनामा कागज गरिएको थियो । केही वर्षमा धनिराम थारु विते । उ वितेपछि उसका छोराहरुले त्यो जग्गामा बसेका नागरिकहरुलाई अव तिमीहरु यहाँबाट उठ अव तिमिहरुलाई बस्न दिदैनौ भनि २०६४ दशैको दिनमा उनिहरुलाई निकाल्न लाग्यो । त्यस पछि तुरुन्त हामीलाई खवर गरियो । हामी त्यहा गएर गाउँका अन्य बुद्धिजीविहरुलाई राखेर यिनीहरु लाई पहिले नै जग्गा दिएको हो भनि छलफल गर्दा । धनिरामका छोराहरुले भने, हामीलाई केही थाहा छैन । भए पनि पहिलेको सहमती होला यसको मूल्य पनि धेरै बढेको छ, हामी दिदैनौ भन्ने कुरा उवाहरुले गर्नु भयो । धेरै पटकको छलफल पछि र मल्लहरुले नागरिकता पाए पछि उनिहरुको नाममा ५/५ कठ्ठाको दरले जग्गा पास गरियो । त्यस पछि उवाहरु धेरै सन्तुष्ट हुनु भएको छ ।

भारदर नदिले छोडेको बगर जहाँ भारतबाट आएका मानिसहरुले तरकारी खेती गरेर उत्पादन गर्दथे उनिहरुको परिवारलाई पाल्न सजिलो भएको थियो । तर त्यहीका ब्यक्तिहरु त्यो जग्गा उभोग गरिरहनु भएको छैन मैले सोधे किन यस्तो भईरहेको छ । कस्ले यो काम लगाई रहेको छ । तपाईहरु मिलेर गर्नुहुन्छ की हुन्न भनेर छलफल गरियो । त्यहाँ १० विघा जग्गा थियो । हामीले त्यहाँ काम गरिरहेका ईण्डियाका ब्यक्तिहरुलाई राखेर छलफल गरियो । हामीले उनिहरुलाई भन्यो अव तपाँईहरुले यो जग्गा छाडिदिनोस् । यहीको भूमिहिनहरुले त्यो जग्गा उपभोग गर्न पाउनु पर्छ भन्ने हिसावले छलफल गऱ्यौं । छलफलपछि सहमति अनुसार त्यहीका भूमिहिन सुकुम्बासीहरुलाई कम्तिमा १० कठ्ठाको दरले १९ घर परिवारलाई जोतभोग गर्न लगाईयो । उवाहरुले तोरी, चना र मुसुरो लगाउनु भयो । त्यही नजिकै ५ विघा जग्गामा थप २५ परिवारले खेती गर्न सुरु गर्नु भएको छ ।

मुक्त कमैयाको लागि सुकुम्बासी बसेको जग्गामा धमाधम कित्ताकाट गर्न लाग्दा मुक्त कमैयाको नाममा सुकुम्बासीहरुलाई धमाधम हटाउने काम भईरहेको थाहा पाएपछि हामीले गाविसमा गई छलफल, अन्तरक्रिया र डेलिगेसन गयौ । स्थानिय तहमै सर्वदलित बैठक राखेर राज्यले अर्का व्यवस्था नगरुन्जेल सम्म यो बस्तीलाई उठाउन पाउनु हुन्न भन्ने कुरामा सहमति गरियो । त्यसैगरी भूमिअधिकार मञ्चको केन्द्रिय नीति नभएता पनि मोहमदपुर गाविसको भूमि पीडित कति हो त ? हामीले गरेका पटक पटकको छलफल, गाविस अन्तरक्रिया, कृषि औजार सहित शक्ति प्रर्दशन, जुलुस, र्‍याली प्रत्येक कार्यक्रममा गाविसका प्रतिनिधि पार्टी प्रतिनिधिहरुलाई समावेश गराउँथ्यौ । यहिआधारमा भूमिहिनहरुको तथ्यांक संकलन गर्‍यौ । प्रमाणिकरण गर्‍यौ । गाउँघरमा गएर को वास्तविक पीडित हो ? उनिहरु संग जमिन छ कि छैन ? के कारणले नभएको हो ? गाविस सचिव र पार्टिका अगुवाहरु नै गएर प्रमाणित गरायौ ।

अहिले ऐजानी जग्गाको नक्शा फिल्डबुक को आधारमा मालपोत कार्यालयबाट नक्सा लिई गाविसमा भिडाउने कार्य भएको छ । ऐलानी जग्गा खालि नराख्ने पनि सहमति भएको छ । धन्यवाद ।

- लिला वि.क, दाङ

*सासुले खोज्छिन दाईजोमा बनारसे साडी*
*ससुराले खोज्छन् दाईजोमा भैसीको पाडी*
*लोग्ने खोज्न् दाइजोमा मारुती गाडी*
*आमाले दिइन् छोरीलाई विना ऋण काडी*

*विहेगरेको एक महिनामा गयो लोग्ने छाडी*
*नन्दले भन्छिन् तेरो कोछ नक्कली राँडी*
*छोरीलाई शिक्षा नदिई बोक्नु पर्‍यो भारी*
*विचरीले विष खाई गई सन्सार छाडी*

मेरो जिन्दगी पनि यस्तै थियो । मैले एक कक्षा सम्म पनी पढेको थिईन । म गरिब परिवारमा जन्मेको थिए । मैले छोएको पानि चल्दैन थियो । मैले जमिन्दारको घरमा भाँडा माभ्के पनि, बाँडा चोख्यानलाई सुनपानी छर्कने गर्थ्यो । मैले त्येति खेर के बुझ्े भने पढे लेखेको मान्छे र जमिनहुनेहरु मात्र अगाडी बढ्ने रहेछ भन्ने लाग्यो । म बिभिन्न ईटाभट्टा मा जमिन्दारको घरमा काम गर्न बाध्य हुन्थे । विद्यालयमा गएर पिउनको काम गर्न माग्दा पनि हामी दलितले छोएको खान्नौ भनेर काम दिएनन् । त्यो अवस्थाबाट भूमिअधिकार आभियान पश्चात म आज सन्सार देख्न सक्ने उज्यालो तर्फ बढेको छु ।

मेरो विवाह २०५२ मा भएको हो । मैले तिनवटा बच्चालाई जन्म दिए । ति बच्चाहरुलाई जमिन्दारको गोठमा जन्म दिएकी हुँ । मेरो श्रीमान्ले विवाह गरेको ५ वर्षमा छाडेर ६ वर्ष सम्म हराउदा मेरो सन्सारमा कोही थिएन । अवस्था घाँटीमा पासो लगाएर मर्नु बाहेक केही थिएन । संकट काल थियो । नत मेरो अवस्था माओवादीले लग्ने अवस्था थियो नत माले, एमाले र काँग्रेसले नै चिन्ने अवस्था थियो । आज भूमिअधिकार मञ्च र जगतसरहरुले साथ दिएको हुनाले आज म विभिन्न ठाउँमा गएर बोल्न सक्ने भएकी छु । आज म पत्रकारसंग कुरा गर्ने, नापी, भूमिसुकारमा गएर बोल्ने, गाविसमा गएर कुरा गर्ने, बजेट हेर्ने पढ्न सक्ने भएकी छु । यसमा मलाई कुनै पार्टीको पनि भूमिका छैन । मात्र भूमिअधिकार अभियानको कारणले म यहाँ सम्म पुगेको हुँ ।

भूमिअधिकार मञ्चले भूमिहिनको लागि काम गर्ने भनेर यस अभियानले संगठन निर्माण नगरेको भए । म मात्रै हैन हजारौ दिदीबहिनीहरु त्यस्तै ठाउँमा रहेर पासो लगाएर मार्न बाध्य हुने थिए । दाङको सुमित्रा बैनीको यस अभियानमा लागेपछिको प्रगतिमा मैले पनि केही सहयोगहरु गरेको छु । उहाँमा आएको परिवर्तनमा म पनि खुसी भएको छु । यस्ता बहिनीहरुका लागि म आफु संग नभए पनि उनिहरुको जीवनमा परिवर्तन आवस् भन्ने हिसावले सघाइ रहेको छु । एकजान महिलाको विवाह गरेको १४ वर्ष सम्म सम्पत्ती खान्छे भन्ने हिसावले श्रीमान्ले नागरिकता बनाईदिएन । त्यसमा नगरपालिकाको ५ जना र मेरो रोहवरमा नागरिकता बनाई दियौ । उहाँले १० कट्ठा जग्गा पनि पाउन सफल हुनु भयो । १९ घरधुरी भूमिहिन परिवारलाई म आफु बसेको छेउ छाउमा बसाएको छु ।

एउटा विद्यालयमा गरिब तथा दलितका बालबालिका लाई निशुल्क पठाउनको लागि रु. ५ लाखको सहयोग लिई स्कुलमा पढ्न पठाएका छौ । मेरा चार जना छोरा छोरीलाई राष्ट्रिय भूमिअधिकार मञ्चको पोष्टर काटेर कपि बनाई दिएको छु । उनिहरुले त्यसमानै लेख्ने गरेका छन् । बच्चाहरुको पढाई पनि राम्रो रहेको छ । मलाई हिजो कसैले पनि चिन्ने थिएन भने, आज जमिन्दार अन्य अगुवा ब्यक्तीहरु समेत म संग नजिक हुन थालेका छन् । हिजो म संग जमिन्दारको जुठो थाल थियो । तर आज राष्ट्रिय भूमिअधिकार मञ्चको साथ पाएको छु । पढेर मात्र ठुलो मान्छे हुने रहेनछ । आज म दाङ जिल्ला मा आँखामा कालो पट्टी बाँधेर लगे पनि उनिहरु भन्दा कम हुने छैन भन्ने विश्वास छ ममा । खोलाको छेउमा मेरो ७ धुर जमिन छ । अहिले मैले २ कट्ठा जमिन किनेर आफ्नो नाममा पास गरेको पनि छु । आज म खुसी छु । र अझ पनि यो अभियानको साथ साथै आफु पनि परिवर्तन ल्याई अभियानमा लागि रहने छु । धन्यवाद ।

- रेणुका मल्ल, उदयपुर

हामीले महिला अधिकार मञ्चले महिलाका सवाल उठाउने क्रममा महिला अधिकार र भूमिअधिकार नङ र मासुको सम्बन्ध भएको सवैको महसुग भएको छ । यो क्षेत्रमा प्रवेश गर्दाखेरी सारै खुःसी महसुस भयो । अहिले सम्म पनि एउटा अम्बल खाएको व्यक्तिलाई नसा बसे जस्तो यो अभियानमा मलाई नशा बसीसकेको छ । म यो अभियानविना बाच्न नसक्ने अवस्थामा पुगेको छु । कारण भन्नुपर्दा जव म महिला अधिकारको क्षेत्रमा लाग्दा खेरी म आफै घरबार बिहिन हुनु पऱ्यो । जब कि एउटा महिलाले श्रीमान् संगको अवस्थालाई एक्लै त्यागेर बस्नु पऱ्यो । त्यस्तो अवस्थामा पनि मैले संघर्ष गरेर तपाँईहरु माझ आएको छु । म आफुले भोगको पीडा २०५२ को जनगणनाअुसार ५१% महिलाले भोग्नु नपरोस् । जव कि एउटा महिला गर्ववति हुँदाखेरी उसलाई माया र सद्भावको आवश्यकता पर्दा एकल अवस्थामा उसले जीवन विताउनु पर्ने त्यो दर्दनात्मक अवस्था र पीडा मैले सहेको छु । यो चोट मैले मेरो निम्ति मैले ब्यक्तिगत स्वार्थको निम्ति हैन समग्र नेपाली महिलाको निम्ति सहेको हुँ । आउँदा दिनमा यस्ता भोगाई महिला दिदी बहिनीहरुले भोग्नु नपरोस् भन्ने मैले कामना गरेको छु । यसरी नै सन्सार बदल्न आफैबाट सुरुवात गर्नुपर्छ किनकी सन्सार बदल्न आफैबाट सुरुवात गरेनौ भने हामी कहिले पनि अगाडी बढ्न सक्दैनौ । यसरी काम गर्ने अधिकारको सिलसिलामा उदयपुर जिल्लामा महिला अधिकार कर्मीले ज्यान पनि गुमाउनु भएको छ । जो अहिले नावालक बच्चाहरुलाई छोडेर खुकुरी र बञ्चरोले हानेर मारेको अवस्थाहरु छ ।

जव कि राज्यले कति सम्म बिभेद गरेको छ भन्ने कुराको सर्न्दभमा हामिलाई लाग्छ जवकी एउटा एकल महिलाको उमेरको हदबन्दी र राज्यले दिएको सेवा सुविधा पाउनको लागि ६० वर्षको उमेर हुनु पर्ने भनेको छ । तर राज्यले अर्को तर्फ महिलाको अस्थित्वलाई किनबेच स्वरुप एउटा विधवा महिलालाई विवाह गरेको ५० हजार तोकिदिएको अवस्था छ । यस्तो खाले निर्णयले चोक चोकमा बस्ति बस्तिमा, जाडो महिनामा घुर ताप्ने ठाउँमा समेत यो बहसको विषय बनेको छ । यो बहस उदयपुर लगायत अन्य ठाउँका महिला अधिकार मञ्च सहन नसकेर विभिन्न सरोकारवालाहरु संग बसेर अन्तरक्रिया राख्यौ । ध्यानकर्षण स्वरुप जिल्ला कार्यालय र

प्रधानमन्त्रि कार्यालयमा समेत हामीले पत्र पठायौ । के अर्थमा भने हामी महिलाको मुल्य तोकिनु हुँदैन । हामीलाई विवाह गरेवापत ५० हजार दिइयो भने, उमेर रहेका इच्छाएका महिलो विवाह गर्छन् । ६० वर्ष उमेर पुगेकी महिला छन् उनिसंग ४ वटा सन्तान छन् भने उसको जिम्मेवारी र ग्यारेण्टी सरकारले लिनु पर्छ । विवाह नै ठुलो कुरा हैन । विवाह गरेर पनि पछुताउने र नगरे पनि पछुताउने कुरा हो । किन कि मैले आफ्नै जिवनमा भोगेका भोगाईलाई भन्दै छु ।

महिलालाई एउटा सजावट सामाग्रीको रुपमा हेरेको पाईन्छ । सिरहा, सप्तरी, उदयपुर लगायत पूर्वाअंचलका जिल्लाहरुमा विशेषगरी दाइजोका कारणले महिलाहरुलाई मट्टितेल खन्याएर मारिएको छ । कोही पीडा सहन नसकी आत्महत्या गरेका छन् । हामी महिला आफै घरमा पनि सुरक्षित छैनौ । यतीवेला सवैले संवेदनशिल भएर सोच्नु पर्ने बेला के आएको छ । एउटा बैनि दाजुबाट बलत्कारी हुन्छे , छोरी बाबुबाट बालत्कारी हुन्छे यस्तो अवस्था छ । भोली यी मुद्दालाई लिएर सम्बन्धीत प्रशासनमा जाँदा के भै दिन्छ भने, घर परिवारको घटाना भन्ने भईदिने जस्ता चुनौतीहरु आएका छन् । आमीले काम गर्ने शिलसिलामा जहिले पनि ज्यान मार्ने धम्कीका कुराहरु आउँछन् । पित्रीसतात्मक सोचले जरो गाडेको अवस्था छ । यो स्थितिमा काम गर्दा हामीलाई धेरै कठिन पनि भएको छ । त्यसैले आज भूमिमा पनि महिलाको स्वामितव भईदिएको भए महिलाले यसरी आन्दोलनमा हामिनु पर्दैन थियो । महिलाको स्वमत्विमा शहरी क्षेत्रका १०% महिलाहरुसंग मात्र छ । तर त्यो पनि नाम मात्र आफ्नो हक अरुको छ । त्यस जग्गाको पछाडी उसका दाई, भाई, देवर ससुरा जस्ता व्यक्ति उभिएका छन् । त्यसको अन्त्य कहिले हुन्छ ? महिला अधिकार मञ्च र भूमिअधिकार मञ्चलाई जोड्ने पर्ने अवस्था यहा रहेको छ । यहाँ वनमा अध्यक्षको रोहवरमा काठ काटिन्छ भन्ने कुराहरु आयो तर महिलाको पनि बनमा अधिकार हुनु पर्छ भन्ने आवाज उठेन । म यसै गरि यो अभियानमा निरन्तरण लागि रहने प्रतिवद्धता जनाउँछु । धन्यवाद ।

**समुह छलफल**

**समुह नं. १ :** भूमिअधिकार आन्दोलनमा जुटेपछि अभियानकर्ता को रुपमा तपाइं आफैमा आएको परिवर्तन के हो ?

१ बोल्ने क्षमतामा बृद्धि ।
२ कला तथा प्रतिभाको बृद्धि ।
३ लेख्ने क्षमतामा बृद्धि ।
४ हकअधिकार खोजी तथा दावी गर्ने ।
५ समयको सही सदुपयोग गर्नेबानी ।
६ कुलत बानी व्यवहारबाट टाढा ।
७ निडर पन ।
८ आफुले खाएको भाँडा आफै माझ्ने ।
९ आत्मबल बढ्नु ।
१० सहनशिलता र धैर्य गर्ने बानिको विकास ।
११ पीडितहरुसंग घुलमिल भई बस्ने बानीको विकास ।
१२ भेदभाव तथा विभेदमा सुधार ।
१३ अन्यायको विरोध गर्ने बानी ।
१४ खानपान र लगाईमा परिवर्तन ।
१५ पक्ष र विपक्ष चिन्न सक्ने ।
१६ सहयोगी भावना ।
१७ पत्र-पत्रिका तथा समाचार सुन्ने ।

१८ सम्पर्क तथा समन्वय गर्ने बानी ।
१९ खेती गर्ने बानी ।
२० अरुप्रति सकारात्मक सोच राख्ने बानी ।
२१ समिक्षा गर्ने बानी ।

**समुह नं. २ :** यो छलफल पछि हाम्रो कामलाई अझै गहिराउन के कसरी काम गर्ने सोचाई वा योजना बनाउनु भएको छ ?

१ परिवेश विश्लेशणसहितको संगठन सुद्धधिकरण गरिने ।
२ स्थानीय स्तरमा श्रोतको खोजी र हक दावि ।
३ गाविस स्तरीय भूमिअधिकार मञ्च गाँउ परिषद संचालन गर्ने ।
४ १ अभियानकर्ताले १० महिला १० पुरुष गरी २० जना अगुवा कार्यकर्ता निर्माण ।
५ ऐलानी जग्गाको खोजी र सामुहीक खेती ।
६ सहकारी विकास अवधारणा ।
७ सदस्यता नविकरण तथा वितरण ।
८ स्थानीय स्तरमा आत्मनिर्भर संगठन निर्माण ।
९ राजनैतिक दलहरुसंग भूमिको सवालमा दोहोरो अन्तर सम्वाद गर्ने ।
१० भूमिअधिकार सम्बन्धी अधिकार हनन् का घटनालाई पत्रपत्रिका मार्फत जानकारी गराउने ।
११ अभियानकर्ताको क्षमता अभिवृद्धि तालिम ।

**समहुन नं ३ :** अभियान कर्ताहरुको व्यवहारिक समस्या के हुन् ? । कसरी फुकाउने ?
१ आर्थिक रुपमा पछाडि परेको । (हामी गरिब छौ)
२ भौगोलिक कठिनाई भएको ।
३ ज्ञान शिपको कमि ।
४ स्वतन्त्र रुपमा काम गर्न नसक्नु ।

**समाधानका उपाय**
१ मंहगी अनुसारको पारिश्रमिक र सेवा सुविधा हुनु पर्ने ।
२ आयमुलक र शिपमुलक तालिमको व्यवस्था गर्नुपर्ने । व्यवसाय संचालन गर्न इच्छुकलाई लगानी गर्न सहयोग गर्नुपर्ने ।
३ जिवन बिमा तथा स्वास्थ्य उपचारको ब्यवस्था हुनुपर्ने ।
४ अभियानकर्ताले पाईरहेको सेवा सुविद्यालाई कुनै पनि स्रोत सस्थाहरुले कटिदिनु भएन ।
५ भौगोलिक बनावटको आधारमा अभियानकर्ता बृद्धि गर्नुपर्ने ।
६ परिचय पत्रको व्यवस्था साथै झोला साईकल लगायत स्टेशनरी सामाग्रीको व्यवस्था हुनुपर्ने ।
७ अभियानकर्ताको सुनिश्चितता हुनुपर्ने ।
८ अभियानकर्ताको संचयकोषको व्यवस्था हुनुपऱ्यो ।
९ अभियानकर्ताको कामको मूल्यांकन गरी प्रोत्साहन गर्नुपर्ने ।
१० अभियानकर्ताको राष्ट्रिय सञ्जाल गठन गरिनु पर्ने ।

**समुह नं. ४ :** अभियानकर्ता (हामी) ले गरेका अन्यत्र फैलाउन लायक काम के-के लाग्यो ?
१ जनमुखी शिक्षा छलफल चौतारीलाई कृषि विकास कार्यालयमा समन्वय गराई दर्ता गरिएको छ ।

२ मानोमुठी गरेर २३ मुरी १५ पाथी ४ माना चामल, तरकारी लगायत आन्दोलन कोष संचालन गरी ६ दिन सम्म मालपोतकार्यालय र जिल्ला प्रशासन कार्यालयमा ६०० जना किसानको सहभागिता र व्यवस्थापन ।
३ सिन्धुपाल्चोक जिल्ला बाँडेगाउँ-४ को जनमुखी शिक्षा छलफल चौतारीले गाविसको २५% रकम महिला, दलित, जनजाती, र गरिबको नाममा खर्च गर्नुपर्ने माग गरेकामा १७,५०० का दरले सवै वार्डमा रकम विनियोजित भई ४ वटा वार्डमा कामको थालनी भएको ।
४ छलफल चौतारीमा छलफल गराई कुत रोकौ भनी निर्णय गरी साहुलाई बुझाउनु पर्ने कुत, भपाई नदिएकाले एकै ठाउँमा संकलन गरी राखेको छ । (किउल, इचोक, भिमटार र बाँडेगाउँ)
५ नवलपरासीका भूमिहिनले आफु बसोबास गरेको जग्गाको अवधारणापत्र गाविसबाट लिईएको ।
६ नवलपरासीमा भूमिअधिकार आन्दोलन पश्चात ५० घरधुरीको ऐलानी जग्गामा बसोवास, आन्दोलनकोष संकलन र बिजुली बत्ति, खानेपानीको धारा उपलब्ध गराएको ।
७ स्थानिय स्रोतको दावि (जिविसबाट रु. ५०,००० बजेट उपलब्ध भएको )
८ नवलपरासीका भूमिहिनले बाँझो जग्गामा तरकारी खेतीको सुरुवात गरेका छन् ।
९ नारायणपुरका भूमिहिनले चोघेरा गोरक्ष मिन्दरको राजगुठीको ठेकेदारसंग छुटाएर पीडितकिसानहरुले हाल जोत भोग गरिरहेका छन् ।
१० दाङका किसानहरुले स्थानिय दल, गाविस सचिव र पीडितहरुविच छलफल गरि आफुबसेको ऐलानी जग्गाको गाविसमा निवेदन दर्ता गरेका छन् ।
११ नारायणपुरमा मानोमुठी १५० केजी चामलसंकलन गरेर १३ वटा संगठनका १०४ जना अगुवालाई अगुवा प्रशिक्षण सिविर दिइएको ।
१२ बाँके रजेना-९ गोहवाका भूमिपीडित र अभियानकर्ताको नेतृत्वमा ५०० मिटर बाटो निर्माण गरी त्यसलाई ग्रावेल गर्न रु ६२,००० निकाशा गरिएको ।

**समुह नं. ५ :** अभियानकर्ताका बारिही चुनौती के के हुन् ? त्यसको सामना गर्न अव के नर्गे ?
१ जमिन्दार, अपराधिक क्रियाकलापमा लागेको तथा भूमिगत संगठनहरुबाट धम्की ।
२ प्लटिङ्ग, भूमाफियाहरुको चहलपहलता ।
३ छदम् सुकुम्बासी (सुकुम्बासी पेशा गर्नेहरु)
४ स्थानिय निकायमा जनप्रतिनिधि विहिन हुनु । कर्मचारीहरुको वेवास्ता ।
५ सामाजिक रितिरिवाजले रहन सहनमा असर पार्नु ।
६ स्रोत साधनको कमी हुनु ।
७ राज्यले वेवास्ता गर्नु । (भएका सहमतीहरु कार्यान्वयनमा नआउनु)

**सामना**
१ संगठन बलियो बनाउने ।
२ आवश्यकता अनुसार पीडित र सरोकारवाला विच अन्तरक्रिया गर्ने ।
३ सहि अगुवा पहिचान गर्ने ।
४ परिवेश विश्लेषण गर्ने ।
५ वास्ताविक भूमिहिनहरुको पहिचान गर्ने ।
६ सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।
७ स्थानिय स्थरमा क्रियाशिल राजनीतिकदलहरुलाई दावाव दिने । किसानको पक्षमा निर्णय गर्न लगाउने ।
८ अभियानकर्ताहरुको संजाल निर्माण गर्ने ।
९ स्थानिय स्रोत र साधनको खोजी गर्ने ।

**समुह नं ६ :** अभियानकर्ता आफैमा परिवर्तन हुनुपर्ने विषय के-के ? कसरी गर्ने ?
१ आर्थिक रुपमा आत्मनिर्भर हुनुपर्ने । बैकल्पिक उपायको खोजी ।
२ अभियानका लागि प्रतिवद्ध र ईमान्दारी हुनुपर्ने ।
३ अध्ययन र लेखनलाई बढाउनु पर्ने ।
४ पत्रकार, राजनीतिक दलका प्रतिनिधि सामाजिक आन्दोलनमा लागेका ब्यक्तिहरुसंग सम्पर्क, समन्वय बढाउने ।
५ आत्मबल बढाउने ।
६ सवाल प्रति स्पष्ट हुनुपर्ने ।
७ परिवेश अनुसारको भाषामा स्पष्ट हुनुपर्ने ।
८ छुवाछुत भेदभाव मुक्त व्यवहार हुनुपर्ने ।
९ क्षमता अभिबृद्धि जस्तै : सहजीकरण, प्रतिवेदन लेखन, पस्तावना लेखन, घटना अध्ययन लेखन, परिवेश विश्लेषण आदि हुनु पर्ने ।
१० चरित्रवान हुनु पर्ने ।

**समुह नं ७ :** अभियानकर्ता र उसको कामलाई प्रभावकारी बनाउन अव के के गर्ने ?
१ अभियानकर्ताको जिवन विमा ग्यारेण्टी गरिनुपर्छ । (सहयोगी संस्था)
२ अभियानकर्ताको सुरक्षा व्यवस्थाको ग्यारेण्टी गरिनुपर्छ ?
३ कानूनी शिक्षामा क्षमता अभिबृद्धि र कानूनी सामाग्री उपलब्ध हुनुपर्छ ।
४ भूमिअधिकार अभियान संचालन भएको जिल्लामा कानूनी सल्लाहाकारको व्यवस्था हुनुपर्छ ।
५ छलफलमा जाँदा पूर्व तयारीका साथ आवश्यक पर्ने छलफलका सामाग्री अनिवार्य रुपमा बोकेर जानुपर्ने
६ कार्यक्षेत्रको अभियानकर्ताले उत्तरदायि जवाफ देही हुनु पर्छ । (कार्यायोजना, सवाल)
७ अभियानकर्ताको न्यूनतम् आधारभुत आवश्यकता पूरा हुनेगरी सेवा र सुविद्याको व्यवस्था हुनुपर्ने ( मूल्यांकनको आधारमा)
८ संगठन समुहलाई सकृय बनाउन सिपमुलक र आयमुलक तालिमको व्यवस्था गर्नुपर्ने ।

**खुला सत्र :**
भूमिआयोग, सुकुम्वासी आयोग, सरकारी पहल आदिवारे जानकारी

## वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोग

<u>कार्य योजना- २०६६</u>

### १ परिचय
नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६५।८।२५ को निर्णयानुसार गठित उच्चस्तरीय भूमिसुधार आयोग, २०६५ लाई नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६६।६।२१ को निर्णयानुसार परिमार्जन गरि पूर्नगठन गरिएको छ । जस अनुसार पूर्नगठित आयोगको नाम **वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोग** कायम गरिएको छ ।

### २ आयोगको गठन
पूर्नगठित आयोगका पदाधिकारीको नाम देहाय अनुसार रहेको छ,

| | | |
|---|---|---|
| १ | श्री घनेन्द्र वस्नेत | मा. अध्यक्ष |
| २ | श्री कुमार वेलवासे | मा. उपाध्यक्ष |

| | | |
|---|---|---|
| ३ | श्री परमात्मा प्रसाद पाठक | मा.सदस्य |
| ४ | श्री छेदीलाल चौधरी | मा.सदस्य |
| ५. | श्री सोम प्रसाद भण्डारी | मा.सदस्य |
| ५ | श्री केदार प्रसाद चौधरी | मा.सदस्य |
| ६ | श्री सुरेन्द्र कुर्मी | मा.सदस्य |
| ७ | श्रीमती राधादेबी भट्टराई | मा.सदस्य |
| ८ | श्री ठाकुर सिंह थारु | मा.सदस्य |
| ९ | श्री विनोद चौधरी | मा.सदस्य |
| १० | श्री लक्ष्मी प्रसाद प्रसाई | मा.सदस्य |
| ११ | श्री कृष्णराज बि.सी. | सह सचिव |

**३ आयोगको कार्यक्षेत्र**

सामन्ती भू-स्वामित्वको अन्त्य गरी जोताहा किसानको अधिकार सनिश्चित गर्न र वैज्ञानिक भूमिसुधार कार्यक्रम लागु गर्ने प्रयोजनका लागि मुलुकमा उपलव्ध भूमिको समग्ररुपमा सुधारगरी यसको अधिकतम उपयोग गर्न आवश्यक अध्ययन विश्लेषण गरी खासगरी देहायका विषयमा नेपाल सरकारलाई सुझाव दिनु आयोगको प्रमुख काम कर्तव्य र अधिकार हुनेछ,

क) मुलुकको भूमिको स्थिति र यसको अधिकतम उपयोग र संरक्षणका उपायहरु,
ख) सामन्ती भू-स्वामित्वको अन्त्य गरी भूमिको बैज्ञानिक रुपमा उपयोग गर्ने उपायहरु,
ग) सुकुम्बासी तथा भूमिहिन किसानका र मुलुकको भूमि ब्यबस्थापनको समग्र समस्या पहिचान गरी समाधानका उपायहरुको सिफारिश,
घ) भूमिको उत्पादकत्व बृद्धि गर्न अपनाउनु पर्ने उपायहरु,
ङ) कृषिको उत्पादकत्व बृद्धि गरी रोजगारीका अवसरहरु सृजना गर्न अपनाउनु पर्ने उपायहरु,
च) भूमिको खण्डिकरण अन्त्य गरी चक्लाबन्दी कार्यक्रमलाई प्रोत्साहन गर्न अपनाउनुपर्ने उपायहरु,
छ) भूमिको बैज्ञानिक हदबन्दी र यसको कारण र आधारहरु,
ज) कृषिको सहकारीकरण, व्यावसायीकसण तथा औद्योगिकीकरणलाई प्रोत्साहन गर्न अपनाउनु पर्ने उपायहरु,
झ) भूमिको बैज्ञानिक रुपमा अधिकतम उपयोग गरी वास्तविक जोताहालाई अधिकतम लाभ पुऱ्याउन अपनाउनु पर्ने अन्य उपायहरु,

**४ आयोगको कार्य अवधि**

आयोगको कार्य अवधि आयोगको पूर्नगठन गरेको मितिले ६ महिनाको हुने उल्लेख भए अनुसार आयोगको कार्य अवधि भित्रै कार्य सम्पन्न गर्ने गरी कार्य संचालन गर्ने योजना रहेको छ ।

**५. कार्य संचालन योजना**

आयोगबाट तयार गरिने सुझाव प्रतिवेदन सत्य तथ्यमा आधारित र वस्तुपरक वनाउन देहाय अनुसारको कार्यविधि निर्धारण गरि विभिन्न चरणमा कार्य संचालन गर्ने योजना रहेको छ,

प्रथम चरण - सम्पूर्ण तयारी कार्य
दोश्रो चरण - सुझाव संकलन कार्य
तेश्रो चरण - अध्ययन विश्लेषण गरि मस्यौदा प्रतिवेदन तयारी कार्य
चौथो चरण - अन्तराष्ट्रिय अनुभव हासिल गर्ने साथै प्रतिवेदन अध्यावधिक कार्य
पाँचौ चरण - प्रतिवेदन अन्तिम रुप दिई नेपाल सरकारलाई हस्तान्तरण कार्य

उपर्युक्त पाँच चरणका कामको अतिरिक्त नियमित रुपमा सर्वसाधारण जनतामा भूमिसुधारको बारेमा रेडियो, टिभी, पत्रपत्रिकामार्फत प्रचारप्रसार गरी सचेतना/जागरण पैदा गर्ने, सुचना प्रवाह गर्ने र सुझाव सङ्कलन गर्ने ।

भूमिसुधार सम्बन्धी विभिन्न विषयमा बहस, छलफल चलाई साप्ताहिक/पाक्षिक वा मासिक रुपमा टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने ।

आयोगवाट भए गरेका कामका विवरण र त्यसका नतिजा समावेश गरी मासिक रुपमा Bulletion प्रकाशित गर्ने ।

**सुकुम्बासी समस्या समाधान आयोग गठन आदेश, २०६६**

**सुकुम्बासी** : भन्नाले जीविकाको लागि घरजग्गा जोड्न सक्ने सामर्थ्य नभएको , दैनिक जीवन गुजाराका लागि कुनै आयमूलक ठोस विकल्प नभएको र आफ्नो वा आफ्नो परिवार वा आंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपाल भित्र कुनै घर वा जग्गा नभएको आफ्नो वा आफ्नो परिवारका नाममा घर वा जग्गा जोडन सक्ने साधन र श्रोत नभएका भुमिहीन नेपाली नागरीक वा निजप्रति आश्रित परिवारलाई सम्झनु पर्दछ ।

**भूमिहीन** : भन्नाले आफ्नो वा आफ्नो परिवार वा अंशियारको नाममा जग्गा जमिन नभएको र कृषि कार्यमा श्रम गरी गुजारा चलाएको वा निम्नस्तरको ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने नेपाली नागरिक वा निजको परिवारलाई सम्झनु पर्दछ ।

**अव्यवस्थित बसोबास** : भन्नाले नेपालभित्र आफ्नो वा आफ्ना परिवारका नाममा अन्यत्र कतै घर वा जग्गा भए वा नभएपनि सम्वत २०५३ साल भन्दा अगाडि सरकारी जग्गा जोतभोग र घरबास गरी बसेको नेपाली नागरिक वा निजको परिवारलाई सम्झनु पर्दछ ।

**परिवार** : भन्नाले अंश नछुट्टिएको(एकासगोल) बाबु, आमा, पति, बाजे, बज्यै, छोरा, छोरी, छोराबुहारी, धर्मपुत्र र धर्मपुत्रीलाई समेत सम्झनु पर्दछ ।

**आयोगको काम, कर्तव्य तथा अधिकार :**

१ सुकुम्बासी समस्या समाधान सम्बन्धमा विगतमा गठित आयोग/समितिहरुबाट गर्न बाँकी रहेका अधुरा कार्यहरु यसै गठन आदेश बमोजिम जिल्ला समितिबाट सम्पन्न गर्जे गराउने ।

२ देशका विभिन्न भागमा छरिएर रहेका सुकुम्बासी, भूमिहीन तथा अव्यवस्थित बसोबासीहरुको पहिचान गरी तथ्यांक लिई लगत तयार गर्ने गराउने ।

३ यस गठन आदेश बमोजिम जग्गा प्राप्त गर्दा कुनै व्यक्ति व परिवारले झुट्टा विवरण पेश गरी जग्गा प्राप्त गरेका व्यहोरा समितिबाट छानबिन गरी बदरका लागी सिफारिस भै आएमा त्यस्तो जग्गाको वितरण कार्य वा र्निणय बदर गर्ने ।

४ मुलुकमा विधमान सुकुम्बासी समस्या सृजना हुनाका कारण र समाधानका उपायहरु - अल्पकालिन, मध्यकालिन र दीघकालिन) पत्ता लगाई कार्यान्वयनका लागी सिफारिस गर्ने ।

५ उल्लेखित विषयहरुको सम्बन्धमा कार्य सम्पन्न तथा सुझाव सहितको समष्टिगत प्रतिवेदन भूमिसुधार तथा व्यवस्था मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पेश गर्ने ।

६ यस गठन आदेशको दफा ५ को उपदफा (१)(ख) बमोजिमका सदस्यहरुका लागी राजनीतिक दल तोक्ने ।

७ यो आदेश कार्यन्वयनका सन्दर्भमा सम्बन्धित निकायहरुसंग समन्वय गर्ने ।

८ यो आदेश कार्यान्वयनको विषयमा आवश्यक सुचनाहरु जारी गर्ने ।
९ यो आदेश बमोजिम समय अगावै कार्य सम्पन्न भएका जिल्लाको समिति विघटन गर्ने ।
१० समितिको कार्य सञ्चालनको देखरेख, नियन्त्रण तथा अनुगमन गर्ने र समितिबाट प्राप्त हुनुआएका समस्याहरुको विषयमा आवश्यक निर्देशन दिने ।

**जिल्ला समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

१ जिल्लाभित्र रहेका सुकुम्बासी, भुमिहीन र अव्यवस्थित बसोबासी नेपाली नागरिकहरुको पहिचान गर्ने, लगत तयार गर्ने र यसको कारण पत्ता लगाई सो को समाधानका लागि अल्पकालिन एवं दीर्घकालिन उपाय सुझाव सहितको प्रतिवेदन आयोगमा पेश गर्ने ।
२ ऐलानी, पर्ती तथा चरैतिर नम्बरी जग्गा भएको सरकारी बाँझो जग्गाको पहिचान गर्ने, लगत तयार गर्ने/गराउने र सो लगत आयोगमा पेश गर्ने ।
३ विगतमा जिल्लाभित्र रहेका सुकुम्बासी, अव्यवस्थित बसोबासी र सट्टाभर्ना सम्बन्धी समस्या समाधान गर्नका निम्ति विगतमा नेपाल सरकारबाट भएका निर्णय अनुसार विभिन्न मितिमा आयोग वा समिति गठन भै ती आयोग/समितिबाट गर्न बाँकी रहेका अधुरा कार्यहरुको विषयमा देहाय बमोजिम गर्ने ।
(क) सुकुम्बासी, अव्यवस्थित बसोबासी र सट्टाभर्ना सम्बन्धी गठित आयोग/समितिबाट तयार भएका सम्पूर्ण कागजातहरु सम्बन्धित निकायबाट प्राप्त गर्ने ।
(ख) विगतका आयोग/समितिको कार्यक्षेत्र तथा काम कर्तव्य र अधिकार अनुसार भएका कार्यहरु नियमित गर्ने र कार्यान्वयन गराउने ।
(ग) विगतका आयोग/समितिको कार्यक्षेत्र तथा काम, कर्तव्य र अधिकार अनुसार सुकुम्बासी, अव्यवस्थित बसोबासी र सट्टाभर्ना सम्बन्धमा निवेदन परी कारवाहीको टुंगो लागी नसकेको निवेदन उपर सो अयोग/समिति गठन हुँदाका अवस्थामा तोकिएको काम, कर्तव्य र अधिकार बमोजिम कारवाहीको टुंगो लगाउने ।
४ जग्गाको सट्टा जग्गानै सट्टाभर्ना दिनेगरी राज्यले विभिन्न प्रायोजनको लागी अधिग्रहण गरेपनि सट्टाभर्नाका लागी आयोग वा समिति गठन नभएका कारण सट्टाभर्नामाजग्गा पाउनु नसकेका वा बाढी पैरोका कारण बसोबास तथा भोग गरी आएको जग्गा बेसावुद भई सुकुम्बासी हुनु पुगेको र सो को लागी आयोग वा समिति गठन नभएको अवस्थामा परिवारलाई निम्न बमोजिमको जग्गा निम्न परिमाणमा सट्टाभर्नामा वितरण गर्ने गराउने ।
(क) नेपाल सरकारको नाउँमा दर्ता भएको वा नभएको सरकारी जग्गा ।
(ख) चरैतिर नम्बरी जग्गा भएको सरकारी बाँझो जग्गा ।
(ग) मोही लागेको बाहेक भूमि सम्बन्धी ऐन २०२१ बमोजिम हदबन्दीबाट प्राप्त भएको वा जफत भएको जग्गा ।
(घ) नेपाल सरकारको नाउँमा दर्ता भएको अमानती जग्गा ।
(ङ.) व्यक्तिले आफ्नो निजी नम्बरी जग्गामा मिसाई भोग गरी आएको सरकारी जग्गा ।
(च) अधिग्रहणमा परी सट्टाभर्ना दिनु पर्दाका अवस्थामा अधिग्रहणमा परेको जग्गाको किसिमसंग मिल्ने गरी क्षेत्रफल बराबरको जग्गा र बाढी पहिरो पिडित परिवारको हकमा नगरपालिका क्षेत्रमा बढीमा ५ धूर वा २.२ आना र ग्रामीण क्षेत्रमा बढीमा ३ कट्ठा वा २ रोपनीसम्म जग्गा वितरण गर्ने ।
५ उपदफा (३) र (४) बमोजिम जग्गा वितरण गर्दा सरकारी कार्यलय,अस्पताल,शिक्षण संस्था, खेलमैदान र पार्क आदि जस्ता सार्वजनिक हीतका विषयहरुको लागी वतृमान र भविष्यमा आवश्यक पर्ने जग्गा छुट्याउने ।
६ सुकुमबासी,भूमिहीन, सट्टाभर्ना र अव्यवस्थित बसोबसीलाई वितरण गरिने जग्गाको सम्बन्धमा कारवाही गर्दा आवश्यकतानुसार देहाय बमोजिमको कार्य गर्ने-

(क) सीमामा यकीन गर्ने
(ख) नापनक्सा गर्ने
(ग) फिल्डबुक, प्लट रजिस्टर तयार गर्ने
(घ) जग्गाधनी दर्ता श्रेस्ता/प्रमाणपुर्जा तयार गरी प्रमाणित गर्ने
(ङ.) सट्टाभर्ना पाउने व्यक्तिको साविक जग्गा लगत कट्टा गरी नेपाल सरकारका नाममा दर्ता गर्ने
(७) यस गठन आदेश बमोजिम जग्गा प्राप्त गर्दा कुनै व्यक्ति वा परिवारले झुट्टा विवरण पेश गरी जग्गा प्राप्त गरेको व्यहोरा कसैको उजुर परी वा अन्य श्रोतबाट जानकारी प्राप्त हुनु आई छानबिन गर्दा झुट्टा विवरण पेश गरी जग्गा प्राप्त गरेको प्रमाणित हुन आएमा त्यस्तो जग्गा वितरण वा वितरण गर्ने गरी गरेको निर्णय बदरका लागि आयोगमा सिफारिस गर्ने ।

८ यो आदेश कार्यान्वयनका सन्दर्भमा सम्बन्धित निकायहरुसंग समन्वय गर्ने ।
९ यो आदेश कार्यान्वयनको विषयमा आवश्यक सुचनाहरु जरी गर्ने ।
१० यो आदेशमा उल्लेख भए बमोजिमको कार्य तोकिएको समय अगावै कार्य सम्पन्न भएमा सो को जानकारी आयोगमा पठाउने ।

**निवेदन सम्बन्धी व्यवस्था :** यस गठन आदेश बमोजिम सुकुम्बासी, भूमिहीन, सट्टाभर्ना र अव्यवस्थित बसोबासीले देहायको विवरणसाथ सम्बन्धित समितिमा निवेदन पेश गर्नु पर्नेछ-

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
(ख) हाल बसोबास गरी आएको व्यहोराको सम्बन्धित स्थानीय निकायको सिफारिस ।
(ग) पारिवारिक स्थितिको विवरण ।
(घ) पेशागत स्थितिको विवरण ।
(ङ.) अन्यत्र चल/अचल सम्पत्ती छ छैन ? भए सो को विवरण ।
(ज) परिवार तथा अंशियारको विवरण ।
(झ) सुकुम्बासी/भूमिहीन, सट्टाभर्ना र अव्यवस्थित बसोबासी हुनाको/पाउनु पर्ने विवरण ।

**८ निर्णय कार्यान्वयन :** आयोग/समितिको निर्णय कार्यान्वयन तथा आयोग समितिबाट सम्पादन हुने कार्यहरुको निरीक्षण र नियन्त्रण सम्बन्धित सदस्य सचिवले गर्ने गराउने ।

**निर्देशन दिनसक्ने :**

(१) भुमिसुधार तथा व्यवस्था मन्त्रालयले आयोग/समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।
(२) भुमिसुधार तथा व्यवस्था मन्त्रालयले दिएको निर्देशन पालना गर्नु आयोग/समितिको कर्तव्य हुनेछ ।

**आयोगको प्रतिवेदन तथा नेपाल सरकारसंग सम्पर्क :**

१ आयोगले आफ्नो कार्य पुरा गरी सुझाव सहितको प्रतिवेदन भुमिसुधार तथा व्यवस्था मन्त्रीमार्फत नेपाल सरकार समक्ष पेश गर्नेछ । यसरी आयोगले आफ्नो प्रतिवेदन नेपाल सरकार समक्ष पेश गरेपछि आयोग स्वत: विघटन हुनेछ ।
२ आयोगले नेपाल सरकारसंग सम्पर्क राख्दा भुमिसुधार तथा व्यवस्था मन्त्रालय मार्फत गरिनेछ ।

**१५ सरकारी निकाय/गैरसरकारी संस्थासंगको समन्वय र सहकार्य :**

(१) आयोग/समितिले नेपाल सरकारका निकायहरुबाट आवश्यक सहयोग माग गर्न सक्नेछ र त्यस्तो माग भएको सहयोग उपलब्ध गराउने कर्तव्य ती सरकारी निकायको हुनेछ ।

१ आयोगले भूमिसुधार तथा व्यवस्था मन्त्रालय मार्फत राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी तथा सामुदायिक संस्था ( NGOs, INGOss, CBOs) संग सहयोग लिन र सहकार्य गर्न सक्नेछ ।

१६ बाधा अड्काउ फुकाउने अधिकार : यो आदेश कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउन भुमिसुधार तथा व्यवस्था मन्त्रालयले आवश्यक आदेश जारी गर्न सक्नेछ ।

**अनुसूची-१**

(दफा ५ को उपदफा (२) संग सम्बन्धित जिल्लाहरु)

| | | |
|---|---|---|
| १ रौतहट | २ मोरङ | ३. सुनसरी |
| ४ सप्तरी | ५ सिरहा | ६ धनुषा |
| ७ महोत्तरी | ८ सलार्ही | ९ बारा |
| १० पर्सा | ११ मकवानपुर | १२ चितवन |
| १३ नवलपरासी | १४ रुपन्देही | १५ कपिलवस्तु |
| १६ दाङ | १७ बाँके | १८ बर्दिया |
| १९ कैलाली | २० कञ्चनपुर | २१ सिन्धुली |
| २२ उदयपुर | २३ सुर्खेत | २४ कास्की |
| २५ झापा | २६ अछाम | २७ रसुवा |
| २८ बाजुरा | २९ मुगु | ३० धनकुटा |
| ३१ बाजुरा | | |

**संविधानको मस्यौदामा के छ ?**

| प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँट समिति | मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति |
|---|---|
| **सम्पत्तिको हक :**<br>क) प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।<br>तर सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्ति वा संस्थाको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्दा कानुनबमोजिम उचित क्षतिपूर्ति दिइनेछ ।<br><br>ख) राज्यले वैज्ञानिक/क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागू गर्दा कुनै पनि व्यक्ति वा संस्थाको हदबन्दीभन्दा बढी जमिन कानुनबमोजिम अधिग्रहण वा प्राप्त गर्न सक्नेछ ।<br><br>राज्यका नीतिहरु<br>छ) सामन्ती भू-स्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्वन गर्ने, | **सम्पतिसम्बन्धी हक**<br>क) प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।<br>ख) प्रगतिशील करको मान्यताअनुरुप राज्यले व्यक्तिको सम्पत्तिमा आवश्यकताअनुसार कर लगाउन सक्नेछ ।<br>ग) सार्वजनिक हितका लागिबाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन ।<br><br>तर कुनै पनि व्यक्तिले गैरकानुनीरुपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन ।<br>घ) वैज्ञानिक भूमिसुधारको प्रयोजनका लागि भूमिहीन किसान तथा सुकुम्बासीलाई वितरण गर्न जमिन अधिग्रहण गर्दा वा उपधारा (ग) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकार सिर्जना गर्दा कानुनबमोजिम क्षतिपूर्ति दिइनेछ । क्षतिपूर्तिको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारण गरिएबमोजिम हुनेछ ।<br>ङ) भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको |

| | |
|---|---|
| ज) भूमिहीन सुकुम्बासी, कमैया, हलिया, हरुवा-चरुवा, कमलरीलगायत्का आर्थिक सामाजिकरुपले पछाडि पारिएका वा परेका वर्गलाई जग्गालगायत आर्थिक सामाजिक सुरक्षाको वैकल्पिक व्यवस्था गर्ने नीति लिने ।<br>झ) आर्थिक अधिकारमा महिलाको समान हक स्थापित गर्ने नीति अवलम्वन गर्ने । | आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा सहरी विकास गर्न राज्यले कानुन बनाई भूमिको नियमन र व्यवस्थापन गर्न सक्नेछ । |

**भूमिसम्बन्धी काम गर्ने आयोग तथा सरकारी कार्यालयहरुको सम्पर्क सूची :**

| नाम | ठेगाना |
|---|---|
| वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोग | गैरीधारा, काठमाडौं<br>फोन नं. ०१-४४१९५९९,४००४०१२, ४००४०१३<br>फ्याक्स १-४००४०१४<br>अध्यक्ष घनेन्द्र बस्नेत : ९८४१५१३७०८<br>ईमेल : hllrcnp@gmail.com |
| सुकुम्बासी समस्या समाधान आयोग | मिनभवन, काठमाडौं<br>फोन नं. ०१-४२६८४९७, फ्याक्स ०१-<br>ईमेल :<br>अध्यक्ष : गोपालमणी गौतम : ९७४७०१३७३१<br>सदस्य : सरेश नेपाल : ९८५१०१३४२३ |
| भूमिसुधार तथा व्यवस्था मन्त्रालय | सिंहदरबार<br>फोन : ०१-४२२५३६६, फ्याक्स : ०१-४२२०१०८<br>ईमेल : molrm@most.gov.np |
| प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति | संविधान सचिवालय<br>सिंहदरवार, काठमाडौं<br>फोन : ४२२७४८०,४२०००२१, ४२०००२००<br>फ्याक्स ४२२२९२३<br>ईमेल : natural resources@can.gov.np |
| भूमिसुधार तथा व्यवस्था विभाग | बबरमहल, काठमाडौं<br>फोन : ०१-४२२००२८, फ्याक्स : ०१-४२२०१०८<br>ईमेल : molrm@most.gov.np |
| नापी विभाग | काठमाडौं, मिनभवन<br>फोन : ०१-४४८३७१३, ४४८२७१३,फ्याक्स ०१-४४८२९५७<br>ईमेल : planning@sd.htp.com.np |

## एक्टिभिष्टा र आगामी अभियान

- राज रजक

हामीले विश्व खाद्य दिवको दिन (१६ अक्टोवर) थाल ठटाएर जुन अभियान गरेका थियौ । विभिन्न जिल्लामा आ-आफ्नो हिसावले उभिने, ऱ्याली गर्ने र रित्तो थाल ठटाई एउटा अभियान गरेका थियौ । सभासदहरुलाई भोकाहरुको मागपत्र समेत बुझाउनु भएको थियो । हामी अहिले जुन अभियानकर्ताको रुपमा काम गरिरहेका छौ, त्यसैले अभियानकर्ता (एक्टिभिष्ट) र एक्टिभिष्टा पनि मिल्दो जुल्दो नै छ । एक्टिभिष्टा भनेको एक्टिभिष्ट (

अभियानकर्ता) हरुको सञ्जाल हो ।  त्यही संग सम्बन्धीत हामीले हाम्रो गाउँ ठाउँ समुदायमा भूमिअधिकार आन्दोलनलाई अगाडी बढाई रहेका छौ । त्यसमा कृषिसुधार, खाद्यअधिकारको सवाललाई पनि संगै लिएर हिडेका पनि छौ । यस्ता खाले अभियान वा कुराहरु गर्दा कहि न कही हामिले भोगको कुरालाई पनि संगै लिएर गरएका छौ ।

अहिलेको सन्दर्भमा हामिले सुकुम्बासी, भूमिअधिकारबाट बञ्चित, मोही, साना किसान, मजदुरहरुको हितमा भूमिको कुरा गरिरहेका छौ । ति अधिकार विहिन व्यक्तिहरु भोका पनि त छन् । विहान खायो भने बेलुका के खाउँ भन्ने चिन्ता छ । त्यसैले यो भोक मुक्तीको अभियानमा हामी जस्तै युवाहरुको एउटा अन्तराष्ट्रिय संजाल रहेछ । उनिहरु भोक विरुद्धको अभियानमा लागेका छन् । त्यही सर्न्दभमा १६ अक्टोवरका दिन सन्सारभरका युवाहरुले एकै साथ विभिन्न खाले कृयाकलापहरु गरे । त्यसमा कसैले नारा लगाए, कसैले थाल ठटाए, कसैले सिठ्ठी यस्थाखाले आवाजहरु उठे । किन यस्ता खाले हो-हल्ला र युवाहरुले आवाज उठाए भने भोकको सवालमा यो विश्व मौन छ, चुप छ । सन्सारका शसाकहरु एकदम चुप भएर बसेका छन् । अव भएन अव त्यो जुन चुप-पाच छन् तिनिहरुलाई बिउँझाउनको लागि हल्ला गर्नु पर्छ भनेर त्यो एउटा संकेतिक विरोध स्वरुप त्यो अभियान गरेको थियो । यो अभियानमा नेपाल लगायत २५ वटा देशहरुमा १ वजेको समयमा यस्ता खाले अभियानहरु भएका थिए । हामीले १५ अक्टोवरको दिन काठमाडौंमा युवा सभासद् र ग्रामिण क्षेत्राबाट आएका भोका युवाहरु विच अन्तरक्रिया गरेको थियौ । त्यस कार्यक्रमको उदेश्य के थियो भने । अव बन्ने संविधानमा भोक र कुपोषणको मुक्तिको लागि र उनिहरुको खान पाउने अधिकारको  सुनिश्चितता हुनुपर्छ भन्ने थियो ।

भोक विरुद्ध अन्तराष्ट्रिय अभियान एक्टिभिष्टा युवाहरुको संजाल हो । यसमा २००६ देखी शुरु भएको हो । यसमा १८ वर्ष देखी ३५ वर्षसम्मको उमेर तोकिएको रहेछ । त्यो उमेरको विचका युवाहरु यो एक्टिभिष्टामा संगठित भएका छन् । हामीले पनि नेपालमा भूमिअधिकारको आन्दोलन र खाद्यअधिकारको आन्दोलन गर्दाखेरी भोक मुक्तिको आन्दोलनलाई हामी जोड्न सकिन्छ भन्ने हिसावले यहा प्रस्तुत गरिएको हो ।  युवाहरु नै किन यो अभियानमा लागेका छन् भने सन्सारमा जति भोका छन् त्यसमा ५०% युवाहरु नै भोका छन् । त्यसैले उ आफ्नो भोक मुक्तीको लागि लड्न सक्छ । त्यस मध्ये ५०% युवाहरु त बेरोजगार छन् । अहिलेको विश्व आर्थिक संकटले गर्दा अझ बढेको छ । बेरोजगारीको विरुद्ध लड्न पनि युवाहरु हरुनै लाग्नु जरुरी छ । यो सवाल पनि युवाहरुको नै हो । यस्ता खाले व्यक्ति हरु सबभन्दा बढि अफ्रिका र साउथ एसियाका मानिहरु छन् । त्यसैले अफ्रिका र साउथ एसियाका युवाहरु संगठित हुनु पनि जरुरी देखिएको छ । प्रत्यक्ष  रुपमा उनिहरु नै भोक र बेरोजगारबाट ग्रसित छन् । यदा कदा भन्ने गर्छन्, युवाहरु भनेको भविष्यको नेता हो । हामी देशको कर्णधार हौ भनि दावि गर्छौं । युवाहरुले त्यतिकै दावि गरेको हैन । युवाहरु वर्तमान र भविष्य दुवैको कर्णधार हो । सिर्जनसिलता भनेको युवाहरुमा छ । केहि गरौ भन्ने आँट पनि युवाहरुमा नै छ । अझ महत्वपूर्ण युवाहरुले नै अन्यायपूणशक्ति सम्बन्धलाई चुनौती दिन सक्छ ।

अभियानकर्ताको शक्ति-भूमिअधिकारको निम्ति हामिले जुन नारा भनेका छौ । त्यो सवै युवाहरुको शक्ति वा अभियानकर्ताको शक्ति हो । हाम्रो लडाई  भनेको अन्यायपूर्ण शक्ति सम्बन्धलाई तोड्ने हो । कसले तोड्ने सक्छ भने ईतिहाँसले दिएको छ, युवाहरुले नै तोड्न सकछन् । शक्ति निर्माणको प्रक्रियामा हामी छौ । किन शक्ति निर्माण गर्नु पर्‍यो भने देशभरीका शक्ति जडा गाढेर बसेको छ । आफ्ना प्रभाव फैलाएका छन् । त्यो अन्याय पूर्ण शक्तिलाई रोक्नको  लागि शक्ति निर्माण गर्न आवश्यक छ । शक्तिको कुरा गर्दा खेरी हामीले एक्ला उक्लै गर्न सक्दैनौ । भूमिअधिकार अभियानको शक्ति भनेको पनि संगठन हो । संगठन भनेको ठुलो शक्ति हो । संगठन बढाउनु विचार बढाउनु शक्ति हो । ज्ञान बढाउनु पनि शक्ति हो । शसक्तिकरण नै शक्ति हो । पहिला देखी जडा गाडेर बसेका शक्तिलाई तोड्नु पर्छ । त्यसलाई कसले तोड्न सक्छ त त्यसमा युवाहरुको भूमिका महत्वपूर्ण छ ।

युवाहरु भोटर पनि हुन्, नेता पनि हुन्, निर्णयकर्ता पनि हुन् । देशलाई जोगाई राख्नु उनिहरुको ठुलो भूमिका हुन्छ । त्यहि हिसावले लोकलाई भोक मुक्त बनाऔं भन्ने अभियानलाई लिएर हामी अगाडी बढेका छौं । अहिले WFP को प्रतिवेदन २००९ को अनुसार सन्सारभर १ अर्व ५ करोड मानिस भोका छन् । लोकलाई भोक मुक्त बनाऔ भन्ने अभियान संचालन गरिरहेका छौ र आगामि दिनमा यसलाई फैलाउने गैराने काम हरु गर्नुपर्ने देखिन्छ । एक्टिभिष्टाको लक्ष्य भनेको युवाकार्य र यसले अझ मजवुत गर्ने छ । २००९ मा हेर्दा १७ वटा देशमा छन् । २०१२ सम्ममा ५० वटा देशहरुमा फैलाउने लक्ष्य रहेको छ । अहिले १० लाख मानिसहरु संगठित छन् भने यसलाई बढाएर सन्सारभरिका ३० लाख युवाहरुाई संगठित गर्ने । यो सञ्जाल बनायो भने एउटा ठुलो शक्ति निर्माण हुन्छ र त्यो शक्तिले अन्यायपूर्ण शक्तिलाई रोक्ने काम गर्न सक्छ ।

भोक मुक्तिको उदेश्य भनेको अहिलेको सन्दर्भमा अफ्रिकन देशहरुमा भोकको डरलाग्दो भयानक स्थिति छ, खानै नपाएर मर्ने स्थिति छ । तर त्यस्तो स्थिति भने हाम्रो देशमा भईहालेको भने छैन । तर हाम्रो देशमा के छ त लुकेको भोक छ जस्तो गुणात्मक र मात्रात्मक खाना जस्तो : हामीलाई कति खाना चाहिन्छ ? एक छाकमा कति चाहिन्छ परिमाणकाको हिसावले । हामीले खाएको खाना कतिको गुणस्तरको छ । कतिको त्यसमा क्यालोरि पाईन्छ दुवै हिसावले हाम्रो सर्न्दमा विचार गर्दा हाम्रो स्थिति फेरी दयनिया छ । हुन त नेपालमा ३० लाखको हाराहारीमा भोकबाट प्रभावित छन् । तर खानको गुणस्तर र परणिमात्रमा विचार गर्ने हो भने स्थिति भयाबह छ । बढि भन्दा बढि ग्रामिण युवाहरुलाई यो अभियानमा संचालिन गर्ने । किन एक्टिभिष्टा महत्वपूर्ण छ भने, सन् २००० मा सहस्राब्दि विकास लक्ष्यमा एउटा लक्ष्य निर्धारण गरेछ । २०१५ सम्ममा MDG अन्तराष्ट्रिय ८ वटा लक्ष्य मध्ये १ नम्बरको लक्ष्यमा के रहेछ भने, २०१५ सम्ममा सन्सार भरिका भोकाहरुको सख्या ५०% कम गर्ने । २००० मा ८० कारोड यो लक्ष्य राखिएको तर २०१० सम्म आउँदा पनि बढेर १ अर्व ५ करोड बढेको छ । त्यो लक्ष्य पुरा हुँदैन । तर भयाबह स्थिति छ । लक्ष्य राख्नु एउटा र त्यो लक्ष्य अनुसार काम गर्न नसक्नुले अहिले यो स्थिति देखापरेको छ ।

भोकको राष्ट्रिय अन्तराष्ट्रिय देशहरुमा हेर्दा १७ गरिब देशका १ अर्व ५ करोड मानिसहरुमा आद्य असुरक्षाको स्थितिमा छन् । हाम्रो सन्दर्भमा नेपालमा भोकको कारण के होला त ? एउटा मुख्य कारण भनेको त भूमिमा जसले श्रम गरिरहका छन् उ नै भोको छ । सन्सार भरि भर्दा अर्काको पेश भरिदिने किसान नै आफु भोकको सिकार भएको छ । उ कुपोषणले ग्रसित छ । खाद्यन्न कसले उब्जाउँछ त यहि किसानले तर भोका को छ उनीहरु नै छनत् । जो श्रम गर्दैन उनिहरु चाहि भोका छैनन् कस्तो विडम्बना छ । यहाँ सवैले बाँच्न पाउनु पर्‍यो नि । भोको अन्त्यका लागि रोजगारीको कुरा, समान ज्यालाको कुरा हरु यी सवै महत्वको विषय हुन् । राष्ट्रिय अन्तराष्ट्रिय सन्धिहरु WTO का विभिन्न सन्धिहरु यि कारणले पनि भोकको स्थिति बढेर गएको छ । भर्खरै रोममा विश्व खाद्य समिति भएको थियो । र मौसम परिर्वतन सम्बन्धी कोपनहेगनमा सम्मेलन पनि भयो । तर युवाहरुको नजरबाट हेर्दा ति दुवै भेला असफल भएको लेखिन्छ ।

भूमिअधिकार अभियान संगै एक्टिभिष्टा अभियानलाई कसरी संगै लिएर जान सकिन्छ भन्ने चिन्तनमनन् गर्दा यि अभियानकर्ता संजाललाई लिन सकिन्छ । यो मञ्चमा हेर्दा सवै युवाहरुनै लागेका छन् । हामी अभियानकर्ता पनि छौ । यसैले भोक विरुद्धको अभियान र भूमिअधिकारको अभियानलाई साथै लिएर गयो भने सम्भव हुन्छ । यसको सवाल पनि मिल्दो जुल्दो नै छ । यो अभियानमा अवको योजना भनेको मे २०१० मा अभियानकर्ताहरुको लागि तालिम सञ्चालन गर्ने, अर्को एक्टिभिष्टा भएको देशमा सहस्राब्दि विकासको लागि सन्सारभरका नेताहरु सेप्टेम्बर २०१० मा बस्दैछन् । सन्सारभरका अभियानकर्ताहरुले के सोचेका छौ भने, १७ वटै देशहरुबाट एउटा एउटा चार्ट बनाउने र हामी युवाहरुको माग यो हो भनेर दवाव दिने । त्यसको लागि अगष्टमा भोक विरुद्ध यात्रा गर्ने ।

अहिले बालबालिको मृत्युदारलाई हेर्नु भयो भने ५५% को मृत्यु कुपोषणबाट हुनेगर्छ । तर राज्यले के गऱ्यो भने अहिलेको जम्मा बजेटको ७% बजेट स्वास्थ्यमा छुट्याएको छ । मृत्यु हुन्छ कुपोषणबाट तर बजेट कृषि र खाद्य मा २% मात्र छुट्याएको हुन्छ । स्वास्थ्यमा बजेट छुट्याउनै हुन्न भनेको होईन तर कुपोषणबाट मृत्यु हुन्छ त्यसैले कृषि र खाद्य मा पनि केही बजेट बढाउनु पऱ्यो भन्ने मात्र हो । जुन बच्चको मृत्यु कुपोषणबाट हुन्छ । त्यो मृत्यु घटाउनको लागि त पोषण चाहिन्छ नी । त्यहा पोषणको आवश्यकता छ । लगानी के मा हुनु पऱ्यो त भन्दा खाद्यन्नमा त्यो नगरेर राज्यले जम्मा २.७% मात्र बजेट छुट्याएको छ ।

## अभियानकर्ता सम्मेलनको संक्षेपीकरण र अभियानकर्ताको अवको कार्यभार

| क्र.स. | संजाल निर्माणको लागि जिल्ला बाँडफाट | अभियानकर्ताहरुको राष्ट्रिय मञ्च ( प्रस्तावित नीति तयारका लागि) |
|---|---|---|
| १ | धनुषा, महोत्तरी, बारा, सर्लाही, र मकवानपुर | रुपबहादुर विश्वकर्मा (सर्लाही)<br>ज्ञानु माझी (महोत्तरी) |
| २ | कैलाली, कञ्चनपुर, बैतडी र डडेल्धुरा | राजु कैनि (डडेल्धुरा)<br>प्रेम वि.क. (कैलाली) |
| ३ | सिन्धुपाल्चोक, रसुवा, पाल्पा, चितवन, नवलपरासी र रुपन्देही | अन्जु कुमाल (नवलपरासी)<br>रामबहादुर श्रेष्ठ (सिन्धुपाल्चोक) |
| ४ | बाँके, बर्दिया, दैलेख, सुर्खेत, दाङ र कपिलवस्तु | पवित्रा अर्याल (बर्दिया)<br>मानबहादुर गन्धर्व (सुर्खेत) |
| ५ | सिरहा, सप्तरी, उदयपुर, झापा, मोरङ्ग र सुनसरी | अनिता परियार (उदयपुर)<br>शंकर थारु (सुनसरी) |

## भेलाको निचोड

### भूमिअधिकार अभियानकर्ताको राष्ट्रिय भेलाका केही उपलव्धी, सहमती र योजना
### चिनजान, सम्बन्ध, आदानप्रदान

- २६ जिल्लाका १३० जना अभियानकर्ताबीच भेटघाट, चिनजान र अनुभव आदान-प्रदान भयो ।
- हामी अभियानमा एक्लै छैनौं, धेरै साथीहरु लागेका छौं भन्ने लाग्यो ।
- आफ्नो बुझाई, अभियान र उपलब्धीको अवस्था बुझ्न र महशुस गर्न सघायो ।
- आफ्ना दुख, सुख, आँसु र हाँसोको साटासाट अनि मनोरञ्जन पनि भयो ।
- सबै अभियानकर्ताको ईमेल आईडी र सूचना आदान-प्रदान
- अभियानकर्ताहरुको राष्ट्रिय मञ्च, नेपाल

*(यसको लागि पहिलो दिनको प्रस्तुतीका २ समूहबाट १ महिला र १ पुरुष गरी नियमावली र सम्मेलन आयोजनाको जिम्मेवारी)*

- आन्दोलनको स्थानीय र राष्ट्रिय परिवेश वारे जानकारी
- बुझाई बढाउने- ज्ञान निर्माण
- जनमुखी शिक्षा, खाद्य अधिकार, संविधानमा भूमी, भूमिअधिकार, संगठनबारे बुझाईको घेरो बढ्यो ।

- प्राकृतिक स्रोतको उपयोग र आन्दोलनबारेको हाम्रो बुझाई र मुल्यमान्यता जस्तो छ, हाम्रो काम र व्यवहार त्यसैले निर्देश गर्दछ ।
- अध्ययन, लेखन बढाउनुपर्‍यो । उपलव्ध सामाग्रीको अध्ययन भएन् ।
- समुदाय, संगठन, अभियानकर्तातहमा तयारी सहीतको सम्बाद चाहियो । विभिन्न अस्प्रष्ट विषयमा छलफल बढाउनु पर्दछ ।

**प्रक्रियामा आएको प्रष्टता**

- भूमिअधिकार र आर्थिक अभिवृद्दिको योजना, सबै संगठनमा
- स्थानीय परिवेशमा के कस्ता अवशर छन् ? केलाउने र त्यस्ता अवशर प्राप्तिमा सचेत कदम आवस्यक छ ।
- भित्री र बाहिरी सूचनाहरु, तथ्यहरु जम्मा गर्ने र सोही अनुरुप उपयुक्त अभियान उठाउने
- एक अभियानकर्ता(दश बलियो संगठन (परिवेश विश्लेषण, स्रोत केन्द्रको रुपमा)
- अगुवा निर्माणको सचेत प्रयास र जिम्मेवारी हस्तान्तरण ।
- विभिन्न सवालमा समुदायमा आधारित अभियान संविधानमा भूमि, व्यापक अभियान -फोन,
- लविङ्ग, लेख्ने
- वैकल्पिक परिषद सञ्चालन बारे

**अभियानकर्ता आफैं.....**

- के कस्तो अभियानकर्मी संलग्न छौं ? कस्ता मान्छे यस अभियानको कार्यकर्ता छन् ? (अनुभुती, घटना, आफैंमा आएको फरक)
- अभियानकर्ता वा जागिरे ? भन्नेकर्ता वा गर्ने कर्ता ? के हामी सबै अगुवालाई जागिरे बनाउन सक्छौं ? वा बनायो भने के होला ? भन्ने बारेमा छलफल भयो ।
- हरेक समस्याको समाधानको खाका केन्द्रिय सोचेर हुदैंन । परिवेश अनुरुप अभियान चाल्नुपर्दछ । समस्याको भारी बोकेर मात्र हुदैंन ।
- अभियानकर्ता र कुनै न कुनै भूमि र कृषिमा आधारित व्यवसायलाई कसरी अपनाउन सकिन्छ ? ( आन्दोलन टिकाउन, अरुले आएर परिवर्तन हेर्ने अवस्था बनाउन)

*अभियानकर्ता आफैं भूमिसुधार र कृषिसुधारको काम गर्ने र अरुलाई उत्प्रेरित गर्ने*

- अभियानकर्ताको काममा के कस्तो सहयोग आवस्यक छ ?त्यो कसरी दिने ? कसले गर्ने ? यसमा थप काम चाहिन्छ ।
- हाल क्षेत्रगत र क्रमश जिल्लागत अभियानकर्ताको सहकारी
- अभियानकर्ता सहयोग कोष खडा गर्ने (हाल क्षेत्रगत)

## केही शव्द बारे

- भूमि पिडित
- भूमिहिन किसान, सुकुम्वासी, कृषिश्रमीक, साना किसान, भूमिअधिकारबाट बञ्चित
- समिति( संगठन

- कव्जा - उपयोग

**तत्कालिन मुद्धाहरु**

- उठिवास, आगलागी, बनको धरपकड, उठीवास र बेदखलीरसंविधानसभाको चुनाव अगाडि बसेकालाई उठाउन
- नपाईने, जोतीरहेकाबाट निकाल्न नपाईने ।
- खेतीयोग्य जग्गामा गैरकृषि जन्य प्रयोजनमा तुरुन्त रोक लगाउने ।
- श्रीमानले श्रीमती र श्रीमती र श्रीमानको नाम आफ्नो जग्गाधनीपुर्जामा राख्न चाहेमा कुनै रजिष्ट्रेशन शुल्क नलाग्ने हुनुपर्ने ।
- मोही जग्गा बाँडफाँट रोकिएको छ । खुलाउन नयाँ विधेयक आउनुपर्दछ । यस्तो नयाँ विधेयकमा बाँडफाँटको अतिरिक्त नयाँ मोही कायम गर्ने व्यवस्था हुन आवस्यक छ ।

**भूमिसुधार कसले गर्ने ?**

- नीति बन्दैमा भूमिसुधार होला ? भूमिसुधारको कर्ता को हो ?
- हामी आफैं समुदायमा भूमिसुधारको अभ्यास गर्न सक्छौं । जग्गा कति छ ? भूमिहिन कति छन् ? कतै जग्गा कमाउने भन्दा जग्गा कमाउन दिने पो भूमिहिन हुने अवस्था पो छकी ? भूमिअधिकार, भूमिउपयोग र कृषिसुधार

*अनुसुची -१*

**गीत** :शरद चौधरी , अभियानकर्ता (दाङ)

*साथी हो अघि बढौं न विकासको पाइला चाली शिखर चढौं न ।*

हामी हौं किसान छैन घरबास
सधैंभरी अरुको किन मान्ने आस
*साथी हो अघि बढौं न ......................।*

गणतन्त्र आयो भन्छन खै कहाँ आयो नि
गरीबको दुःख चाँही रही नै रह्यो नि
*साथी हो अघि बढौं ..........................।*

हक-अधिकार लिन किसान हामी उठ्नुपर्छ
यो देशमा बाँच्नको लागि कम्मर कस्नु पर्छ
*साथी हो अघि बढौं न ...........................।*

**गीत** :दयाराम परियार, अभियानकर्ता ( बर्दिया)

भूमिबिनाको जीवन सोच्न सम्मानि म सक्दिन ।
संगठन बिनाको जीवन सोच्न सम्मानि म सक्दिन ।

कसले ल्यायो र भाग्यमा लेखी जमीन सबको साझा हो ।
काम गर्ने भोकै बस्ने काम नगर्ने बसि खाने ।
बरु जाओस हाम्रो जीवन आन्दोलन गर्न हामी छाडदैन ।
भूमि बिनाको जीवन .......................................।

**वीर बहादुर विश्वकर्मा** -खयरमारा, महोत्तरी

नउठी भएन तराई पहाड बासी हो ।
के हो त बाँच्ने आधार अधिकार नखोज्ने ॥

मागेर पाइदैन पु¥याउन कोही आउदैनन ।
आन्दोलनमा नजुटे अधिकार पाइदैनन ॥

झारे घारी फाँडेर, पर्ती बाँझो जोतेर ।
बाँच्नको लागि त्यही माटोमा लडभिड गरेर ॥

कस्को लागि जग्गा दिए सुकुम्बासी आयोगले ।
कस्को हितमा विकास गर्ने नेपाल सरकारले ॥

**डेउडा भाकाको गीत** : कैलाली, कञ्चनपुर

कालीको लड्कने माछो, कर्णालीका भेल
एकजुटभई अघि बढौं, भुमिहीनका खेल ।

डुडेभ्Eारी घटनामा, सात जना मरे
प्रशासनको आदेशमा, पुलिस पछि परे ।

डुडुभ्Eारी घटनामा, ठुलो क्षति भयो
भुमिहीन मराउने अखिल, आज कता गयो ।

२६ हजार टहरा जलाई दश वटा गाडी
जनजीवन अस्त व्यस्त नेपाल बन्द गरी ।

**ठाडी भाका डेउडा** : डडेल्धुरा, बैतडी
हात लाचार भाच्दा त्योपारि वनका दाउरा ।
सरकार तेरा लाग्दा हलिया अलपत्र परे ॥

कसैको पोत्या नाई कसैको सुनको हार ।
कसैको कोदो नाई कसैको बास्मती चामल ॥

**कविता " ए भूमिहीन हो "** : रेणुका मल्ल  उदयपुर

*ए भूमिहीन हो .......*
किन चुप लागेर बसिरहे छौ अहिले ?
आफ्नो आधिकार खोज्न
जुरमुराएर उठ्नै पर्छ तिमीले
यो शोषक र पापीको
जालमा फसेर जीवन बिताउनु मिल्दैन तिमीले
अन्यायको पर्दा च्यातेर
अगाडि बढ्नै पर्छ भूमिहीन तिमीले ।

*ए भूमिहीन हो ...........*
किन चुप लागेर बसिरहे छौ अहिले ?
यो संविधान लेखिने
अन्तिम घडीमा पनि आफ्नै मौलिक हक
अधिकार लेख्न बाध्य गराउँछौ कहिले ?
कुर्सीको मोहमा पौडीखेल्ने
नेताहरुलाई फाल्नै पर्छ भूमिहीन तिमीले ।

*ए भुमिहीन हो..............*
शोषक संग लड्ने साहास बटुल्नै पर्छ तिमीले

ए भूमिहीन हो उठौ जागौ एकजुट भएर
चुपलागेर बस्ने बेला छैन अहिले

*ए भूमिहीन हो........*
आधा नारी आधा पुरुष समेट्न नर्बिसनु तिमीले

**भुमिअधिकार** :मुकुन्द शिवाकोटी, झापा

नेताहरु सदनमा चौका, पञ्जा, छक्का, सत्ताको दाउ खेल्छन । भूमिहीनहरु सदियो देखि सडकको सडकमै आन्दोलित छ । राम्रा चिल्ला भाषण छाटेर चुनावका सपना देखाउछन, भूमिहीनलाई केवल भोट बैंकका रुपमा मात्र प्रयोग गर्छन । अहोरात्र भूमिमा पसिना बगाउँदा पनि छाक टार्न धौ धौ छ उनीहरुमा । राज्य आमको दायित्वबाट विमुख छ भूमिहीनको सवालमा ए नीति निर्माता हरु हो अबत तिमीहरुमा चेत खुल्नुपर्छ । अभाव, संघर्ष, दुःख हेर्छौ भने सुकुम्बासी बस्तीमा गई हेर । महल, तारे होटलमा बसेर दिवा सपना कहिले नदेखाउ । भूमिहीनको नारा लिई गैर भुमिहीनहरुले राजनीति गरिरहेका छन । भूमिहीन भने बर्षौ देखि उन्मुक्ति खोजि रहेका छन । एकमानो, एकसरो लाउने समस्याले ग्रसित छन उनीहरु । रोजगारी, अवसर, सेवा-सुविधाबाट वञ्चित छन भूमिहीनहरु । सुख सयल, मोज मस्ती, विलासिता पनि त मागेर होइन आधारभुत अधिकारका लागि लडदा लडदै पाएका यकिन छैनन । अन्याय अत्याचार शोषण, दमन सहेर अब बस्ने हैन भूमिहीनहरु । कुण्ठित बनाएका अधिकार खासेर लिनेछन उनीहरु । भूमिहीनको हक अधिकार शुनिश्चितता संविधानमै लेखिनु पर्छ । झापाका भूमिहीनको व्यथाको प्रतिकारमा कञ्चनपुर लडनुपर्छ । भूमिअधिकारका निम्ति अभियानकर्ताको राष्ट्रिय भेलाले शक्ति संचय गर्नुपर्छ ।

**छोरी, दुःखको भारी :** बसन्ती, उदयपुर

दुःखको भारी ति बन भरी किन हो छोरीलाई
आँसुको भारी जीवनभरी किन हो छोरीलाई ।

भाईले कुचो छोएमा भन्छन्, त्यो काम हो छोरीको
दाईले गाग्रो छोएमा भन्छन् त्यो काम हो छोरीको ।

घाँस र दाउरा मात्रै पो होकी छोरीको सन्सार ।
दुःखको भारी ति बन भरी किन हो छोरीलाई
आँसुको भारी जीवनभरी किन हो छोरीलाई ।

**अझै नी सामन्त गाको छैन है :** धनुषा

स्वतन्त्र हुनलाई पाको छैन है अझै नै सामन्त गाको छैन है २

समानताका कुरा गर्छन्, ठुला ठुला भाषण
भूमिहिनले पाका छैनन् चलाउनलाई शासन ।
हिडौन अव त हामी खुलेर, सन्देश दिनलाई गाउँ गाउँ डुलेर २

दिनभरी मेला पात मजदुरी गर्नेहरु हो,
सोसकको शासन सही आँसु पुछि बाँच्नेहरु हो ।

उठौन लाग्यौ न कम्मर कसेर, पाईदैन अधिकार चुपचाप बसेर २
आकासको जुन जस्तै अध्यारोलाई चिर्दै हिड्यौ
समाजको बैरी संग जगजन्त भई गर्जौं ।
उठौ न जुटौ न संगठित हुँदै, भूमिअधिकारको नारा घन्काउँदै २

पन्छाउने लक्ष्य हाम्रो विकृति र बदलहरुलाई
हटाउने छौ समाजको अन्याय ति संस्कृतिलाई ।
बस्दैनौ समाजमा शिर झुकाई, लड्ने छौ भूमिहिन मुठ्ठी उठाउँदै । २

कहिल्यै पनि नलेखिएका भूमिहिनका राम्रा कुरा
संविधान कहिले बन्ध अनि हुन्छ माग पुरा ।
निर्णय पुस्तिका च्यातिएका छन्, सुकुम्बासी भूमिहिन तातिएका छन् । २
अब बन्ने संविधानमा भूमिहिनका कुरा समेट्नु पर्छ ।

**सहभागीहरु :**

| क.स. | नाम | जिल्ला | फोन नम्बर |
|---|---|---|---|
| १ | आशा राम चौधरी | दाङ्ग | ९७४११०७१२९ |
| २ | मनोज कुमार पासवान | सिरहा | ९८४२८४१६९५ |
| ३ | राम सेवक राम | सिरहा | ९८०४७३०५६४ |
| ४ | मीना यादव | दाङ्ग | ९८४७८७१५८० |
| ५ | मेघ बहादुर वि.सी | दाङ्ग | ९७४५००९६० |
| ६ | सुमित्रा थापा | दाङ्ग | ९८४७८४५७८३ |
| ७ | शरद चौधरी | दाङ्ग | ९८४७९२१५६६ |
| ८ | सूर्यप्रकाश चौधरी | दाङ्ग | ९८४७८६२८३७ |
| ९ | प्रमोद कुमार साह | धनुषा | ९८०४८१९२७९ |
| १० | जुग्मानी चौधरी | दाङ्ग | ९८४७९३२३४४ |
| ११ | उमकला कुमाल | पाल्पा | ९८४७१०३१९४ |
| १२ | अनारकली चौधरी | दाङ्ग | ९८४७८९८५०४ |
| १३ | शिव प्रसाद भट्टराई | उदयपुर | ९८४२८४१५१६ |
| १४ | रुपा विश्वकर्मा | पर्वत | ९८४७७००८०८ |
| १५ | सुमित्रा माझी | सुनसरी | ९७४२०१९५३१ |
| १६ | कमला श्रेष्ठ | सुनसरी | ९८४२१०४४५४ |
| १७ | लक्ष्मी चौधरी | सुनसरी | ९८४२१०४४५४ |
| १८ | देवी अधिकारी | झापा | ९८४२६२६३१० |
| १९ | मुकुन्द शिवाकोटी | झापा | ९८४२६५५१७४ |
| २० | गीता सिवा | मोरङ्ग | ९८४२१०५८६४ |
| २१ | अग्निमाया मेचे | झापा | ९८०४९१२०८५ |
| २२ | सावित्री चौधरी | सुनसरी | ९८४२२२१९६८ |
| २३ | राधा भट्टराई | सुनसरी | ९८४२१८३७९० |
| २४ | लक्ष्मी रोक्का | झापा | ९८४१७१३६६० |

| | | | |
|---|---|---|---|
| २५ | धनपति सापकोटा | गैंडाकोट | ९८४५३३०५१९ |
| २६ | लिला विक | दाङ्ग | ९८४७८५४२७ |
| २७ | अर्जुन तिमील्सीना | गैंडाकोट ७ | ९७४५०४१९८८ |
| २८ | जगविर चौधरी | दाङ्ग | ९८४७८२९५८६ |
| २९ | सुनिल चौधरी | दाङ्ग | ९७४८५०११०२ |
| ३० | विष्णु प्रसाद चौधरी | दाङ्ग | ९८४७८६५५१८ |
| ३१ | नारायण माझी | मकवानपुर | ९७४५०२९०५१ |
| ३२ | शिव प्रसाद पासी | बाँके | ९८४८०२७३८४ |
| ३३ | सामसुरत रैदास | बाँके | ९८४८०४६५३३ |
| ३४ | घनश्याम बानियाँ | नवलपरासी | ९८४७१५३६७५ |
| ३५ | रामवहादुर श्रेष्ठ | सिन्धुपाल्चोक | ९८०३८९५२७० |
| ३६ | विमला गजुरेल | सिन्धुपाल्चोक | ९७४११५९९१२ |
| ३७ | सुरेन्द्र राज मल्लिक | नवलपरासी | ९८४१२९१७१३ |
| ३८ | रामलखन हरिजन | नवलपरासी | ९८०७६२१४३४ |
| ३९ | बिर बहादुर वि.क. | महोत्तरी | ९८०४८७२७६५ |
| ४० | प्रकास पासवान | महोत्तरी | |
| ४१ | पाण्डव अधिकारी | सिन्धुपाल्चोक | ९७४१०२४८०८ |
| ४२ | सानुमाया तामाङ्ग | सिन्धुपाल्चोक | ९८०८०११२७५ |
| ४३ | इन्दिरा न्यौपाने | सिन्धुपाल्चोक | ९७४११८१६५२ |
| ४४ | सुष्मा न्यौपाने | रसुवा | ९७४११८६६३५ |
| ४५ | ज्ञानु माझी | महोत्तरी | ९७४४०१४५६४ |
| ४६ | पवन कुमारी सदाय | सिरहा | ९८४७८९०१२ |
| ४७ | उर्मिला निरौला | सप्तरी | ९८०४७९२२६५ |
| ४८ | हेमा हरिजन | नवलपरासी | ९८४७०६६८०८ |
| ४९ | चित्ररेखा सिंह | सर्लाही | |
| ५० | राम सुन्दरी महतो | धनुषा | ९८०४८४७७१७ |
| ५१ | पवनदेवी महतो | धनुषा | ९८०७८४७४९७ |
| ५२ | अनिता सिंह | सर्लाही | ९८४४१०२५४४ |
| ५३ | पार्वती पासवान | महोत्तरी | ९८४४१२२०२६ |
| ५४ | अन्जु कुमाल | नवलपरासी | |
| ५५ | संतोष घिमिरे | धनुषा | ९८४४०३७३२४ |
| ५६ | कल्पना कडारी | धनुषा | ९८०४८३४८६८ |
| ५७ | मेनुका भट्टराई | धनुषा | ९८४४११३१९३ |
| ५८ | लक्ष्मी परियार | धनुषा | ९८४४०४९७४६ |
| ५९ | विनिता काफ्ले | धनुषा | ९७४३०११००६ |
| ६० | बसन्ती राई | उदयपुर | ९८४७२५६६७७ |
| ६१ | माया थापा | नवलपरासी | ९८४७०६५६६४ |
| ६२ | पबित्रा न्यौपाने | नवलपरासी | ९८४७२९१२१५ |
| ६३ | सुशिला गुरौ | नवलपरासी | ९७४७०४९७५८ |
| ६४ | सन्जु सापकोटा | नवलपरासी | ९८४७२१४१९४ |
| ६५ | बिजु खाँण | नवलपरासी | ०७८६९२२०९ |

| | | | |
|---|---|---|---|
| ६६ | गोमा देवी पाण्डे | नवलपरासी | ९८४८०८३९९८ |
| ६७ | जसविर वड | बाँके | ९८४८१०९५१८ |
| ६८ | बिर बहादुर बम | बाँके | ९७४८०२४३५८ |
| ६९ | फुन्नीलाल थारु | बाँके | ९७४१०३६८१५ |
| ७० | मधुसुदन सापकोटा | सिन्धुपाल्चोक | ९७४१०३६८१५ |
| ७१ | पदम बहादुर बिश्वकर्मा | सुनसरी | ९८४२१०४६२७ |
| ७२ | टोल बहादुर | नवलपरासी | |
| ७३ | अर्जुन वन | नवलपरासी | ९८४५०८१६२० |
| ७४ | भिमबहादुर बोटे | नवलपरासी | ९८४७१२१९५० |
| ७५ | जवालसिंह तिरुवा | कैलाली | ९७४९०१९९०३ |
| ७६ | गणेश पौडेल | नवलपरासी | ९८०३२८८५३९ |
| ७७ | प्रेम वि.क. | कैलाली | ९८४२४२२० |
| ७८ | खुशीराम चौधरी | कैलाली | ९७४९००६९१८ |
| ७९ | भागरथी वि.क. | कैलाली | ९८४८४९८२४७ |
| ८० | चन्दा वि.क. | कैलाली | ९७४९५०५०३१ |
| ८१ | ललिता पुरी | बाँके | ९८४८०३४७५६ |
| ८२ | राजु कैनी | डडेल्धुरा | ९८४८७६६९२८ |
| ८३ | रामसेवक चौधरी | सुनसरी | |
| ८४ | सुभराम माझी | नवलपरासी | ९७४९५०१९३८ |
| ८५ | महेश वड | बैतडी | ९७४९५०३८५० |
| ८६ | चेत नेपाली | बैतडी | ९७४९५०३८५० |
| ८७ | दानि राम तिगी | बैतडी | ९८४८७४०४५५ |
| ८८ | चक्रबहादुर दमाई | डडेल्धुरा | ०९६६९०४१२ |
| ८९ | शंकरलाल थारु | सुनसरी | ९८४२२६२३३० |
| ९० | इन्द्र लामा | सर्लाही | ९८४४०९१६७१ |
| ९१ | रुपबहादुर वि.क. | सर्लाही | ९८४४०९७०२४ |
| ९२ | रामराज खतिवडा | सर्लाही | ९८४४०४८३८७ |
| ९३ | शुभराज चौधरी | दाङ्ग | ९८४१५७५८३६ |
| ९४ | पुर्णकुमार बोहोरा | नवलपरासी | ९८४७२३८१५१ |
| ९५ | रामअवतार हरीजन | नवलपरासी | ९७४७०४१७२४ |
| ९६ | जगत देउजा | सिन्धुपाल्चोक | ९८५१०१५१४५ |
| ९७ | वीरभद्र सापकोटा | नवलपरासी | ९८४५०५३२३१ |
| ९८ | राजकुमार हरिजन | रुपन्देही | ९८०६९३३४४५ |
| ९९ | रघुविर गुरुङ्ग | नवलपरासी | ९८४७१२१३०० |
| १०० | कल्पना कार्की | सिन्धुपाल्चोक | ४३६०४८६ |
| १०१ | कुमार थापा | सिन्धुपाल्चोक | ४३६०४८६ |
| १०२ | चाहाना चित्रकार | काठमाण्डौ | ४३६०४८६ |
| १०३ | सुमबहादुर वि.क. | गैंजकोट | ९८०७२०१०६६ |
| १०४ | राजकिशोर रजक | चितवन | ९८४५१७८९६२ |
| १०५ | रेणुका मल्ल | उदयपुर | ९८४२८३७७३२ |
| १०६ | अनिता परियार | उदयपुर | ९८४२८७६४३४ |

| | | | |
|---|---|---|---|
| १०७ | विष्णुकुमारी राई | उदयपुर | ९८४२८६१५५४ |
| १०८ | धना खड्का | बर्दिया | ९८४८०३५६९६ |
| १०९ | दयाराम परियार | बर्दिया | ९८४८०८२९७३ |
| ११० | कमला शर्मा | बर्दिया | ९८४८१३२५९३ |
| १११ | पविता अर्याल | बर्दिया | ९७४८००४४४१ |
| ११२ | होमेन्द्र थापा | बर्दिया | ९८४८१३२०४० |
| ११३ | फुल कुमारी थारु | बर्दिया | ९८४८१४५५२१ |
| ११४ | विमल घिमिरे | नवलपरासी | ९८४७१२६९२१ |
| ११५ | ज्गन्नाथ अधिकारी | काठमाण्डौ | ९८४१२९१४४४ |
| ११६ | जगत बस्नेत | सिन्धुपाल्चोक | ४३६०४८६ |
| ११७ | केवलप्रसाद वोटे | नवलपरासी | ९८०३७४११०९ |
| ११८ | रमेश काफ्ले | नवलपरासी | ९८४५११४३२५ |
| ११९ | टीका वोहोरा | कञ्चनपुर | ९८४८४९७८६० |
| १२० | ममता सुनार | कञ्चनपुर | ९८४८७५९८०२ |
| १२१ | डम्बर कुमारी कटुवाल | दैलेख | ९८४८०७८४९४ |
| १२२ | विमला श्रेष्ठ | सुर्खेत | ९८४८१६८३८४ |
| १२३ | निर्मला चौधरी | सुर्खेत | ९८४८१२०५५२ |
| १२४ | मान बहादुर गन्धर्व | सुर्खेत | ९७४८०२५१७३ |
| १२५ | जितेन्द्र कुमार योगी | दैलेख | ९८४८०७२२९१ |
| १२६ | कमला कुमारी थापा | दैलेख | ९८४८००९८२ |
| १२७ | कृष्णा पोखरेल | सुर्खेत | ९८४८११९१४७ |
| १२८ | चन्द्रा चौधरी | सुर्खेत | ९८४८१३९१०२ |
| १२९ | रगम बहादुर | सुनसरी | |
| १३० | विमला घिमिरे | नवलपरासी | ९८४७१२६९२१ |